# पहिलो अध्याय

## शोधप्रस्ताव

### १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक ***इतिहासपरक नेपाली समालोचना*** रहेको छ ।

### १.२ शोधार्थीको पूरा नाम

दुर्गामणि गौतम

### १.३ शोधकार्यको प्रयोजन

यो शोपत्र स्नातकोत्रर तहको आंशिक परिपूर्तिका लागि दसौंपत्रको प्रयोजनार्थ तयार पारिएको छ ।

### १.४ विषयपरिचय

औपचारिक रूपमा यज्ञराज सत्यालबाट २०१७ सालदेखि आरम्भ भएको इतिहासपरक नेपाली समालोचनाले हालसम्ममा लगभग साढे चार दशकको यात्रा पार गरिसकेको छ । पृष्ठभूमिका रूपमा साहित्यकारको अन्वेषण गरी तिनका साहित्यिक कृतिहरूलाई प्रकाशनमा ल्याउने काम मोतीराम भट्टदेखि नै थालिएको पाइन्छ । सं. १९४८ को **कवि भानुभक्ताचार्यको जीवनचरित्र** देखिको नेपाली साहित्यको इतिहास खोज्ने क्रम हालसम्ममा निकै गतिशील बनिसकेको छ । यज्ञराज सत्यालदेखि तारानाथ शर्मा हुँदै आजसम्म आइपुग्दा यसले विविध मोडहरू पनि पार गरिसकेको छ । फलतः नेपाली समालोचनाको एउटा क्षेत्रका रूपमा इतिहासपरक नेपाली समालोचनाले स्थान जमाएको छ ।

## १.५ समस्याकथन

निम्नलिखित समस्याहरूमा यो शोधपत्र केन्द्रित रहेको छ ।

क) इतिहासपरक समालोचनाको परिचय कसरी दिन सकिन्छ ?

ख) इतिहासपरक नेपाली समालोचनाको गति कस्तो रहेको छ ?

ग) इतिहासपरक नेपाली समालोचनाको मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

## १.६ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) इतिहासपरक समालोचनाको परिचय दिनु,

ख) इतिहासपरक नेपाली समालोचनाको इतिहास केलाउनु,

ग) इतिहासपरक नेपाली समालोचनाको मूल्याङ्कन गर्नु ।

## १.७ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको इतिहास केलाउने क्रममा औपचारिक रूपमा यज्ञराज सत्यालबाट यात्रा आरम्भ हुन्छ र हालसम्म विविध समस्याहरूसँग जुध्दै यसले गतिशीलता लिन्छ । यो यात्राको क्रममा विविध विद्वान्हरूले फुटकर लेख र पुस्तकाकार कृतिहरूमार्फत आफ्ना अभिव्यक्तिहरू दिएका छन् । केही प्रमुख विद्वानहरूका अभिव्यक्तिको सङ्क्षिप्त अभिरेखाङ्कन यसरी गर्न सकिन्छ :

क) यज्ञराज सत्याल (**नेपाली साहित्यको भूमिका,** २०१७) ले कालविभाजन, कालक्रम, जीवनी र मूल्यानिर्णयमार्फत नेपाली साहित्यको प्रारम्भिक इतिहास लेख्ने काम गरेका छन् ।

ख) तारानाथ शर्मा (**नेपाली साहित्यको इतिहास,** २०२७) ले नेपाली साहित्यको गहन इतिहास लेख्ने काम गरेका छन् । साहित्येतिहास-लेखनको सैद्धान्तिक मापदण्डमा खरो उत्रिन सफल शर्माले आफ्नो गहन अध्ययन र खरो समालोचकीयतामार्फत् आफ्नो तार्किक अभिमत प्रस्तुत गरेका छन् ।

ग) शरदचन्द्र शर्मा (नेपाली साहित्यको इतिहास, माध्यमिक काल, २०३७) ले खेरजान लागेका ऐतिहासिक सामग्रीहरूको खोज अन्वेषण गर्ने सम्पादन गर्ने र त्यसलाई ऐतिहासिक ढाँचामा राखेर मूल्याङ्कन गर्ने कार्य गरेका छन् ।

घ) नेराप्रप्रद्वारा २०३४ सालमा आयोजित **बृहत् साहित्य भेला** मा अञ्चल-अञ्चलका प्रतिनिधिहरूले प्रस्तुत गरेका प्रतिवेदनहरू ऐतिहासिक दृष्टिले महत्वपूर्ण मानिन्छन् ।

ङ) दयाराम श्रेष्ठ र मोहनराज शर्मा (**नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, २०३४) ले विवरणात्मक रूपमा नेपाली साहित्यको ऐतिहासिक सर्वेक्षण गरेका छन् ।

च) रामप्रसाद दहाल (**सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरूको परिचय,** २०५४) ले व्यापक रूपमा नेपाली साहित्यको इतिहास केलाउँदै साहित्यकारहरूको परिचयसमेत दिएका छन् ।

छ) चूडामणि बन्धु (नेपाली साहित्यको इतिहास, प्रथम खण्ड, २०६०) ले इतिहासपरक नेपाली समालोचनामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने काम गरेको छ ।

ज) राजेन्द्र सुवेदी (नेपाली समालोचना परम्परा र प्रवृत्ति, २०६१) ले तुलनात्मक र विश्लेषणात्मक रूपमा विधागत इतिहासको समष्टिगत स्वरूप प्रस्तुत गर्ने काम गरेको छ ।

यसरी हेर्दा नेपाली साहित्यको इतहिास लेखनका क्रममा विविध वैयक्तिक तथा संस्थागत प्रयासहरू भएका छन् । यी प्रयासहरू इतहिासपरक समालोचनाको मापदण्डअनुसार कत्तिको उपयुक्त छन्, त्यसको मूल्याङ्कन गर्नु बान्छनीय ठहर्छ । यसप्रकार नेपाली साहित्यको इतिहास केलाउने क्रममा विविध विद्वानहरूले दिएका अभिव्यक्तिहरूलाई इतिहासपरक नेपाली समालोचनाको विषयमा केन्द्रित भएर तयार पारिएको यस शोधपत्रमा आवश्यकताअनुसार खण्डनमण्डन गरी प्रस्तुत गरिएको छ ।

## १.८ प्राक्कल्पना

इतिहासपरक नेपाली समोलोचना नेपाली समालोचनाको एउटा महत्वपूर्ण धार हो ।

## १.९ शोधकार्यको औचित्य

नेपाली साहित्यको इतिहास केलाउने क्रममा विविध विद्वान्हरूद्वारा गरिएका प्रयासहरू आफैंमा औचित्यपूर्ण छन् । फलतः यही विषयमा केन्द्रित भएर तयार पारिएको यो शोधपत्र पनि औचित्यपूर्ण छ ।

## १.१० शोधकार्यको सीमाङ्कन

नेपाली समालोचनाका विविध धारहरूमध्ये ऐतिहासिक धारमा मात्र केन्द्रित हुनु र आवश्यकताअनुसार शोधखोजपरक समालोचनालाई आत्मसाथ गर्नु यस शोधपत्रको सीमा हो ।

## १.११ शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा सामग्रीसङ्कलन गर्दा पुस्तकालयीय पद्धति र आवश्यकताअनुसार नमुना छनोट पद्धतिको उपयोग गरिएको छ । सङ्कलित सामग्रीहरूलाई विश्लेषण गर्न साहित्येतिहास लेखनको स्रद्धानितक मापदण्डलाई आधार बनाएको छ ।

## १.१२ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा यसप्रकारको हुनेछ :

१. पहिलो अध्याय : **शोध परिचय**

२. दोस्रो अध्याय : **साहित्येतिहाससम्बन्धी सैद्धान्तिक अवधारणा**

३. तेस्रो अध्याय : **नेपाली समालोचनाको इतिहास**

४. चौथो अध्याय : **इतिहासपरक नेपाली समालोचनाको परम्परा**

५. पाँचौ अध्याय : **उपसंहार**

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकताअनुसार विविध शीर्षक, उपशीर्षकमा राखेर अध्ययन गरिएको छ ।

## १.१३ समय विभाजन

१. सामग्री सङ्कलन : २ महिना

२. सामग्रीको अध्ययन विश्लेषण २ महिना

३. प्रारम्भिक रूपरेखा निर्माण २ महिना

४. लेखन टङ्कण तथा प्रस्तुति २ महिना

# अध्याय दुई

# साहित्येतिहाससम्बन्धी सैद्धान्तिक अवधारणा

## २.१ इतिहासको अवधारणा

मानव जातिको उत्पत्तिसँगै इतिहासको जन्म भएको हो । सामाजिक विज्ञानको विषय भएकाले यसका केन्द्रमा मानिसका क्रियाकलापहरू हुन्छन् । इतिहास अनेकानेक घटनाहरूको विवरण हो जसले कसरी, कहिले, किन र कहाँ ती घटनाहरू घटे सबै कुराको वैज्ञानिक दृष्टिकोणबाट निष्पक्ष विवेचना गर्दछ । भौतिक विज्ञानले जस्तै निश्चित सिद्धान्तको सिर्जना गर्न नसक्ने भएकाले र तथ्यमा आधारित हुनाले विज्ञान मानिए पनि इतिहासलाई सामाजिक विज्ञानअन्तर्गत राखिएको हो ।

इतिहासले सन्तान दरसन्तानसम्म मानव जातिले गरेका काम र तीसँग विगतको सम्बन्ध तथा सान्दर्भिकताको बयान गर्दछ । अर्को शब्दमा भन्दा इतिहासले मानवद्वारा गरिएका कामहरू, उनीहरूबाट निर्मित विभिन्न संस्थाहरूको उत्पत्ति, तिनको विकास र अतीतमा तिनको भिन्नता र तिनको वर्तमान स्वरूप आदिमाथि प्रकाश पारेर मानवलाई मानवसँग परिचित गराउँछ ।[1] ज्ञानक्षेत्रको एउटा महत्त्वपूर्ण शाखा भएकाले इतिहासद्वारा मानव एकातिर ऐतिहासिक गतिविधि एवम् शक्तिहरूबाट प्रभावित हुन्छ भने अर्कातिर यही इतिहासको बोधद्वारा नवीन मार्ग पहिल्याउन पनि सक्षम हुन्छ । यसप्रकार इतिहासलेखनका क्रममा इतिहासकारको उद्देश्य अतीतको अवलोकन गराउनु, वर्तमानलाई प्रकाशित गर्नु तथा उज्ज्वल भविष्यको लागि दिशानिर्देशन गर्नु हुन्छ । यसैले इतिहास मानव र उसले व्यतित गर्ने समय घटनाव्यापारसँग सम्बन्धित ज्ञानात्मक विद्या हो जसले प्रभाव नपारेको क्षेत्र कहीँ पनि छैन । वैज्ञानिक विधिबाट वास्तविकताको खोजी, तथ्यहरूको सत्यापन, सम्परीक्षण वर्गीकरण गरी चतुर्मुखी आयाममा त्यसको विश्वसनीयता स्थापित गर्ने सिद्धान्त र विधिहरू निकै सशक्त भएकै कारण इतिहासले बितेको काल वा समयलाई जीवन्त

[1] श्रीरामप्रसाद उपाध्याय, **इतिहास शिक्षण विधि,** दो.सं. (काठमाडौं : रत्नपुस्तक भण्डार, २०५०), पृ.१० ।

तुल्याई भविष्यप्रति सचेत रहन अभिप्रेरित गरिरहन्छ । इतिहासमा मानवजातिको विचार, काम र सङ्घर्षको वर्णन हुन्छ । यसमा मानिसले अरुको सुख र दुःखका निम्ति गरेका कामहरूको कथा हुन्छ, राजधानी, सहर गाउँबस्ती आदि प्रत्येक क्षेत्रको र फरकफरक जाति, भाषा, धर्म-संस्कृति भएका मानिसहरूको जीवनको व्याख्या हुन्छ । यसैले इतिहासको अवधारणाबारे प्रस्ट भइसकेपछि मात्र साहित्येतिहासको अवधारणाभित्र पस्नु युक्तिसङ्गत ठहर्छ ।

## २.२ इतिहासको अर्थ र चिन्तनपरम्परा

साधारण अर्थमा विगतमा घटेका घटनाहरूको इतिवृत्तलाई इतिहास भनिन्छ । मानव जीवनको सङ्घर्षमय विवरण भएकाले इतिहासले अतीतको स्मरण गराउँछ । संस्कृतमा इतिहास शब्दको अर्थ इति ह आस्तेऽ स्मिन् भन्ने लगाइन्छ । व्युत्पत्ति अर्थ खोज्दा सामान्यतया इति ह आस अर्थात् यस्तो अवश्य भएको थियो भन्ने अर्थ निस्कन्छ । ग्रिसेली भाषाको Historia भन्ने शब्दबाट बनेको History शब्दको पनि आफै व्युत्पत्तिमूलक अर्थ रहेको छ जसको अर्थ हुन्छ सत्यको स्थापनाका लागि गरिने खोजी । यसरी हेर्दा History शब्दको व्युत्पत्तिमूलक अर्थ खोजी वा अनुसन्धानका आधारमा पूर्वघटित घटनाहरू तथ्यहरूको अनुसन्धान इतिहास हो भन्ने हुन्छ ।[२] जेहोस् मानव सृष्टिसँगै इतिहासका पाइलाहरू सुरु भएका हुन् र ती पाइलाहरूले निरन्तर रूपमा ज्ञानका हरेक शाखामा प्रभाव पार्दै गएका छन् । तर यसको अध्ययन मनन् तथा चिन्तनको परम्परा भने मानव विकासको धेरै पछिमात्र थालिएको पाइन्छ ।

इतिहास चिन्तनको अध्ययन परम्परा सर्वप्रथम युनानबाट थालिएको हो । बौद्धिक कार्यव्यापारको महान् उद्वेगको एक अभिव्यक्तिका रूपमा प्राचीन युनानमा इतिहास नामक शिक्षा शाखाको उत्पत्ति भएको मानिन्छ । परीक्षासिद्ध अनुसन्धान (गवेषण) का अर्थमा इतिहास शब्दको प्रयोग त्यस समयमा भयो । त्यतिबेला इतिहासकार वादविवाद वा झगडाको फैसला गराउने हालको न्यायाधीश सरहको व्यक्ति हुन्थ्यो । इतिहासका पिता मानिने हेरोडोटस् नै त्यस्ता इतिहासकार हुन् जसले

[२] शिवकुमार, **हिन्दी साहित्यका इतिहासदर्शन,** (दि. मैकमिलन कम्पनी अफ इडिया, १९७८ ई.), पृ. २ ।

५०० इसापूर्वमा युनानमा सबभन्दा पहिले अनुसन्धानमा आधारित इतिहासलेखन (Historiography) को कामको थालनी गरे ।[३] उनले ऐजियन सागरदेखि कालासागर र मिश्रदेखि पर्सियासम्मको भ्रमण गरेर अनुसन्धानमा आधारित पर्सियन युद्धसम्बन्धी कथात्मक ढाँचामा इतिहास लेख्ने काम गरे । त्यस्तै अर्को युनानी इतिहासकार थ्युसिडाइडसले हेरोडोटस्को इतिहासको स्तरलाई कायम राख्दै त्यसभन्दा एक पाइला अघि सरेर पेलोपोनेसियन युद्धको इतिहास नाम पुस्तक लेखी कारण र प्रभावसमेतलाई ख्याल गर्दै निगमनात्मक इतिहासलेखनको आरम्भ गरेको पाइन्छ । उच्चकोटिको दार्शनिक पद्धति र उत्कृष्ट आलोचनात्मक विधिको प्रयोग गरी वैज्ञानिक इतिहासलेखनको आरम्भ भने रोमको इतिहास नामक पुस्तक लेख्ने बार्थोड जर्ज निबुरले गरेका हुन् ।

उन्नाईसौं शताब्दीअघि लेखिएका इतिहासहरूमा राजारानी, उनका मन्त्रीहरू, उनका दरबारिया तथा सेना प्रमुखहरू, योद्धाहरू, राष्ट्रिय सम्मानप्राप्त व्यक्तिहरूको मात्र उल्लेख गरिएको हुन्थ्यो ।[४] त्यसबेलाको इतिहास सामान्यतया साहित्य र वीरगाथाहरूको सङ्कलन मात्र थियो जसमा अवास्तविक र काल्पनिक अतिशयोक्तिहरू नै प्रचुर मात्रामा पाइन्थ्यो । वैज्ञानिक चिन्तन र प्रवृत्तिको प्रादुर्भाव भएपछि उन्नाईसौं शताब्दीबाट इतिहास ज्ञानको महत्त्वपूर्ण शाखा मानिन थाल्यो र यसलाई मानवजीवनको क्रमिक उद्विकासको सत्यस्वरूपा विवरण भन्न थालियो । त्यसैले ई.एच्.कार इतिहासलाई विगत र वर्तमानको कहिल्यै नसकिने वार्तालाप ठान्छन् भने आर.जी. कालिङउड इतिहासलाई एक किसिमको अनुसन्धान वा खोजी स्वीकार्दछन् । भारतीय विद्वान् डा. शिवकुमार लेख्छन्- इतिहास देशकाल अनुरूप आयाममा विकसित एवम् विकासशील मानवजीवनको खोजका साथसाथै त्यसको तथ्यमा आधारित युगसापेक्ष व्याख्या हो ।[५]

भविष्यका गर्भमा लुकेर रहेका तथ्यहरूलाई सामग्रीका रूपमा ग्रहण गरी ती सामग्रीलाई इतिहासका विचार, चिन्तन आदिले प्रज्ज्वलित पार्दै समकालीन समाजलाई

---

[३] श्रीरामप्रसाद उपाध्याय, पूर्ववत् पृ. १ ।
[४] ऐजन्, पृ.४ ।
[५] शिवकुमार, पूर्ववत् पृ. ३ ।

एउटा युगसापेक्ष ज्ञान दिएर भविष्ययात्राको तय गर्ने काम इतिहासमा हुन्छ । इतिहासको अर्थ विद्वान्हरूले आ-आफ्नै ढङ्गले लगाएका र त्यसको अन्तर्वस्तुलाई प्रस्ट्याउन खोजेका तर हरेक चिन्तन, विचार, व्यवहार परिवर्तनशील हुने भएकाले र तिनको समयानुकूल आफ्नो रूपधारण गर्नाले इतिहासको अर्थ यसको चिन्तनप्रणालीमा युगसुहाउँदो परिवर्तन देखापर्नु कुनै आश्चर्य होइन । वैज्ञानिक इतिहासलेखनको आरम्भ भएपछि इतिहासले वैज्ञानिक ढङ्गले सत्यको अन्वेषण गर्न थाल्यो । इतिहासलाई आलोचनात्मक विज्ञानका रूपमा स्वीकारेर कुनै तथ्य। घटना अर्थात् वस्तुको छानबिन गरी वास्तविक सत्यको निर्माण गर्ने क्रम सुरु भयो । निरीक्षण, तुलना र नियमीकरणबाट निष्कर्ष निकाली सम्भावित सत्यता पछ्याउँने वैज्ञानिक दृष्टिकोणको महत्त्व इतिहासकारहरूले बुझेको फलतः इतिहास चिन्तन परम्परामा विभिन्न वाद तथा सिद्धान्तहरू देखा परे । मानव इतिहास कार्यकारण सम्बन्धद्वारा सञ्चालित छ तथा यो एक निश्चित दिशा एवम् लक्ष्यतर्फ अग्रसर छ भन्ने तथ्यले इतिहास चिन्तन परम्परा प्रशस्त प्रभावित पार्‍यो । यसप्रकार इतिहास दर्शनद्वारा नै इतिहास र संस्कृतिको सम्यक् विवेचना थालियो जसबाट इतिहास एवम् इतिहासलेखनका नयाँ आयामहरू प्राप्त भएका छन् । आज इतिहासदर्शन बिना इतिहास एवम् इतिहासलेखनको चर्चा नै असङ्गत प्रतीत हुन थालेको छ ।[६]

## २.३ साहित्येतिहाससम्बन्धी सैद्धान्तिक अवधारणा

साहित्येतिहास भन्नाले समयक्रममा हुने कालक्रमिक विकास हो । साहित्येतिहासलेखन कार्य बाह्य रूपमा जति सरल प्रतीत हुन्छ व्यवहारमा त्यत्तिकै कठीन र श्रम साध्य पनि हुन्छ । मानव सभ्यता र उसको चिन्तनमननको क्रमिक विकासलाई बुझ्ने प्रमुख साधन मानवजातिका विविध खण्डमा रचित साहित्यलाई नै मानिन्छ । साहित्यमा नै मानवजातिको चिन्तन र उसका विकासका रूपहरू प्रतिबिम्बित हुन्छन् । मानव जातिको ऐतिहासिक विकासलाई बुझ्न साहित्येतिहासकारले विभिन्न देशमा रचित साहित्यलाई आधारभूमिका रूपमा ग्रहण गर्दछ । साहित्यमा इतिहास भावनात्मक रूपमा उपलब्ध हुन्छ र इतिहासकारले यही

[६] ऐजन्, पृ. २६ ।

भावनात्मक रूपका आधारमा अन्य केही साधनहरूको सहायता लिएर इतिहासको निर्माण गर्छ ।[७] यसप्रकार के देखिन्छ भने जहाँ साहित्यको समुन्नत परम्परा हुन्छ त्यहाँ ऐतिहासिक अवधारणा अनिवार्य हुन्छ र साहित्यको त्यो परम्परालाई चिरफार गर्ने साहित्येतिहासकार एक उच्च रसिक पाठक, मेधावी विद्वान्, तीक्ष्ण निरीक्षक, निर्भीक इमान्दार न्यायाधीश तथा वरिष्ठ समालोचकको संश्लिष्ट र समन्वित व्यक्तित्व हुनु जरुरी छ । विशुद्ध इतिहासका झैं साहित्येतिहास लेखनका पनि आफ्नै सैद्धान्तिक मान्यता तथा अवधारणाहरू छन् जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### २.३.१ साहित्येतिहासको स्वरूप

प्रायः सबै इतिहासकारहरू साहित्यको गतिशीलतामा एकमत नै देखापर्दछन् । साहित्यलाई गतिशील मानिने भएकाले नै साहित्यको इतिहास साहित्यिक विकासका क्रममा देखापर्ने जटिलताको तर्कसङ्गत व्याख्या हो । साहित्येतिहाससम्बन्धी दुईथरि दृष्टिकोण देखापर्छ; एक थरिले साहित्यिक इतिहासप्रति आफ्नो कलावादी मान्यताका कारण साहित्येतिहासलाई साहित्यिक रूपको इतिहास स्विकार्दछन् भने अर्काथरि साहित्येतिहासलाई विचार तथा सभ्यताका सन्दर्भबाट व्याख्या गर्दछन् । जे भए पनि साहित्यको इतिहासलाई विश्लेषणात्मक, प्रामाणिक तथा परिपक्व रूप दिन साहित्येतिहासलेखन एवम् इतिहास दर्शनबीच अन्तरसम्बन्ध हुनु अति आवश्यक हुन्छ किनभने साहित्येतिहास भनेको लेखक तथा तिनका कृतिको कालक्रमिक विवेचना मात्र नभएर साहित्यको विकासीलता सम्बन्धीको सुसङ्गत व्याख्या पनि हो । यसमा तथ्यप्रति आग्रह राखिन्छ तर ती तथ्यहरू प्रचलित साहित्यिक मान्यताद्वारा स्थापित हुनु जरुरी हुन्छ र विविध सन्दर्भमा स्वीकार्य हुनुपर्दछ ।

समालोचनाका विविध प्रकारहरूमध्ये साहित्येतिहास पनि एक हो भनी मान्ने आशा सिन्हाका मतमा साहित्येतिहास कुनै देशविदेशका भाषा विशेषको समस्त साहित्यको यस्तो आद्योपान्त व्यवस्थित एवम् अनुसन्धानपूर्ण अध्ययन हो जसमा आलोचकले भिन्नाभिन्नै गुणहरूमा हुने साहित्यकार र तिनका रचनाहरूको क्रमानुसार

[७] राजनाथ शर्मा, **हिन्दी साहित्यका विवेचनात्मक इतिहास,** (ते.सं.) (आग्रा : विनोद पुस्तक मन्दिर, सन् १९७२), पृ. १ ।

वर्णन, तद्युगीन राजनीतिक, धार्मिक, सामाजिक तथा साहित्यिक परिस्थितिहरू, आन्दोलन एवम् अन्तरधाराहरूका कारण परिवर्तित हुँदै गएको जनचेतनाको उल्लेख गर्दै यस्ता जनचेतनामा अनुप्रेरित साहित्यिक प्रवृत्तिहरूको बोधगम्य तरिकाले वैज्ञानिक शैलीमा विवेचना गर्दछन् ।[८] यसप्रकार शुद्ध आलोचकको दृष्टि बढीभन्दा बढी सिर्जनाको व्यष्टि रूप केलाउनमा हुन्छ भने साहित्येतिहासकारको लक्ष्य भनेको सम्पूर्ण साहित्यलाई क्रमिक रूपले उद्घाटित गर्नामा हुन्छ । यसका लागि साहित्येतिहासकारले साहित्यभित्र अन्तर्निहित ती विचारधारालाई खोज्नुपर्छ जसले भिन्नभिन्न युगीन वैशिष्ट्यलाई परस्परमा सम्बद्ध तुल्याउँछन् ।

साहित्येतिहासकारले आलोचनाका साथसाथै एउटा शुद्ध इतिहासको समेत निर्माण गर्ने भएकाले उसले सत्यको स्थापना गर्न अनुसन्धानको आश्रय लिनु अत्यावश्यक देखिन्छ । यति हुँदाहुँदै पनि साहित्येतिहास एउटा शुद्ध इतिहासभन्दा भिन्न रूपमा देखापर्छ । शुद्ध इतिहासको कार्य कुनै देश विशेषका शासकहरूको उत्कर्ष, अपकर्ष तथा सङ्घर्ष आदिका तथ्यहरू सङ्कलन गरेर आख्यानीकरण गर्नु हुन्छ भने साहित्येतिहासकारले स्रष्टाहरूको सिर्जनाभित्र अन्तर्निहित भएर समाजमा स्रष्टा र तिनका कृतिहरूलाई एउटा क्रम र ढाँचाअनुसार स्थापित गर्दछ । शुद्ध इतिहासमा जस्तै रचनाकार तथा तिनका रचनाहरूको क्रमानुसार वर्णन, विश्लेषण, सत्यापन र निष्कर्षण गरिए पनि साहित्यको इतिहासको मुख्य काम साहित्य सिर्जनामा प्राप्त हुने शैलीगत रूपको प्रवृत्तिगत पहिचान र भाषागत इतिवृत्तको परम्परागत कालक्रमिकताको विश्वव्यापी मूल्यसँग तादात्म्य राख्दै सिर्जना भएका कलाकृतिको कालक्रमिक, प्रवृत्तिक्रमिक मूल्यक्रमिक अध्ययन गर्नु हुन्छ ।[९]

यसप्रकार के देखिन्छ भने साहित्येतिहासकार एउटा उच्चकोटिको अनुसन्धाता पनि हो, ऊ केवल आलोचक तथा इतिहासकार मात्र होइन । अज्ञातलाई ज्ञातमा ल्याउनु, ज्ञात साहित्यकारहरूको प्रामाणिक विवरण पेश गर्नु, विविध साहित्यक गोष्ठी,

---

[८] आशा सिन्हा, **हिन्दी साहित्यके कुछ कुछ,** (जलेश्वर : जनकपुर अञ्चल शिक्षा समिति, २०३६), पृ. ४ ।

[९] राजेन्द्र सुवेदी, **नेपाली इतिहासको लेखनमा देखापरेका त्रुटि र निराकरणका सम्भावनाहरू** (अभियान साहित्य प्रतिष्ठानद्वारा २०५५।३।२० मा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र), पृ. १४ ।

सम्मेलन गर्नु, आन्दोलन, वाद वा अन्तर्व्यापी विचारधाराहरूलाई सही ढङ्गले निरूपण गरेर निष्कर्षण गर्नु साहित्येतिहासकारको कर्तव्य हुन जान्छ । त्यसैले साहित्येतिहासलाई समालोचना, इतिहास र अनुसन्धान आदिको समन्वयबाट विकसित साहित्यिक रूप मान्न सकिन्छ ।

साहित्येतिहासमा विज्ञान र कला दुवैको समन्वय हुन्छ । विज्ञानका अभावमा सत्यापन गर्न खोजिएका तथ्यपरक कुराहरू समेत द्विविधामा पर्दछन् भने कलाको अभावमा निष्प्राण तथ्यहरूको निरस विवरण मात्र हुन पुग्छ । साहित्येतिहासमा साहित्येतिहासकारमा अन्तर्निहित संवेदना, कल्पना, सहानुभूतिजस्ता मानवीय संवेदनाका पक्षहरू प्रबल रहन्छन् तर उसले इतिहासका सार्वभौम अनुशासन सूत्र वा आचारसंहिताको परिपालन गरेकै हुन्छ । साहित्य इतिहासको लेखन साहित्यकार मात्र हुँदैन ऊ कला पारखी हुन्छ, वैज्ञानिक हुन्छ, दार्शनिक हुन्छ र समाजशास्त्री पनि हुन्छ । साहित्यलाई जीवन्त तथा प्राणवान् चेतनाको अभिव्यक्तिका रूपमा स्थापित गर्ने प्रयास आधुनिक साहित्यकारले गर्नै पर्दछ ।

### २.३.२ साहित्येतिहासका तत्त्वहरू

साहित्येतिहासलाई बढी वैज्ञानिक, तथ्यपरक एवम् वस्तुगत रूप दिलाउन यसको सैद्धान्तिक पक्षमाथि जोड दिइन्छ । साहित्येतिहास पनि एक किसिमको इतिहास नै भएकोले यसका आफ्नै तत्त्वहरू रहेका हुन्छन् । साहित्यिक तथ्यहरूलाई इतिहासमा रूपान्तरित गर्नका लागि अपनाउनु पर्ने अङ्गीभूत तत्त्वहरूका पक्षमा साहित्येतिहासकारले जानकारी राख्नुपर्दछ । साहित्येतिहासका तत्त्वहरू चार प्रकारका मानिएका छन् :

क) कालविभाजन

ख) कार्यकारण सम्बन्ध

ग) जीवनी र

घ) विविध[१०]

[१०] दयाराम श्रेष्ठ, **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ,** (काठमाडौं : त्रिकोण प्रकाशन, २०४९), पृ.३१ ।

## क)  कालविभाजन

इतिहास अखण्ड हुन्छ तापनि यसलाई भिन्नाभिन्नै खण्डमा विभाजन गरेर बोधगम्य गराउन खोज्ने प्रयास इतिहासकारको एउटा परिकल्पना मात्र हो । ऐतिहासिक समयलाई ठोस एवम् जीवन्त यथार्थ स्विकार्ने हो भने त्यही यथार्थलाई बुझ्नका लागि समयलाई विविध मानकका आधारमा खण्डित गर्दै एक अर्का खण्डमा सम्बन्ध स्थापित गरेर तथा तिनीहरूमा सम्बन्ध स्थापित गरेर तत्कालीन समयका विशिष्टताहरूको पहिचान गर्नु आवश्यक हुन्छ । त्यसैले साहित्येतिहासका सन्दर्भमा पनि कालविभाजनलाई एक महत्त्वपूर्ण तत्त्वका रूपमा लिने गरिन्छ ।

कुनै निश्चित कालावधिमा कुनै निश्चित साहित्यिक अवधारणा वा प्रवृत्ति वा मान्यताको विकास भएको हुन्छ र यसको सरोकार प्रत्यक्ष वा परोक्ष रूपमा समाज वा राज्यव्यवस्थाका क्रियाकलापसँग हुने गर्दछ । यस्ता साहित्यिक मानकहरू चरमोत्कर्षमा पुगेपछि क्रमशः ह्रासोन्मुखी बाटातिर अग्रसर हुन थाल्छन् वा अर्कै किसिमको साहित्यिक मानकले त्यसलाई गौण पारिदिन्छ । जुन वस्तु उत्पन्न हुन्छ, त्यसको विनास पनि अवश्यम्भावी छ भन्ने मार्क्सको गतिशीलताको नियमलाई वरण गरेर साहित्येतिहासमा पनि एउटा परम्परा वा मान्यताले विश्राम लिनपुग्दा दोस्रो मान्यता वा परम्पराको उद्भव हुन्छ भन्ने तथ्यलाई स्विकारिन्छ । यस्तै चरणबाट नै साहित्येतिहासमा कालविभाजनको रेखा कोर्ने गरिन्छ । एउटा युगको कालावधि कहाँदेखि कहाँसम्म भन्ने तथा किन मान्ने जस्ता समस्याहरूको तथ्यपूर्ण र तर्कपूर्ण समाधान खोज्दै साहित्येतिहासमा इतिहासकारले युग निर्धारण गर्नुपर्ने हुन्छ । यसरी समग्र इतिहासको खण्डलाई विविध कालखण्डमा वर्गीकरण गरेर सरलीकृत गर्दा वैज्ञानिकताका निकट पुग्ने तथा स्रष्टा र तिनका सिर्जनाप्रति यथोचित न्याय हुने हुँदा पनि इतिहासमा कालविभाजनलाई हरेक इतिहासकारले एउटा अनिवार्य तत्त्वका रूपमा आत्मसात् गरेको हुन्छ ।

कालविभाजन गर्नुको मुल कारण समाजको परिवर्तनका साथसाथै साहित्यमा पनि देखापर्ने परिवर्तनशीलता हो । समाज र साहित्यबीच घनिष्ठ सम्बन्ध भएकैले

समाज परिवर्तित हुँदै जाँदा साहित्यिक मूल्य र मान्यताहरू पनि परिवर्तन हुँदै जान्छन् । फलतः यस्ता विविध मान्यता तथा अवधारणालाई एउटै सिङ्गो युगभित्र राखेर हेर्दा कठिनाइ हुनाका साथै त्यो वैज्ञानिक एवम् तर्कसम्मत् ठहर्दैन । यसैले इतिहासभित्र यस्ता फरक मान्यतालाई फरक फरक युगखण्डमा खण्डित गरी व्याख्या र विश्लेषण गर्दा साहित्येतिहास तर्कसम्मत् बन्दछ । युगविभाजनका क्रममा साहित्येतिहासकारले साहित्यिक प्रतिभा, शताब्दी, साहित्यिक प्रवृत्ति, शैली, शासकवर्ग आदिजस्ता अभिलक्षणका आधारलाई आत्मसात् गर्न सक्छ । जुनसुकै आधारबाट कालविभाजनको अवधारणा अङ्गीकार गरे पनि साहित्येतिहासकारले त्यसमा पर्याप्त प्रमाण, भरपर्दो तर्कशैली तथा वर्णन र विश्लेषण कुशलता भने देखाउनै पर्छ । यसो गरेमा नै साहित्येतिहास कालजयी बन्न सक्छ ।

### ख) कार्यकारण सम्बन्ध

इतिहास बन्नका लागि कुनै कार्य सम्पन्न भएको हुनुपर्छ । यस्ता काम हुनामा कारणहरू हुन्छन् र ती कारणहरू एकआपसमा सम्बद्ध पनि हुन्छन् अर्थात् कार्य र कारणका बीचमा एक प्रकारको अन्योन्याश्रित सम्बन्ध हुन्छ भन्ने विचारलाई आत्मसात् गरेर एउटा इतिहासकारले इतिहास लेखेको हुन्छ । इतिहासको सम्यक् एवम् वैज्ञानिक अध्ययनका लागि ऐतिहासिक कार्यकलाप तथा विकासमा निहित कार्यकारण सम्बन्धको अध्ययन महत्त्वपूर्ण हुन्छ । यसैले इतिहासले यसलाई आफ्नो अङ्गीभूत तत्त्वका रूपमा समाहित गरेको छ । ई.एच्.कारका दृष्टिमा त इतिहासको अध्ययन नै कारणहरूको अध्ययन हो ।[११]

इतिहास बहुआयमिक छ । यसको कुनै पक्ष वा घटनामाथि विचार गर्दा इतिहासकारले अनेक कारणहरूको अनुसन्धान गर्दछ । यसबाट विविध आर्थिक राजनैतिक, सामाजिक, मनोवैज्ञानिक आदि कारणहरूको सूचि तयार हुन्छ तर ती सबै कारणहरूले कार्यलाई समान रूपमा अभिप्रेरित गर्दैनन् । अतः यिनै कारणहरूको बीचबाट कार्यलाई अभिप्रेरित गर्ने प्राथमिक गर्ने प्राथमिक कारण अथवा कारणहरूको

[११] शिवकुमार, पूर्ववत् पृ. १५ ।

पनि कारण निश्चित गर्नुपर्ने हुन्छ । यही मूल कारणका आधारमा नै इतिहासकारको इतिहाससम्बन्धी व्याख्या निर्धारित हुन्छ ।

सामान्य इतिहासमा झैँ साहित्येतिहासको सम्बन्ध पनि घटना (कार्य) विवरण सम्बन्धमा के अथवा कहिले सँग मात्र सीमित नभएर 'किन' सँग पनि हुने हुँदा यसले पनि कार्यकारण सम्बन्धको अपेक्षा राख्नु, स्वभाविक ठानिन्छ । कुनै पनि युगमा जुन वा जस्तो प्रकारको साहित्य रचना भयो त्यो वा त्यस्तो नै किन भयो भन्ने कुराको खोजीले नै साहित्येतिहास व्यवस्थित बन्न पुग्छ । साहित्येतिहासदर्शनका आधारमा साहित्येतिहासकारले ऐतिहासिक दृष्टिकोणबाट साहित्यको विकासका कारणहरूको खोजी गरी त्यस विकासका अनेकौं कारणहरूका निर्णायक कारणको छनोट गर्नुपर्ने हुन्छ । यसरी उसले जसलाई निर्णायक कारण स्विकार्छ सोही अनुरूप साहित्येतिहासको व्याख्या वा विश्लेषणको स्वरूप बन्दछ । साहित्येतिहास लेखनमा साहित्यकार र त्यसको साहित्य सिर्जनालाई तत्कालीन धाराका सन्दर्भमा देखिन्छ; साहित्यिक धारालाई तत्कालीन युगका सन्दर्भमा हेरिन्छ । यसो भएको कारणले नै साहित्येतिहासकारका लागि साहित्यधारा तथा साहित्यिक प्रवृत्तिहरूको प्रेरक मानिने ऐतिहासिक तथा सामाजिक कारणहरूको अध्ययन अनिवार्य ठहर्छ ।

साहित्येतिहासकार साहित्येतिहासको व्याख्याताका साथसाथै एउटा मूल्याङ्कनकर्ता र निर्णयकर्ता पनि हुनाले उसले निरूपण गर्ने मूल्य निर्णयको आधार कारणहरूको सही खोज हुन्छ । इतिहासमा व्याख्या, कार्यकारणसम्बन्ध र मूल्यनिर्णय परस्परमा सम्बद्ध भएकाले साहित्येतिहासकारले कार्यमा कारणको जराजरा खोतल्ने प्रयास वा प्रयत्न गर्दा वैज्ञानिकले झैँ सामान्यीकृत नियमको अनुसरण गर्नुपर्दछ र तिनै नियम पद्धतिअन्तर्गत कार्यकारणसम्बन्धलाई राम्रोसँग केलाउनु पर्दछ । अन्यथा साहित्येतिहास दुर्घटित भई कार्यकारणको शृङ्खलामात्र बन्न जाने भएकाले सहित्येतिहासलेखनमा कार्यकारण सम्बन्धको खोजीलाई पनि एक महत्त्वपूर्ण तत्त्वका रूपमा स्विकारिएको छ ।

## ग) जीवनी

साहित्येतिहासले व्यक्तिलाई इतिहासकै एक अंश मान्दछ । इतिहासको अटुट प्रवाहमा कवि, लेखकहरूका सिर्जनासम्बन्धी गतिविधिहरूले नै साहित्यिक मानकको परिपाटी स्थापित हुँदै कालिक धाराहरू एकपछि अर्को गरी बन्दै जान्छन् । यिनै धाराहरूका संवाहकका रूपमा देखापर्ने प्रतिभाहरूको जीवनी साहित्येतिहासमा तथ्य बन्ने गर्दछ । त्यसैले तथ्यलाई सोद्देश्यपूर्वक सञ्चारण गर्ने अभिलेखका रूपमा जीवनी साहित्येतिहासमा अङ्गीभूत तत्त्वका रूपमा समायोजित हुन्छ ।[१२] वास्तवमा कवि तथा कविका (साहित्यिक स्रष्टाका) कृतिहरूको अध्ययन गर्नु नै एक युगविशेषका प्रतिभाहरूका जीवनका प्रवृत्तिहरूको अध्ययन गर्नु हो भन्न सकिन्छ । साहित्यिक सिर्जना स्रष्टाकै देन हुनाले प्रथमतः प्रतिभाहरूको धरातलका साथै उनीहरूका जीवन भोगाइसम्बन्धी वास्तविकतालाई थाहा पाएपछि मात्र इतिहासकारले आफ्नो इतिहासलाई सही रूपले निरूपण गरेर निष्कर्ष निकाल्न सक्छ ।

इतिहासमा प्रतिभाको स्थान के कस्तो हुने भन्ने विषयमा विद्वान्हरूमा मतभेद छ । कसैले इतिहासलाई महान् व्यक्तिहरूको जीवनी मान्दछन् भने कसैले महान् व्यक्तिहरूलाई परिस्थितिको स्वभाविक उपज स्विकार्दछन् । निःसन्देह कुनै पनि महान् प्रतिभा इतिहासको वस्तुनिष्ठ प्रवाहलाई आफ्नो इच्छानुसार परिवर्तन गर्न सक्दैन तर इतिहास निर्माणमा साधारण व्यक्तिभन्दा धेरै माथि अवश्य हुन्छ र साहित्येतिहासमा त्यस्ता व्यक्तिहरूको जीवनीलाई उल्लेख गर्नु आवश्यक हुन्छ । इतिहासको प्रतिभाको महत्त्वलाई प्रस्ट्यउँदै लेनिनले समस्त इतिहास तिनै व्यक्तिको कार्यकलापद्वारा विनिर्मित हुन्छ जुन निःसन्देह कर्मठ व्यक्ति हुन्छन् भनेका छन् ।[१३]

साहित्येतिहास लेखनको आरम्भमा इतिवृत्तात्मक शैलीमा कविहरूको जीवनवृत्तको विवरण प्रस्तुत गरिन्थ्यो । यो चलन अंशतः वा पूर्णतः परवर्ती इतिहासकारहरूले पनि अँगाल्दै आएको पाइन्छ । उदाहरणका रूपमा कवि भानुभक्तको

[१२] दयाराम श्रेष्ठ, पूर्ववत् पृ. ३६ र ३७ ।
[१३] शिवकुमार, पूर्ववत् पृ. ८७ ।

जीवनचरित्र लेख्ने मध्यकालीन कवि मोतीरामलगायत आधुनिक इतिहासकारहरू पनि देखापर्दछन् । यस किसिमको इतिहासलेखनले रचनाहरू तथा स्रष्टाहरूका सम्बन्धमा केही महत्त्वपूर्ण सूचनाहरू त दिन्छन् तर साहित्येतिहास भने वस्तुगत वैज्ञानिक एवम् व्यवस्थित ठहर्दैन । विद्वान्हरूको राय छ कि साहित्येतिहासकारले स्रष्टाको साहित्यिक जीवनमात्र उल्लेख गर्नुपर्छ । स्रष्टाको साहित्यिक पाटोसँग सम्बन्धित गतिविधिलाई उसको जीवनीअन्तर्गत उल्लेख गर्दा साहित्येतिहास तथ्यपरक व्यवस्थित बन्न जान्छ ।

साहित्येतिहासमा जीवनी भन्नाले स्रष्टाको सिर्जनशील प्रक्रियाका आरोह-अवरोह तथा वैयक्तिक एवम् सामाजिक सन्दर्भमा प्रेरक प्रसङ्गहरूलाई बुझ्नुपर्दछ । विशेषगरी प्रतिभाबाट प्रस्फुटित सिर्जनाहरूको ऐतिहासिक मूल्यमान्यता, क्षमता र विविधता, तुलनात्मक गुणको व्याख्यान, युगीन सन्दर्भ सामाजिक पृष्ठभूमि, राजनैतिक परिवेश, प्रतिभाको स्थान तथा योगदान तत्‌युगमा खेलेको भूमिका, अन्यबाट ग्रहण गरेको वा अरुलाई पारेको प्रभाव प्रेरणाजस्ता स्रष्टाविशेषका र सिर्जनाविशेषका बारेमा समालोचनात्मक विश्लेषण गर्नु नै साहित्येतिहासका सन्दर्भमा जीवनीलाई बुझ्नुपर्दछ ।

## घ) विविध

इतिहासको अलङ्कारशास्त्र (Rhetoric) लाई अन्तरङ्ग रूपले प्रभाव पार्ने तत्त्वहरूमा मूल्य-निर्णय, कल्पना, इतिहासवाद आदि पर्दछन् ।[१४] यसरी साहित्येतिहासमा माथि उल्लेख गरिएका बाहेक केही त्यस्ता उपर्युक्त तत्त्वहरू रहेका छन् जसलाई आन्तरिक तत्त्वका रूपमा स्विकारिएको छ । यस्ता तत्त्वहरूले साहित्येतिहासकारको ऐतिहासिक ज्ञानलाई व्यवस्थित रूपमा आफ्नो कार्यक्षेत्रमा सफल प्रयोगको लागि यथोचित भूमिका निर्वाह गरेका हुन्छन् । यी आन्तरिक तत्त्वहरूका बारेमा यहाँ सङ्क्षिप्त चर्चा गरिएको छ :

[१४] डा. दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. ३८ ।

## अ)    मूल्य-निर्णय

इतिहासका तथ्यहरू (कृति, घटना वा आन्दोलन, प्रकाशन आदि) को व्याखय विश्लेषण वा लेखाजोखा गर्दा त्यसै समयका नैतिक वा आचारगत मान्यताहरूलाई आधार बनाउनु पर्दछ भन्ने अवधारणालाई मूल्य-निर्णय भनिन्छ ।[१५] साहित्येतिहासकारले वर्तमान मूल्य-मान्यताका आँखाबाट सर्जक र सिर्जनालाई नहेरी तत्कालीन मूल्य-मान्यता तथा त्यसैका धरातलमा रहेर यथार्थ तथ्यको लेखाजोखा गरेमात्रै इतिहासप्रति न्याय भएको मानिन्छ । विगतप्रति न्याय गर्न विगतकै मानदण्डअनुसार निर्णय गर्ने प्रयत्न साहित्येतिहासकारले गर्नुपर्दछ भन्ने अवधारणा यसमा रहेकाले विगतको सामाजिक, सांस्कृतिक, नैतिक संसारलाई कुनै आग्रह र भेदभावबिना कृति र कृतिकारको व्याख्या गर्ने र साहित्यिक इतिहासलाई जीवन्त बनाउने उद्देश्य मूल्य-निर्णय पद्धतिको हुन्छ ।

साहित्येतिहासकारले साहित्यिक विकासको विवेचना गर्नुका साथै परिवर्तनशील साहित्यिक गतिविधिहरूको मूल्याङ्कन पनि गर्दछ । यसका साथै इतिहासको कुनै प्रसङ्गमा लेखिएका कृतिविशेषको सौन्दर्यशास्त्रीय मूल्य मात्र होइन बौद्धिक मूल्यसँग पनि मूल्य-निर्णय भन्ने कुरा त्यत्तिकै सवल रूपमा रहेको हुन्छ । साहित्य सिर्जनामा समयसापेक्ष यी दुवै प्रकारका मूल्यचेत सक्रिय रहन्छन् जसले सम्पूर्ण युगीन परिवेशलाई प्रभावित पारिरहेका हुन्छन् ।[१६]

## आ)    कल्पना

साहित्येतिहासमा विज्ञान र कला दुवैको सम्मिश्रण रहन्छ । इतिहासलाई कलाको रूप प्रदान गर्ने महत्त्वपूर्ण तत्त्वका रूपमा कल्पनालाई लिइन्छ । त्यसो त विज्ञानमा पनि कल्पना तथा प्राक्कल्पनाजस्ता कुराहरू पनि समावेश हुन्छन् । साहित्य स्रष्टाहरूलाई झैँ इतिहासकारहरूलाई पनि इतिहासलेखनमा कल्पनाशक्तिले सहयोग पुऱ्याउँछ । भूतकालको यथार्थ चित्र उतार्नु इतिहासको अभीष्ट हो भने त्यसालाई

[१५] ऐजन् ।
[१६] ऐजन् पृ. ३९ ।

पूर्णता प्रदान गर्न इतिहासकारले अङ्गीभूत आवश्यकताका रूपमा कल्पनाको सहारा लिनुपर्ने हुन्छ । कुनै पनि ऐतिहासिक साध्यहरूबीचमा परस्पर सम्बन्ध स्थापित गर्न इतिहासकारले कल्पनाको सहाराबाट आफ्नो लक्ष्यमा पुग्दछ ।

कल्पनालाई सिर्जना एवम् रचनापरक शक्ति मान्ने भारतीय विद्वान् शिवकुमारका विचारमा यस सिर्जनात्मक एवम् रचनात्मक शक्तिद्वारा इतिहासकारले वर्तमानमना रहेर भूतकालीन जीवनका विस्मृतिगर्भमा छिपेका तथ्यहरूको उद्घाटन गर्दै मानव जीवनको चिन्तन गर्दछ ।[१७] यसप्रकार के देखिन्छ भने कल्पनाविना ऐतिहासिक निरन्तरता असम्भवप्रायः छ । साहित्येतिहासकारले आफ्नो विवरणलाई प्रभावात्मक तथा चित्रात्मक बनाउनका लागि पर्याप्त शक्तिशाली कल्पनाको प्रयोग गर्नुपर्ने हुन्छ । कल्पनाकै सहायताबाट इतिहास लेखनले सौन्दर्य प्राप्त गर्नुका साथै ऐतिहासिक रचनाहरूको गठनका लागि आवश्यक पूर्वाधार समेत प्राप्त गर्दछ ।

### इ) इतिहासवाद

ऐतिहासिक ज्ञानको विश्लेषणात्मक तथा परिकल्पनात्मक व्याख्या नै इतिहासवाद हो । ऐतिहासिक ज्ञान भन्नाले कुनै सामान्य नियमको खोजी नभएर कुनै घटना विशेषलाई सम्झने एवम् बुझ्ने चेष्टा हो । ऐतिहासिक दर्शनलाई वैज्ञानिक रूप प्रदान गर्नाका लागि इतिहासवादको प्रयोग गरिन्छ । इतिहासकारले यसलाई साधन वा उपकरणका रूपमा प्रयोग गर्छन् र पाठकवर्गको संवेदनशीलतालाई छुन्छन् । इतिहासको खाल्डोमा बिलाएर वा हराएर गएका कतिपय साहित्यिक कृति वा कृतिकार, परम्परा, मान्यता आदिलाई पुनर्निर्माण गरेर साहित्येतिहासकारले पाठकसामु उभ्याइदिन्छ । अथवा साहित्येतिहासकारले इतिहासवादका जगमा टेकेर ऐतिहासिक महत्त्व बोकेका सामग्रीलाई बुझ्न पाठकवर्गलाई सुगम बनाईदिन्छ । त्यसैले यस इतिहासवादको माध्यमबाट समयको गर्तमा हराएर गएका ऐतिहासिक निधिहरू उपलब्ध गर्न ठूलो सहयोग मिल्ने भएकाले साहित्येतिहासमा यसलाई अङ्गीभूत गर्ने गरिन्छ ।[१८]

---

[१७] डा. शिवकुमार, पूर्ववत्, पृ. ६ ।
[१८] डा. दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. ४१ ।

इतिहासको कारणात्मक सम्बन्धलाई बुझ्रेर इतिहासको गतिलाई नियमित गर्ने सामान्य सिद्धान्तहरूको अध्ययनद्वारा इतिहासको भावी दिशा तथा उद्देश्यवारे ज्ञान प्राप्त गर्न सकिन्छ भन्ने मान्यता इतिहासवादको रहेको छ । यस्तै साहित्येतिहासका पनि आफ्नै संरचनात्मक स्वरूपहरू छन् र साहित्यजस्तै यसमा पनि सैद्धान्तिक कसीमा रहेर अर्थात् सामान्य सिद्धान्तका आधारमा कलम चलाउने प्रतिभाहरूको योगदान महत्त्वपूर्ण रहेको छ । जसका कारण नै साहित्येतिहास गतिशील र प्रभावकारी बनेको देखिन्छ ।

### २.३.३ साहित्येतिहासको पद्धति

साहित्य तथा साहित्येतिहास यी दुवै विधा कुनै समयमा छुट्टै विधाको रूपमा नभई साहित्यसँगै अन्तर्निहित थिए तर आज आएर यी दुवै विधा छुट्टाछुट्टै ज्ञानको शाखाका रूपमा विकसित भइसकेका छन् । यसरी साहित्येतिहास छुट्टै स्वरूप र मान्यताप्राप्त विधाका रूपमा विकसित भए पनि यो विधाले साहित्यलाई नै प्रभावित तुल्याएको पाइन्छ । यसले गर्दा साहित्येतिहास लेखनको आफ्नै वैशिष्ट्य एवम् विलक्षणताहरू देखापरेका छन् ।

डा. सुमनराजेले साहित्येतिहास लेखनमा लेखनका प्रक्रियालाई ६ भागमा विभाजित गरेका छन् -

क) सामग्री सङ्कलनसम्बन्धी प्रक्रिया

ख) प्रामाणिकता निर्धारणसम्बन्धी प्रक्रिया

ग) सम्बन्ध निर्धारणसम्बन्धी प्रक्रिया

घ) कार्यकारणसम्बन्धी प्रक्रिया

ङ) मूल्याङ्कन सम्बन्धी प्रक्रिया

च) प्रस्तुतीकरण सम्बन्धी प्रक्रिया ।[१९]

उपर्युक्त ६ वटा प्रक्रियाहरूमध्ये अन्तिमका चारओटा प्रक्रियालाई प्रस्तुतीकरणभित्रै राख्न सकिने विचार राख्दै डा. शिवकुमारले साहित्येतिहास लेखन सामान्य इतिहासलेखन जस्तै प्रमुख ३ ओटा कार्यसँग सम्बन्धित हुने बताएका छन् । ती हुन् -

---

[१९] शिवकुमार, पूर्ववत्, पृ. ४१ ।

क) सामग्री सङ्कलन एवम् तथ्यहरको छनोट

ख) सामग्रीको परीक्षण र

ग) सामग्रीको प्रस्तुतीकरण ।[२०]

डा. दयाराम श्रेष्ठका अनुसार साहित्येतिहास पद्धति र प्रतिमानहरूलाई जम्मा तीन खण्डमा चर्चा गरिएको छ :

क) योजना

ख) विधि

ग) प्रस्तुति[२१]

योजना विधि र प्रस्तुति एक आपसमा अन्योन्याश्रित छन् र यीमध्ये एउटाको अभावमा साहित्येतिहास लेखनको कार्य अपूर्ण हुने गर्दछ । यी तीन विधिको प्रयोग भइसक्दा साहित्येतिहासकारलाई निश्चित लक्ष्य प्राप्त हुन्छ । सर्वप्रथम साहित्येतिहासकारले एउटा निश्चित संरचनाभित्र रहेर साहित्यको इतिहासलाई के कसरी प्रस्तुत गर्ने भन्ने समस्याको समाधान गर्न विस्तृत योजनातयार पार्नु पर्छ । योजना जति सशक्त र प्रभावकारी भयो त्यति नै विधिको प्रयोग र प्रस्तुति आकर्षक र सफलीभूत हुने भएकाले कस्तो इतिहास लेख्ने भन्ने योजनालाई निकै सतर्कतासँग अपनाउनु अत्यन्त जरुरी हुन्छ । आफ्नो योजना तयार भएपछि साहित्येतिहासकारले रचनाकाल निर्धारण गर्न, प्राप्त सामग्रीलाई अधिकाधिक तथ्यपूर्ण बनाउन, रचनाकार ठम्याउन, त्यसको ऐतिहासिक मूल्य स्थापित गर्न तथा साहित्येतिहासलाई बढी वैज्ञानिक र आधिकारिक तुल्याउन आवश्यक पर्ने विधिको छनोट गर्दछ । जब विधिको टुङ्गो लाग्दछ तब प्रस्तुतीको सिलसिला प्रारम्भ हुन्छ । प्रस्तुतीलाई बढी व्यवस्थित तथा तर्कसङ्गत रूप दिनका लागि साहित्येतिहासकारले सामग्रीलाई एउता शृङ्खलाबद्ध रूप दिनुपर्छ र विवरणमा कार्यकारणकाबीच सम्बन्ध स्थापित गर्नुपर्छ । यसरी योजनादेखि प्रस्तुतिसम्मका सम्पूर्ण प्रक्रिया र पद्धति एकअर्कासँग सम्बन्धित हुँदै एक आपसमा निर्भर समेत रहन्छन् ।

---

[२०] शिवकुमार, पूर्ववत्, पृ. ९० ।
[२१] दयाराम श्रेष्ठ, पूर्ववत् ।

## अध्याय तीन

## नेपाली समालोचनाको इतिहास

साहित्यकारले साहित्य सिर्जेपछि त्यस कृतिको भावयित्री प्रतिभा भएका व्यक्तिद्वारा गरिने व्याख्या र मूल्याङ्कनलाई समालोचना भनिएको छ । समालोचनाले एकातिर कृतिको सौन्दर्यात्मक मूल्यको पारख गर्दै त्यसका संरचनामा संश्लिष्ट भएर रहेका यावत् कुराहरूको तर्कसङ्गत परीक्षण गर्दछ भने अर्कातिर कृतिभित्र प्रवेश गर्ने क्रममा पाठकलाई मार्गनिर्देशन पनि दिन्छ । यसकारण के भन्न सकिन्छ भने सिर्जनामा व्यक्त भएको चिन्तन तथा कृतिको वस्तुगत र रूपगत सौन्दर्यलाई चिरफार गर्दै समालोचक स्वयम्ले आत्मसात गरेको धारणालाई प्रतिक्रियास्वरूप अरु पाठकसमक्ष प्रस्तुत गर्नु समालोचना हो । अरु भनौं, समालोचना भनेको सिर्जनाको गुण अवगुण पारदर्शी ढङ्गले प्रस्तुत गर्ने कला विशेष हो ।[२२]

नेपाली समालोचनाको इतिहास त्यति पुरानो छैन । समालोचना सिर्जनाको अनुवर्ती विद्या हो भन्ने कुरालाई उन्नाइसौं शताब्दीको पुर्वार्द्धबाट नेपाली भाषामा साहित्यलेखन आरम्भ भएको र बीसौं शताब्दीको मध्यतिरबाट समालोचनाको लेखनचेष्टा थालिएको घटनाले पनि पुष्टि गर्दछ । हुन त मोतीराम भट्टको **भानुभक्ताचार्यको जीवनचरित्र** (१९४८) लेखिनु अगावै पनि हीनव्याकरणी विद्यापतिको सत नायिका भेदको पद्य, भानुभक्त आचार्यको नेपाली भाषाप्रति अरुलाई खुबी देखाउन चुनौति दिएको श्लोक जस्ता केही फाट्टफुट्ट समीक्षाचेतका झल्काहरू देखापर्छन् तर तिनले द्रष्टाचेतनाका बीजहरूमात्र देखाउने असचेत प्रयास गरेको पाइन्छ । मोतीराम भट्ट नेपाली समालोचनाको इतिहासका त्यस्ता प्रथम समालोचक हुन जसले समालोचना विधाको जग बसाली भानुभक्तको जीवनी, कविव्यक्तित्व र कविताबारे जानकारी दिनुका साथै प्रारम्भिक रूपमा नै भए पनि उनको कवि व्यक्तित्वको केही विवेचना र मूल्याङ्कन गर्ने प्रयास गरे । यसकारण मोतीराम भट्टद्वारा लिखित **कवि भानुभक्त आचार्यको जीवनचरित्र** (१९४८) नामक कृतिलाई आधार मानेर यो

[२२] राजेन्द्र सुवेदी, **नेपाली समालोचनाको परम्परा र प्रवृत्ति,** (वाराणसी : भूमिका प्रकाशन, २०६१), पृ. १९ ।

समयविन्दुभन्दा अगाडिको समयलाई समालोचना लेखनको पृष्ठभूमिकाल स्विकारी वि.सं. १९४८ पश्चात नेपाली समालोचनाको सुरुआत भएको हो भन्न सकिन्छ ।

वि.सं. १९७९ नेपाली समालोचनाको इतिहासको अर्को त्यस्तो विन्दु हो जहाँबाट समालोचनामा गुणको कदर र आदरणीयको सम्मान गर्न सक्नुपर्छ भन्ने चेतनाको विकास भएको छ र नैतिकता, आदर्श र स्वतन्त्रताको नियम र निष्ठा, मानवीय मूल्य, जाति धर्म, संस्कृति र परम्पराका समग्र पक्षहरूको सिर्जनाभित्र खोजी गर्ने परम्पराको थालनी भएको छ । यो समयविन्दुपश्चात नै समालोचकहरूले सिर्जनाका विविध विधाहरूमा देखापरेको आधुनिकताको मूल्य निर्धारण गर्ने र स्रष्टालाई सतर्क बनाउने कामको थालनी गरेको पाइन्छ । **नैवेद्य समालोचना** (१९७९) लिएर समालोचनाका क्षेत्रमा युगप्रवर्तक व्यक्तित्वका रूपमा देखापरेका सूर्यविक्रम ज्ञवाली आधुनिक नेपाली समालोचनाका आरम्भकर्ता मानिन्छन् ।[२३]

उपर्युक्त दुई तथ्यहरूका आधारमा नेपाली समालोचनाको इतिहासलाई निम्नलिखित तीन चरणहरूमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ :

क) प्रथम चरण (पृष्ठभूमिकाल, आरम्भदेखि १९४७ सम्म)

ख) द्वितीय चरण (प्रचेष्टाकाल, १९४८ देखि १९७८ सम्म)

ग) तृतिय चरण (आधुनिक काल, १९७९ देखि हालसम्म)

### ३.१.१ पृष्ठभूमिकाल (आरम्भदेखि १९४७ सम्म)

नेपाली समालोचनाको पृष्ठभूमि कालमा समालोचना लेखनको असचेत प्रयास भएको देखिन्छ । यस समयमा समालोचनालेखनको खास प्रवृत्ति देखापर्दैन तर केही त्यस्ता द्रष्टाचेतनाका बीजहरू देखिन्छन् । जसका जगमा उभिएर नै नेपाली समालोचनाको इतिहासमा प्रचेष्टा कालको आरम्भ भएको छ । कविता र काव्यमा प्रसङ्गवश परिस्थिति र जीवनमूल्यको निरूपण गर्दा यसबेलाका सर्जक व्यक्तित्वले

---

[२३] ऐजन्, पृ.७४ ।

यथास्थान समालोचकीय बिम्ब उपस्थापन गरेकै छन् । पृथ्वीनारायण शाहको दिव्योपदेशमा पाइने ध्वनि र बिम्बचेत, स्थिति र मूल्यको आलोचनाचेत, शक्तिबल्लभ अर्ज्याल र उदयानन्द अर्यालका रचनामा पाइने टिप्पणीचेत, यदुनाथ पोखरेल र भवानीदत्त पाण्डेको रचनामा पाइने द्रष्टाचेत सुन्दरानन्द बाँडा र भानुभक्त आचार्यका रचनामा पाइने मूल्याङ्कनचेत नेपाली समालोचनाका प्राग्भूमि बनेर नेपाली समालोचनाको इतिहास रहेको देखिन्छ । यही पृष्ठभूमिले नै नेपाली समालोचनाको विकास विस्तारमा प्रत्यक्ष परोक्ष रूपमा प्रशस्त भूमिका खेलेको छ । यस बेलाका समीक्षणबिजले नेपाली समालोचनाको प्रारम्भिक धर्तीमा समालोचनाको विशाल बृक्ष उमार्ने सोच त बनाएको छैन तर यसले परवर्ती समालोचकहरूलाई द्रष्टाचेतको रन्को सुनाइदिएको भने अवश्य छ ।

### ३.१.२ प्रचेष्टाकाल (१९४८ देखि १९७८ सम्म)

नेपाली समालोचनाको प्रचेष्टाकाल मोतीराम भट्टको आगमनसँगै थालिन्छ । मोतीराम भट्टले भानुभक्तका कृतिहरूको खोजी गरी तिनको अध्ययन पर्यवेक्षण गर्दै उनका रचनालाई उत्कृष्ट मान्न सकिने आधारहरू जुटाएर समालोचनाको थालनी गरेका हुन् । सचेत रूपकै साहित्यशास्त्र लेखनको आरम्भ पनि भट्टले नै गरेको पाइन्छ । कवितात्मक मूल्यको खोजी गर्दै लेखिएको पद्यात्मक समालोचना **कविताको सरजाम** जीवनी बाहेक आलोच्य कवि र काव्यको समेत विवेचना गरिएको **कवि भानुभक्तको जीवनचरित्र** गरी दुई समालोचनात्मक प्रचेष्टाबाट मोतीराम भट्टले नेपाली समालोचनाको प्रारम्भिक यात्रालाई अघि बढाइदिने कार्य गरेका छन् । यस कामले नै उनलाई नेपाली साहित्यका प्रथम आलोचक (समालोचक) बनायो ।[२४]

कवि भानुभक्तको जीवनी, कविव्यक्तित्व र कविताबारे जानकारी दिनुका साथै प्रारम्भिक रूपमा नै भए पनि आफ्ना श्रद्धेय आदिकविको कविव्यक्तित्वको केही विवेचना र मूल्याङ्कन गर्ने प्रयास गरेका नेपाली समालोचनाका प्रथम समालोचक मोतीराम भट्टबाट सुरुभएको समालोचनाको प्रचेष्टाकालमा त्यसपछि नेपाली भाषा र

[२४] तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास,** (चौ.सं.) (काठमाडौं : अक्षर प्रकाशन, २०५६), पृ. ५८ ।

व्याकरण तथा साहित्यका सैद्धान्तिक सन्दर्भमा शास्त्रीय मार्ग अन्वेषण गर्ने वीरेन्द्रकेसरी अर्यालको **बेसरी** नामक समीक्षात्मक कृति १९६३/६४ को सुन्दरी पत्रिकामा फेलापर्छ । यस कृतिले भाषा र व्याकरणलाई अनुशासित गर्ने मान्यता बोकेर साहित्यको सौन्दर्यशास्त्रको प्रयोग र व्याख्या गर्ने काम गरेको छ । अवधी भाषामा आभूषण अर्थात् नाकका लगाइने गहनालाई बुझाउने संज्ञाबोधक शब्द 'बेसरी' शीर्षक राखेर अर्यालले साहित्यको सुन्दरता नै भाषाको आभूषण हुनाले यसै मान्यताले केन्द्रमा राखेर कृतिको लेखन र मूल्याङ्कन गर्नुपर्छ भन्ने मान्यता स्थापित गर्न खोजेका छन् र सैद्धान्तिक समीक्षाशास्त्रलेखनको प्रचेष्टा देखाएका छन् ।

समालोचनालेखनको प्रचेष्टाकै क्रममा यस कालमा नेपाली भाषाको विचलनशील र विकसित अवस्थालाई आफ्नै ढङ्गले व्यवस्थित प्रदान गर्ने प्रयत्न गर्दै राममणि आ.दी. कवितारीति र एक समीक्षा जस्ता समीक्षत्मक कृति सहित देखा पर्छन् । आ. दी का यी दुवै कृतिहरू सौन्दर्यशास्त्रीय चिन्तनको प्रस्तुति सँग विशेष केन्द्रित छन् । आफ्ना कृतिमा आ.दी.ले छन्द अनुप्रास तथा रचना शैलीका पक्षमा र हलन्त बहिष्कार तथा उपर्युक्त लिङ्ग व्यवस्थाका पक्षमा आवाज उठाएको पाइन्छ । जसले समालोचनाको सैद्धान्तिक सशक्तता भन्दा पनि बढी समालोचकीय प्रचेष्टा नै देखाएको ठहर्छ । यसै कालखण्डमा पूर्वीय काव्यसिर्जना र सौन्दर्यशास्त्रको पारख एकै ठाउँमा गरी साहित्यिक सौन्दर्यशास्त्रको शास्त्रीय मापदण्डमा उभिएर काव्य सिर्जना गर्नुपर्छ भन्ने मान्यता भएका कुलचन्द्र गौतमको अलङ्कारचन्द्रोदय (१९७५) जस्तो कृति पनि देखापर्छ । शम्भूप्रसाद ढुङ्गेलले भानुभक्तको कवित्वचेतनालाई मूल्याङ्कन गर्दै उनको जीवनीलाई समेत प्रस्तुत गरेर मोतीराम भट्टले थालेको जीवनीमूलक समीक्षालेखन कार्यलाई थाम्ने प्रयास गरेका छन् । उनको भानुभक्तको जीवनचरित्र (२०४९) मा भानुभक्तको जीवनीमूलक समिक्षालाई अत्यन्त सजिव उदाहरण सहित प्रस्तुत गरिएको छ । ढुङ्गेलको अर्को समीक्षात्मक कृति कविताको फल (१९७७) ले नेपाली कविताको ऐतिहासिक परिप्रेक्ष्य देखाउँदै लेखनाथको कवित्व सम्बन्धी विशेषता र कमजोरीलाई साहित्यिक पारामा उपस्थापन गर्ने काम गरेको छ । यो एउटा प्रतिभाशाली कविले अर्का प्रतिभाशाली कविका कविताबारे खुलेर समालोचना गरेको घटनाका दृष्टिले

समेत यसलाई महत्वपूर्ण मान्न सकिन्छ ।[२५] यस कालखण्डमा शृङ्गार रस सम्बद्ध सैद्धान्तिक चेतनाको प्रयोग खोज्ने शिखरनाथ सुवेदी तथा नेपाली भाषा सम्बन्धी विचार विमर्श खोज्ने पद्मलाल सापकोटा प्रवृत्तिका व्यक्तिहरू पनि देखापर्छन् तर ती समालोचनाको प्रचेष्टाका हिसाबमा पनि गौण ठहरिन्छन् ।

यस कालखण्डमा समालोचनाको प्रचेष्टालाई गतिशील बनाउन सहयोग गर्ने र त्यसमा उर्जा भरिदिने कार्य विभिन्न साहित्यिक तथा समाचारमूलक पत्रिकाहरूबाट भएको तथ्यलाई हामीले विर्सन मिल्दैन । यस बेलाका समालोचनाहरू आदर्शपरक तथा प्रभावपरक ढङ्गका अनि कतैकतै शास्त्रीय सिद्धान्तका मोडमा घुमेका पनि देखापर्छन् । समालोचनाभित्र भावुकताले र व्यक्तिप्रशंसाले प्रशस्त स्थान पाएको छ तर यहि आधारले नै सौन्दर्यशास्त्रीय आधारमा गुण दोषको सन्तुलित विवेचना निर्णय र मूल्याङ्कन गर्ने भविष्यको खोजी गर्दै नेपाली समालोचनालाई आधुकितातर्फ उन्मुख गराउन खेलेको भूमिका सह्रानीय भने अवश्यै छ ।

### ३.१.३ आधुनिक काल (१९७९ देखि हालसम्म)

नेपाली समालोचनाको यात्राले वि.सं. १९७९ को सूर्यविक्रम ज्ञवालीको **नैवेद्य समालोचना** पश्चात् आधुनिकतालाई पछ्याउन थाल्छ । आधुनिक कालको पहिलो उठान समालोचनाका क्षेत्रमा प्रयोगिक समीक्षा गर्ने, शोधखोजतर्फ रुचि देखाउने, सैद्धान्तिकताका कसीमा समीक्षा गर्ने तथा भाषा साहित्य, कला र संस्कृतिका मूल्यहरूको संवेदनशीलतामाथि ध्यान दिएर समालोचनाको नयाँ क्षितिज उघार्ने कार्यमा निर्भर रहेको छ । यसरी हेर्दा यो उठान वि.सं. २००३ सालसम्म सक्रिय रहन्छ । त्यसपछि समालोचनाको क्षेत्रमा भाषा, साहित्य, सांस्कृतिक विषयहरूको शोधखोज गर्ने तिनको उद्घाटन गर्ने, समालोचनाको सौन्दर्यशास्त्र प्रतिपादन गर्ने तथा चिन्तन प्रधान समालोचना लेख्ने धारको विकास हुनछ जसले नेपाली समालोचनालाई २०२० सालसम्म प्रभावित तुल्याउँछ । वि.सं. २०२१ सालदेखि भने शोधखोजपरक समालोचना, लोकसाहित्य, बालसाहित्य, समाज तथा संस्कृतिमूलक समालोचना, पूर्वीय

[२५] चूडामणि बन्धु, (सम्पा.) **नेपाली साहित्यको इतिहास,** (प्रथम खण्ड) काठमाडौं : ने.प्र.प्र. २०६०, पृ. ५१९ ।

तथा पाश्चात्य अनि आधुनिक र उत्तर आधुनिक सौन्दर्यपरक समालोचना प्रगतिवादी समालोचनाजस्ता समालोचनात्मक प्रक्रियाका विभिन्न धाराहरू देखापर्दछन् । यस समयमा प्रभावपरक समालोचना पनि प्रशस्त देखापर्दछ । यसरी हेर्दा के देखिन्छ भने नेपाली समालोचनाको आधुनिककाललाई तीन विभिन्न उठानमा विश्लेषण गर्नु उपर्युक्त हुन्छ ।

क) पहिलो उठान (वि.सं. १९७९-२००३ सम्म)

ख) दास्रो उठान (वि.सं. २००४-२०२० सम्म)

ग) तेस्रो उठान (वि.सं. २०२१- हालसम्म)

### ३.१.३.१ पहिलो उठान

नेपाली समालोचनाको आधुनिक कालको पहिलो उठान वि.सं. १९७९ बाट सुरु भई वि.सं. २००३ सम्म सक्रिय रहन्छ । **गोर्खाली** (१९७२) पत्रिकामा पनि सम्पादक रहेका सूर्यविक्रम ज्ञवालीको **नैवेद्य समालोचना** (१९७९) आधुनिक कालको आरम्भकर्ता त हो नै त्यसका साथसाथै गुणको कदर गर्नुपर्छ । मानवीयका समग्र पक्षहरूलाई नियालेर आदरणीयको सम्मान गर्नुपर्छ भन्ने मान्यताका साथ देखापरेको आधुनिक समालोचनाको पूर्ण प्रस्थानविन्दु पनि हो । १९९५ सालमा 'कथाकुसुम' सङ्ग्रहको सम्पादन गरेर कथाको आधुनिकतालाई चिन्न सक्ने सामर्थ्य बोकेका ज्ञवालीले आधुनिक नेपाली समालोचनाको धरातल स्थापना गर्ने सार्थक प्रयास गरेको प्रस्ट हुन्छ ।

आधुनिक नेपाली समालोचनाको पहिलो उठानमा देखापरेका अन्य समालोचकहरूमा रामकृष्ण शर्मा, पारसमणि प्रधान, बाबुराम आचार्य, यदुनाथ खनाल, रत्नध्वज जोशी आदि प्रशिद्ध छन् । यस समयका रामकृष्ण शर्मा तुलनात्मक पद्धतिको समेत प्रयोग गर्दै तार्किक प्रस्तुतिका माध्यमबाट सर्जकको दोषहरू निर्भीकताका साथ देखाएर आफ्नो स्पष्टवादी दृष्टिकोण, हक्कीपन तथा सिद्धान्तका आधारमा प्रायोगिक समालोचना गर्ने प्रखर समालोचकीयता प्रदर्शित गर्न सफल भएका छन् । **अङ्ग्रेजी साहित्यको प्रभाव** (१९९९: शारदा) बाट समालोचनाका क्षेत्रमा प्रवेश गरेका शर्माका

**सप्त शारदीय** (२०२४) **दश गोर्खा** (२०२६) र **एक बिसाउनी** (२०३८) गरी तीनओटा समीक्षात्मक लेखहरू प्रकाशित छन् । त्यस्तै पारसमणि प्रधान स्रष्टाको प्राप्ति र अप्राप्तिको सटिक समीक्षा र यथोचित मूल्याङ्कन गर्दै नेपाली भाषाको विकासका बारेमा व्यापक खोजअनुसन्धान गर्ने समालोचकका रूपमा स्थापित बनेका छन् भने बाबुराम आचार्य पुरातन सामग्रीहरूको अन्वेषण गरी तिनलाई प्रामाणिक तुल्याउँदै वैशिष्ट्यका आधारमा साहित्यको कालविभाजन समेत गर्ने तथा तुलनात्मक तरिकाले कृतिका विशेषताहरूको खोजी गरी कृतिको उच्चता मापन गर्ने कार्यमा सशक्त देखिएका छन् । आचार्यका **तुलनात्मक सुन्दरकाण्ड** (२००२) र **पुराना कवि र कविता** (२००३) गरी दुईओटा समालोचनाका पुस्तकहरू प्रकाशित छन् ।

यस कालखण्डका प्रखर समालोचक तथा काव्यचिन्तकका रूपमा रहेका यदुनाथ खनालका **समालोचनाको सिद्धान्त** (२००३) र **साहित्यिक चर्चा** (२०३४) गरी दुईओटा समालोचनात्मक कृतिहरू रहेका छन् । **समालोचनाको सिद्धान्त** (२००३) बाट नेपाली समालोचनामा पूर्वीय र पाश्चात्य समालोचनाशास्त्रका आधारभूत प्रणेता बनेका शर्मा गहन अध्ययन र प्रामाणिक तथ्यका आधारमा कृतिको नीतिपरक समालोचना गरी साहित्यलाई अनुत्पादक र बौद्धिक व्यायाम मात्र ठानिनुहुन्न, यसको त जीवन र जगत्सँग गहन् सम्बन्ध रहन्छ भन्ने अभिमत राख्ने गम्भिर र समालोचक हुन् । यस समयका प्रभाववादी र आदर्शवादी समीक्षकका रूपमा देखिने रत्नध्वज जोशी अनि निबन्धलेखन तथा कवितालेखनका क्रममा समेत आफ्नो द्रष्टाचेत विस्तार गर्ने, रूप पक्षलाई गौण ठान्ने र भाव वा विचारलाई महत्त्व दिने प्रारम्भतिर प्रभाववादी भएपछि पछिपछि यथार्थवादी चिन्तन र प्रभाव भएका लक्ष्मीप्रसाद देवकोटाजस्ता समीक्षक पनि देखापर्दछन् ।

समग्रमा आधुनिक कालको पहिलो उठानको समालोचनाको यात्राले समालोचनाको दिशानिर्दिष्ट गर्दै ऐतिहासिक सामग्रीको शोधखोज गर्ने, साहित्य सौन्दर्यशास्त्रको निरूपण गर्ने प्रयत्न गर्ने, तुलनात्मक समालोचनाको शिल्प प्रदर्शित गर्ने तथा कृतिको मूल्याङ्कन गरी स्रष्टालाई सर्तक तुल्याउने जस्ता समालोचकीय गहन

जिम्मेवारी पुरा गरेको छ र दोस्रो उठानका लागि समालोचनाको बलियो जग बसालेको छ ।

### ३.२.३.२ दोस्रो उठान

नेपाली समालोचनाको इतिहासमा दास्रो उठानसँगसँगै बहुविध समालोचना पद्धति र दिशाहरूको उद्घाटन भएको छ ।[२६] बाबुराम आचार्यले सुरुवात गरेको इतिहासमा लुकेर रहेका सामग्रीको अन्वेषण सम्पादन र समीक्षण गर्ने समालोचना परम्परा यस उठानमा विस्तृत बनेर गयो भने मार्क्सवादी सौन्दर्य चिन्तनबाट साहित्यको समीक्षा गर्ने परम्पराको जग यस उठानको आरम्भसँगै बस्यो । सैद्धान्तिक समालोचना सम्बन्धी गहकिला रचनाहरू प्रकाशित हुनका साथै यस उठानमा प्रभावपरक भए पनि गुणदोष विवेचना गरिएका विश्लेषणत्मक र मूल्याङ्कनपरक समालोचनाहरू प्रशस्त देखिए । प्रगतिवादी समालोचनाका दृष्टिले पनि नेपाली समालोचनाको यो उठान ज्यादै उर्वर नै देखापऱ्यो ।

वि.सं. २००४ देखि २०२० सम्मको समयावधिमा देखापरेका बालचन्द्र शर्मा, ईश्वर बराल, डिल्लीराम तिम्सिना, जनकलाल शर्मा, कमल दीक्षित, यज्ञराज सत्यालजस्ता समालोचकहरूले साहित्यका ऐतिहासिक सामग्रीहरूको अन्वेषण समीक्षण कार्यमा बढ्ता चासो देखाए । साहित्यलाई अथवा भनौँ यसका विविध विधाहरूको इतिहासलाई विभिन्न चरणमा विभाजन गरेर अध्ययन गर्ने परम्पराको थालनी गर्नु, अन्वेषित सामाग्रीलाई सम्पादन प्रकाशन गर्नुका साथै समसामयिक रचनाको सैद्धान्तिक तथा प्रायोगिक मूल्याङ्कन गर्ने कार्यमा पनि यी समालोचकहरूको योगदान रहेकै छ ।

समालोचनाको दोस्रो उठानमा देखापरेका कालीभक्त पन्त, सत्यमोहन जोशी, धर्मराज थापाजस्ता व्यक्तिहरूले लोकसाहित्यमा लोकसंस्कृति विषयक अध्ययनमा रुचि देखाई त्यसको शोधखोज गर्ने कार्य गरे । लोकसाहित्यको स्थलगत अध्ययन गरी लोकजीवन लोकपद्धतिको अन्वेषण समीक्षण गर्ने काम यी समालोचकहरूबाट भएको छ । त्यस्तै यस उठानमा पूर्वीय समालोचना चिन्तनका दृष्टिले साहित्यको मूल्याङ्कन र

[२६] ऐजन, पृ. १११ ।

व्याख्या गर्ने अनि त्यसै अनुरूपको साहित्यशास्त्रीय मानदण्ड स्थापित गर्ने प्रयत्न पनि भएको छ । पूर्वीय साहित्यशास्त्र तथा सौन्दर्यशास्त्रीय चिन्तनलाई अध्ययन, अनुसन्धान र समीक्षण कार्यको आधारभूमि बनाउने समालोचकहरूमा कुलचन्द्र गौतम, सोमनाथ सिग्द्याल, छविलाल पोखरेल, बदरीनाथ भट्टराई, गोविन्दप्रसाद भट्टराई आदि प्रसिद्ध छन् । सोमनाथ सिग्द्यालको **साहित्यप्रदीप** (२०१५) त पूर्वीय सौन्दर्यशास्त्रको मानक तथा आधिकारिक ग्रन्थका रूपमा नै प्रतिष्ठित बनेको छ ।

नेपाली समालोचनाको आधुनिक कालको दोस्रो उठानको मूल केन्द्रहरू प्रगतिवादी समालोचना रहेको देखिन्छ । प्रगतिवादी समालोचनाले सिर्जनामा सर्वहारा वर्गको स्वार्थ स्थापना गर्ने लक्ष्य मुखरित भएको छ कि छैन ? वर्गीय स्वार्थप्रति साहित्यकार कतिको प्रतिबद्ध बनेको छ ? कृतिको अन्तर्वस्तु र रूपमा कतिको सन्तुलन छ ? साहित्यले सर्वहारा वर्गको हितमा गरिने क्रान्तिको हतियारको भूमिका निर्वाह गरेका छ छैन ? भनी हेर्ने काम गर्छ । यही मूल्य र मान्यताअनुरूप आधुनिक नेपाली समालोचनाको दोस्रो उठानसँगै समालोचनाको परम्परागत प्रगतिवादी चिन्तन लिएर प्रशस्त समालोचकहरू देखापर्दछन् । जसमा हृदयचन्द्रसिंह प्रधान, कृष्णचन्द्रसिंह प्रधान, डी.पी. अधिकारी, श्यामप्रसाद शर्मा, तारानाथ शर्मा, आनन्ददेव भट्ट प्रमुख छन् । यी समालोचकहरूले वर्गीय समाजमा साहित्यको लक्ष्य साम्यवादी समाजको स्थापना गर्नु हुन्छ भन्ने मान्यता राखी नेपाली समालोचनामा वर्गीय चिन्तन भित्र्याउने र त्यसलाई परिपुष्ट पार्ने सार्थक प्रयास गरेका छन् । समाजका कमी कमजोरी तथा वर्गीय विसङ्गतिमाथि आक्रमण गर्दै यिनीहरूले साहित्यको सारवस्तुको महत्ता स्थापित गर्ने र वर्गीय चिन्तन नभएको साहित्य केवल कोरा बकवास मात्र हो भन्ने धारणालाई मूर्तता प्रदान गरी सोही अनुसारको समालोचनामा विश्लेषणात्मक सामर्थ्य देखाएको पाइन्छ ।

यसप्रकार आधुनिक नेपाली समालोचनाको दास्रो उठानमा अन्वेषणात्मक, सौन्दर्यशास्त्रीय तथा चिन्तप्रधान समालोचनाको बाहुल्य रहेको र यसले समालोचनाको विकास विस्तार तथा आधुनिक मूल्यहरूलाई अङ्गीकार गर्दै अग्रगामी दिशातर्फ समालोचनाको गति तीव्र बनाउन प्रशस्त सघाउ पुऱ्याएको छ । इतिहास खोतल्ने, सिद्धान्त निर्माण तथा स्थापित सिद्धान्तको आलोचना कृति विवेचना गरी त्यसको मूल्य

ठम्याउने अनि संवेदनशील तथा जनचासोको पक्षलाई महत्त्व दिई मार्क्सवादी अवधारणाअनुरूप कृतिलाई छिचोल्ने प्रयासका कारण यो उठानले समालोचनाको यात्रालाई जिम्मेवारीपूर्वक समुन्नतितर्फ उचाल्न भरमग्दुर प्रयास गरेको अनि परवर्ती समालोचनाको फाँटलाई उर्जा प्रदान गर्दै समालोचनात्मक प्रवृत्तिका विविध आयाम र परम्पराका विविध क्षेत्रलाई स्थापित गरेको प्रष्ट हुन्छ ।

**३.२.३.३ तेस्रो उठान**

आधुनिक नेपाली समालोचनामा २०२१ देखि वर्तमानसम्मको अवधिमा परम्परा र प्रवृत्तिको निरन्तरतामा पश्चिमी समालेचना जगत्मा उत्तर आधुनिकतावादी मूल्य र पद्धतिहरूको आविर्भाव भएका सैद्धान्तिक पद्धतिहरू नेपालीमा आयातित भएका छन् ।[२७] आधुनिक समालोचनाको तेस्रो उठानपश्चात समालोचनामा बढी गम्भीर र ओजस्वी बन्दै विकसित भएको छ र विविध रूपमा भ्याङ्गिएको छ । यस समयमा प्रगतिवादी समालोचनाको विकासमा अरु निखार देखिएको छ भने मनोविज्ञानपरक समालोचना प्रशस्त विकसित भएको र पर्याप्त मात्रामा शोधपरक समालोचना पनि लेखिने गरेको छ । बहुलवादी समालोचनापद्धति चर्चामा आउनु र विश्लेषणपरक एवम् मूल्याङ्कन पद्धतिले महत्त्व पाउनु यस उठाउनको महत्त्वपूर्ण वैशिष्ट्य हो ।

आधुनिक नेपाली समालोचनाको तेस्रो उठानमा साहित्यिक सामग्रीको अन्वेषण गरी त्यसका मूल्यहरूलाई आँकलन गर्दै स्रष्टा र सिर्जनाको काल, प्रवृत्ति, वैशिष्ट्य र प्राप्ति ठम्याउने सन्दर्भमा थुप्रै समालोचकहरू पङ्तिबद्ध बनेका देखिन्छन् । यसरी साहित्यिक सामग्रीको शोधखोजपरक समालोचनामा प्रवृत्त रहने समालोचकहरूमा इन्द्रबहादुर राई, शरदचन्द्र शर्मा भट्टराई, केशवप्रसाद उपाध्याय, तारानाथ शर्मा, ठाकुर पराजुली, रामलाल अधिकारी, घटराज भट्टराई, दयाराम श्रेष्ठ, राजेन्द्र सुवेदी आदि प्रमुख छन् । त्यस्तै कतिपय समालोचकहरू यस समयमा लोकसाहित्यको शोधखोजमा विशेष केन्द्रित रही लोकसाहित्यको बारेमा खोज अनुसन्धान, सङ्कलन वर्गीकरण, विश्लेषण समीक्षण एवम् मूल्याङ्कन गर्ने काम पनि जुटेका देखिन्छन् । यस्ता

[२७] ऐजन, पृ. ७३ ।

समीक्षकहरूमा कालीभक्त पन्त, नारदमुनि थुलुङ, डोरबहादुर विष्ट, काजीमान कन्दङ्वा, कृष्णप्रसाद पराजुली, लीलासिंह, देवकान्त पन्त, चूडामणि बन्धु, हंसपुरे सुवेदी, तुलसी दिवस, रामराज पन्त, मोतीलाल पराजुली, जीवेन्द्रदेव गिरी आदि प्रमुख छन् ।

आधुनिक नेपाली समालोचनाको यस उठानमा केही समालोचकहरू आफ्नै सैद्धान्तिक प्रतिवद्धतामा जुट्दै समाजका यथार्थहरूलाई हेर्ने मार्क्सवादी नवीन चिन्तनदृष्टिहरू लिएर देखापरेको पाइन्छ । स्रष्टा तथा समीक्षकहरूले नयाँ दिशाको स्थापना बोध गर्दै आएका यस समयमा प्रगतिवादी समालोचना चिन्तनले बृहत् आयाम लिन लागेको स्थिति प्रकट भएको छ ।[२८] वर्तमान समयमा प्रगतिवादी समालोचकहरू बहुलवादी चिन्तन परम्पराका भीडमा उत्तर आधुनिकतासँग मिसिएर मार्क्सवादी सौन्दर्यको स्थापना गर्ने प्रयासमा जुटिरहेको पनि देखिन्छन् । जे होस् यस समयको प्रगतिवादी समालोचना समाजमा निहित वर्गीय रङ्गलाई ठम्याउँदै साहित्यको विचार र कलाको सन्तुलन खोज्न मार्क्सवादको केन्द्रमा टेकेर समीक्षाको मूल्य स्थापित गर्न प्रयत्नरत छन् । यस समयमा प्रगतिवादी समालोचनाको विकास र विस्तारका साथै यस चुनौतिहरूसँग जुध्न कटिबद्ध समालोचकहरूमा गोविन्द भट्ट, अनिरुद्र तिमल्सिना, हीरामणि शर्मा पौडेल, निनु चापागाई, रविलाल अधिकारी, ऋषिराज बराल, घनश्याम ढकाल, देवीप्रसाद गौतम, सुधा त्रिपाठी आदि प्रमुख मानिन्छन् ।

वि.सं. २०२० पश्चात साहित्यलाई रूपका सन्दर्भबाट पनि धेरथोर केलाउँदै सारगत दृष्टिले रचनाको आन्तरिक पक्षलाई केलाउने प्रभावपरक समालोचना पद्धतिको पनि विकास भएको छ । कृतिलाई पढिसकेपछि त्यसले आफ्नो चेतनामा पारेको प्रभावलाई पाठकसमक्ष प्रस्तुत गर्ने कार्यमा प्रशस्त समालोचकहरू लागिरहेका देखिन्छन् । रचनाको मूल्य स्थापित गर्नुभन्दा कृति पढ्दा समालोचकको अनुभूतिमा पारेको प्रभावको अभिव्यञ्जना गर्ने यो समालोचनापद्धति व्यत्तिवादी ठहरिए पनि यसले रूपपरक समालोचनाभन्दा बढी सत्यको नजिक पुगेर विश्लेषण गर्छ भन्ने गरिन्छ । यस ढाँचामा समालोचना लेख्ने समालेचकहरूमा बालकृष्ण पोखरेल, तारानाथ शर्मा,

[२८] ऐजन, पृ. २३९ ।

वामदेव पहाडी, मोहनहिमांशु थापा, वासुदेव त्रिपाठी, गोपीकृष्ण शर्मा, रामलाल अधिकारी, धर्मराज भट्टराई, राधेराज सुवेदी, कृष्णहरि बराल, नरेन्द्रराज प्रसाई आदि प्रसिद्ध छन् ।

यसप्रकार आधुनिक नेपाली समालोचनाको तेस्रो उठानले समालोचनाको बहुविध दिशाहरूतर्फ आफ्नो मार्ग प्रशस्त गर्दै पूर्वीय तथा पाश्चात्य संसारमा देखापरेका विभिन्न समालोचनात्मक चिन्तनलाई नेपाली समालोचनाको क्षेत्रमा भित्र्याउने अनि विभिन्न ढाँचामा कृति, कृतिकार तथा समग्र साहित्येतिहासको अध्ययन, विशलेषण एवम् मूल्याङ्कन गर्ने परिपाटीको विकास गरेको छ ।

# अध्याय चार

# इतिहासपरक नेपाली समालोचनाको परम्परा

## ४.१ इतिहासपरक नेपाली समालोचनाको प्रारम्भिक प्रयास

इतिहासपरक समालोचनामा युगपरिवेश र तत्कालीन परिस्थितिको सर्तकतापूर्वक ख्याल गरिन्छ । युग र साहित्यको सम्बन्ध घनिष्ट हुनाले नै युगका प्रभावहरूलाई साहित्यभित्र खोजी गर्ने काम समालोचनाले गर्दछ । तथ्यपुर्ण इतिहासलाई साक्षी राखेर युगका प्रवृत्तिहरूको लेखाजोखा गर्ने र साहित्यको कालक्रमिक विवेचना गरी स्वाभाविक मार्ग पहिल्याउनु इतिहासपरक समालोचनाको कार्य हो । इतिहासको कुनै खण्डमा लुकेर रहेको सामग्रीहरूको खोज गरी ती सामग्रीलाई मूल्यप्रदान गरी सम्पादन समीक्षण गर्ने कार्यका दृष्टिले यो समालोचना महत्त्वपूर्ण ठहरिन्छ । यसक्रममा रचनाको सिर्जनक्षण र त्यसमा अन्तर्निहित युगलाई प्रष्ट पार्नु तथा कालविभाजनका ढाँचामा त्यसको व्यवस्थितिकरण गरी इतिहासको महत्ता स्थापित गर्नु आवश्यक हुन्छ ।

नेपाली समालोचनाको प्रारम्भमा समालोचना सिर्जनाभित्र मिसिएको थियो । विशेषतः काव्यविद्याका विभिन्न प्रसङ्गमा समालोचनाको चेतना दिग्दर्शित गराउने कार्य त्यसबेलामा भयो । आफ्ना रचनाभित्र शास्त्रीय मूल्यहरूलाई समावेश गरेर सैद्धान्तिक चेतनाको बीजारोपण गर्ने काम पनि त्यसबेला भएको छ । संस्कृत साहित्यशास्त्रको सैद्धान्तिक नियमलाई काव्यमा भित्र्याएर केही विद्वान्हरूले पाठहरूमा सैद्धान्तिक चेतना भरिदिने कार्य गरेका छन् । यस सन्दर्भमा हीनव्याकरणी विद्यापतिको सातनायिक भेद उल्लेखनीय छ । आचार्य भरत र साहित्यदर्पणकार विश्वनाथलाई केन्द्र बनाएर काव्य र नाटकका सन्दर्भमा विवेच्य नायिकाका लक्षणहरूलाई वर्णन गर्ने कार्य गरेर विद्यापतिले सैद्धान्तिक समालोचना लेखनको बाटो खोलिदिएका छन् । सिर्जनाले आ-आफ्नो विधागत स्वरूप प्राप्त गरी नसकेको तत्कालीन समयमा समालोचना विधाले कविताभित्र स्थान पाउनु स्वाभाविक नै देखिन्छ । विद्यापतिको यो कृति संस्कृत

साहित्यको इतिहासमा देखापरेको सैद्धान्तिकतालाई नेपाली समालोचनाभित्र पनि स्वीकार्नुपर्छ भन्ने इतिहासपरक चैतन्यका दृष्टिबाट पनि महत्त्वपूर्ण छ ।

विद्यापतिद्वारा आरम्भ भएको सैद्धान्तिक परम्पराको चेतना नेपाली समालोचनामा वीरेन्द्रकेसरी अर्यालको बेसरी, मोतीराम भट्टको कतिवाको सरजाम र कवि र विताको वर्णन, राममणि आ.दी.को कवितारीति एवम् कुलचन्द्र गौतमका सिर्जनाका माध्यमबाट क्रमशः विस्तारित भएको छ । कवि भानुभक्तको नेपाली भाषप्रतिमोह व्यक्त गर्दै संस्कृत भाषामा साहित्य लेख्नेहरूलाई प्रतिष्ठित स्विकारिने तत्कालीन परिस्थितिमा लेखिएको श्लोक पनि समालोचकीय चेतका हिसाबले महत्त्वपूर्ण छ । युगको दिग्दर्शन तथा युगबोध आलोचना र त्यसबाट अग्रमनतर्फ मोडिन आवश्यक पर्ने सुझबुझलाई कृतिभित्र समेटेर लेखिएको **दिव्योपदेश**, **जङ्गबहादुरको बेलायत यात्रा** आदि पनि यस सन्दर्भमा उल्लेखनीय छन् ।

त्यस्तै सन्त परम्परामा देखापरेको नेपाली समालोचनाको मूल्याङ्कन चेत पनि यस सन्दर्भमा उल्लेखनीय छ । सन्त ज्ञानदिलदासद्वारा लेखिएको कृतिमा धर्मकर्म छाडेका बाहुनप्रति व्यङ्ग्य र नेपाली सामाजिक चेतनाप्रतिको समीक्षणकाल प्रदर्शित भएको छ । आलोचनामका लागि आवश्यक पर्ने तार्किकता र शैलीगत सुस्पष्टता देखिने आरम्भकालीन यी रचनाहरूको जगमा उभिएर नै इतिहासपरक नेपाली समालोचना विकसित भएको हो जसको व्यवस्थित सुरुआत हुन भने निकै समय लागेको छ ।

नेपाली साहित्यको लेखनपरम्परामा धेरै पहिलेदेखि नै चल्दै आए पनि यसको इतिहासपरक समालोचना गर्ने परम्पराको सुरुवात धेरै पछिमात्रै भएको पाइन्छ । नेपाली साहित्यको माध्यमिक कालमा तथा आधुनिक कालको पूर्वार्द्धतिरबाट मात्र स्रष्टा र सिर्जनाका बारेमा केही कुराहरूको उल्लेख गर्ने कार्यको आरम्भ हो । यस्ता कार्यहरू स्फुट रूपमा मात्रै भएकोले ती लेखनहरूबाट स्रष्टाको साहित्यिक प्रगति, साहित्यका प्रवृत्तिहरू र अन्तर्निहित विचारहरू अनि क्रमकिताको परिचय भने प्राप्त हुँदैन । इतिहासपरक ढङ्गले नेपाली समालोचना लेख्ने कार्यमा यस्ता धारणाहरू सहायक

सामग्री त अवश्यै हुन्छन् तर यी आफैलाई इतिहासपरक समालोचनाका कोटीमा राख्न गाह्रो भने पर्छ । जे भए पनि सत्यता यही हो कि यस्तै कृतिहरूको पृष्ठभूमिबाट पुरै ग्रन्थका रूपमा **नेपाली साहित्यको इतिहासपरक चर्चा** (२०१७) मा आएर मात्र देखापऱ्यो । यज्ञराज सत्यालको **नेपाली साहित्यको भूमिका** (२०१७) इतिहासपरक नेपाली समालोचनाको पहिलो खुड्किलो बनेर हाम्रा साम् उपस्थित बनेको छ । कतिपय विवादहरूबाट मुक्त हुन नसके पनि यो पुस्तक आफैमा इतिहासपरक नेपाली समालोचनाको महत्त्वपूर्ण पुस्तकका रूपमा उपस्थित छ ।

यद्यपि यस पूर्व पनि इतिहासपरक समालोचनाका प्रशस्त सामग्रीहरू पाइन्छन् जसले यो समालोचनाको वर्तमानलाई उठाउन विशेष भूमिका खेले । साहित्यका विधाहरूले विशिष्ट पहिचान बनाइरहेको तत्कालीन परिस्थितिमा समालोचना विधालाई प्राज्ञिक कार्यकौशलका रूपमा स्थापित गर्दै इतिहासपरक अध्ययनतर्फको खोजमा भएको केही अध्ययनहरूले छिटफुट रूपमै भएपनि यो समालोचना पद्धतिलाई उठाउन खेलेको भूमिका प्रशंसनीय छ । त्यस समयमा विशेषतः ऐतिहासिक कविता काव्यको खोजी गर्ने, तिनलाई प्रकाशित गर्ने तथा मूल्याङ्कन गर्ने कार्य भएको छ । विशेषतः भानुभक्त र तत्पश्चात् मोतीराम भट्टका बारेमा ऐतिहासिक समीक्षण गर्ने काम भएको यस कालखण्डमा बाबुराम आचार्यले कविता काव्यको विद्याको व्यापक परिधि र सेरोफेरोको अध्ययन गर्ने जाँगर देखाएका छन् । **पुराना कवि र कविता** (२००३) पुराना कविका कविताहरूको ऐतिहासिक सङ्ग्रहका साथ साथै साहित्येतिहासको प्रारूप भएको पुस्तक हो । आफू इतिहासकार समेत रहेका बाबुरामले एकातिर इतिहास लेखनका लागि आवश्यक पुराना सामग्री जुटाए भने अर्कातिर स्थुल रूपमै भएपनि पुरानो समय (प्रारम्भदेखि सं. १९६० सम्म) र नयाँ समय (१९६२ देखि यता) गरी कालविभाजनको प्रारम्भिक अवधारणा बसालिदिए । ऐतिहासिक कविता काव्यको खोज, अन्वेषण, विश्लेषण एवम् मूल्याङ्कन तथा ऐतिहासिक श्रृङ्खलालाई जोड्ने काम गरेका अन्य कृतिमा मोतीराम भट्टको कवि **भानुभक्त आचार्यको जीवन चरित्र** (१९४८), शम्भुप्रसाद ढुङ्गेलको **आदिकवि भानभक्त आचार्यको जीवन चरित्र** (१९६९), सूर्यविक्रम ज्ञवालीको **नैवेद्य समालोचना** (१९७९) ब्रम्ह शम्शेरको **कवि भानुभक्त** (१९९५०, नरदेव पाण्डेको

**कविवर मोतीराम भट्टको सचित्र जीवन चरित्र** (१९९५) महत्त्वपूर्ण छन् । इतिहासमा भेटिएका कविता विधासँग सम्बन्धित कृतिहरूको ऐतिहासिक कसीका आधारमा विशिष्ट मूल्याङ्कन नगरिए पनि कविता विधामाथि ऐतिहासिक तवरले समीक्षण गर्ने काम यी कृतिहरूले गरेका छन् । सम्पादनकै सन्दर्भमा कविताकाव्यको ऐतिहासिकता माथि व्याख्या गर्ने एवम् सामान्यतया नेपाली कविता विधाको इतिहासलाई समेट्न खोज्ने प्रयास पनि यस समयमा भएको छ । सूर्यविक्रम ज्ञवालीद्वारा सम्पादीत **भानुभक्त स्मारक ग्रन्थ** (१९९७) ले यसमा संग्रहित विभिन्न लेखहरूका माध्यमबाट ऐतिहासिक सामग्रीलाई प्रस्तुत गर्नुका साथसाथै कृतिसम्पादन गरेर पाठक जगतमा पुऱ्याउनु पर्छ भन्ने आग्रह गर्दै इतिहासपरक समालोचनाको जग निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । त्यस्तै ईश्वर बराल अर्का त्यस्ता व्यक्तित्व हुन जसले वि.सं. २०१२ मा **हिमालचुली कविता सङ्ग्रह** सम्पादन गरी विधागत इतिहासको आधारभूत अवधारणा स्थापित गर्ने महत्त्वपूर्ण कार्यको आरम्भ गरे । साहित्यको इतिहासलाई काल विभाजनका सुत्रमा आबद्ध गरेर अध्ययन गर्ने परम्परा बरालबाटै आरम्भ भयो । जसले इतिहासपरक नेपाली समालोचनालाई मूल मार्गतर्फ अगाडि बढाउन सघाउ पुऱ्याएको देखिन्छ ।

ईश्वर बरालले कविता विद्याको मात्र सम्पादन नगरी कथा, निबन्ध जस्ता विधाहरूको पनि विधागत इतिहास तयार पार्ने काम गरेका छन् । **झ्यालबाट कथासङ्ग्रह** (२००६), **सयपत्री निबन्ध सङ्ग्रह** (२०१३) को सम्पादन गरी बरालले सम्पादन धर्मको अनुसरण गर्दै नेपाली साहित्यको विद्या इतिहासको अध्ययन परम्परालाई व्यवस्थित जग बसाल्ने काम गरे । साहित्यका विधाहरूको अलग अलग सिद्धान्त र इतिहास स्थापित गर्ने तथा तिनको अधिकारिक व्याख्या र विश्लेषण गर्ने बराल विधा सिद्धान्त र विधा इतिहासका पक्षमा जुटेका समीक्षक हुन् ।[२९] तसर्थ बरालको समालोचनाले यस कालखण्डमा विधागत सचेतता साथ इतिहासपरक नेपाली समालोचनाको जगलाई मजबुत बनाउन महत्त्वपूर्ण योगदान गरेका छन् ।

[२९] राजेन्द्र सुवेदी, नेपाली समालोचनाको परम्परा र प्रवृत्ति, पृ. ११७

गद्य विधाको इतिहासपरक अध्ययन गर्ने सन्दर्भमा कमल दीक्षितका **कालो अक्षर** (२०१०) र **यस्तो पनि** (२०१४) महत्त्वपूर्ण छन् । हराउन लागेका सामग्रीलाई स्थायीत्व दिन अत्यन्त सचेत ढङ्गले जुटेका दीक्षितका यी कृतिहरू साहित्यका इतिहास त होइनन् तापनि यिनमा सङ्कलित सामग्रीहरू साहित्येतिहासका लागि आधिकारिक एवम् विश्वसनीय पृष्ठ बनेका छन् । साहित्येतिहास लेखनका लागि तथ्यका रूपमा प्रयोग गर्न सकिने यी कृतिभित्रका सामग्रीहरूले इतिहासपरक नेपाली समालोचनालाई समीक्षा र सिर्जनाको दोभानमा रहेर पनि अघि बढाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

यस समय खण्डमा सैद्धान्तिक समालोचनाका क्षेत्रमा पनि महत्त्वपूर्ण काम भएको छ । नेपाली समालोचनामा पूर्वीय सौन्दर्य चिन्तनलाई महत्त्वपूर्ण ढङ्गले उभ्याउने काम कुलचन्द्र गौतमका **अलङ्कार चन्द्रोदय** (१९७८), **राघवालङ्कार** (२०१६) जस्ता कृतिहरूले गरेका छन् भने सोमनाथ सिग्द्यालको **साहित्यप्रदीप** (२०१५), पूर्वीय साहित्यको मानक सौन्दर्यशास्त्रलाई व्यवहारिक क्षेत्रमा ओराल्ने प्रतिनिधि ग्रन्थका रूपमा प्रतिष्ठित छ । नेपाली समालोचनामा पूर्वीय र पाश्चात्य सौन्दर्य चिन्तन भित्र्याउने काम यदुनाथ खनालका **समालोचनाको सिद्धान्त** (२००३) ले गरेको छ । काव्य चिन्तनका आधिकारिक मर्यादाहरू प्रस्तुत गर्दै सैद्धान्तिक मापदण्डका आधारमा साहित्यका नवीन विधाहरूलाई मूल्याङ्कन गर्ने एवम् आधुनिक समालोचनाको मुल्य र मान्यतालाई परिचित गराउने काम खनालले गरिदिएका छन् । त्यस्तै रत्नध्वज जोशीले सैद्धान्तिक समालोचनाका क्षेत्रमा पूर्वीय समीक्षात्मक चिन्तनलाई स्थापित गर्दै लेखेको **मानसालङ्कार** (२००२) पनि यस सन्दर्भमा उल्लेखनीय छ । जोशीले **नेपाली भाषाको नुतन साहित्य चर्चा शारदा** (२०००) मा साहित्येतिहासको प्रमुख तत्त्व मानिने काल विभाजन तर्फको प्रथम चेष्ठा देखाएको कुरा पनि इतिहासपरक समालोचनाका दृष्टिले महत्त्वपूर्ण छ ।

हृदयचन्द्रसिंह प्रधानको वि.सं.२००२ सालमा प्रकाशित पहिलो पुस्तकाकार कृति **केही नेपाली नाटक** ले पनि नाटक विधाका क्षेत्रमा इतिहासपरक अध्ययन गर्ने चेष्ठा गरेको छ । सिर्जना भित्र काला र चिन्तनको समीकरण खोज्ने प्रधानले समका नाटकीय

चिन्तनलाई आफ्नो दृष्टिकोणमा घोलेर प्रस्तुत गरेपनि नाटक विधाको इतिहासपरक अध्ययन गर्नुपर्ने मान्यतालाई अघि बढाउन यस कृतिबाट खोजेका छन् ।

यसरी इतिहासपरक ढङ्गले साहित्यको समालोचना गर्ने कार्यका लागि प्रशस्त आधार सामग्रीहरू जुटाइदिने काम यस समयका कृतिहरूले गरेका छन् । साहित्यको समालोचना इतिहासलाई ख्याल गरेर ऐतिहासिक तबरले गर्ने कार्यका लागि प्रारम्भिक रेखा कोर्ने र त्यसको आवश्यक पृष्ठभूमिको निर्माण गरिदिने काममा यस्ता कृति र कृतिकारहरूले महत्त्वपूर्ण योगदान पुऱ्याएका हुन्छन् । **कवि भानुभक्त आचार्यको जीवनचरित्र** (१९४८) **नेपाली भाषाको नुतन साहित्य चर्चा** (२०००) र **पुराना कवि र कविता** (२००३) जस्ता कृतिहरूले इतिहासपरक समालोचनाको विकासमा विशेष महत्त्व राखेका छन् । यसो भन्नुको तात्पर्य अरु कृतिको मूल्य कम भनेको पटक्कै होइन जसले इतिहासलेखनलाई त्यत्तिकै आधार सामग्रीहरू प्रदान गरेका छन् । इतिहाससिद्धान्तका निकटबाट परीक्षण गर्दा उपर्युक्त तीन कृतिको महत्त्व अभावास्थामा लेखिएको हुनाले अनि इतिहासपरक नेपाली समालोचनाको प्रग्भूमि निर्माणमा त्यसको विशिष्टता देखिने हुनाले विशेष ठानिएको हो । त्यसो त पछिका जीवनीकार र मोतीराम भट्टमा खासै फरक छैन तापनि यसको जीवनी उठानकर्ता तथा स्पष्ट मूल्यनिर्धारण गर्ने क्षमता मोतिराममा भएकैले अरुले त्यसै परम्परालाई अगाडि बढाएको मानिएको हो । पुस्तकाकार रूपमा नेपाली साहित्यको कालसचेतना विश्लेषण गर्ने पहिलो लेखक हुने श्रेय चाहिँ बाबुराम आचार्यलाई मिल्दछ । वस्तुतः विधिवत् इतिहासलेखनमा स्रष्टाका रचनाहरूको सङ्ग्रह, स्रष्टाहरूको नामावली तथा तिनीहरूको जीवनी आदिको आवश्यकता हुनाले यसप्रकारका उपर्युल्लिखित कृति सङ्ग्रह तथा लेखहरूले इतिहासलेखनको पूर्वपीठिका तयार पारेको देखिन्छ । यी सबैलाई इतिहासपरक नेपाली समालोचनाको पूर्वप्रयासका रूपमा समेट्न सकिन्छ ।

यस समयका ईश्वर बराल नेपाली साहित्यको विधागत इतिहासलाई व्यवस्थित ढङ्गले अध्ययन विश्लेषण एवम् मूल्याङ्कन गर्ने परम्पराको थालनी गर्ने व्यक्तिका रूपमा देखिन्छन् । साहित्यका विभिन्न विधाको सैद्धान्तिक मापदण्ड तयार पार्ने अनि साहित्यको इतिहासलाई कालविभाजनका सुत्रमा आबद्ध गर्ने कार्यमा ईश्वर बरालको

महत्त्वपूर्ण योगदान छ भन्ने तथ्यलाई उनीद्वारा सम्पादित कृतिहरूले गरेका छन् समीक्षाको महत्त्वपूर्ण जिम्मेवारी आगाल्दै सम्पादन धर्मको अनुसरण गर्ने बरालका ती सम्पादित कृतिले ऐतिहासिक सामग्रीको शोधखोज गर्ने र तिनलाई विश्लेषण समेत गरी पाठकसमक्ष उभ्याइदिने र विधाइतिहासको मानदण्ड स्थापित गर्ने कार्यमा दिएको योगदान अविस्मरणीय छ । साहित्यको सीमित विधामा सीमित भएकाले अनि इतिहासपरक समालोचनाको पूर्ण लेखनभन्दा सम्पादनकेन्द्री इतिहासपरक समालोचना गरेकोले ईश्वर बराललाई हामीले इतिहासपरक समालोचनाका प्रारम्भिक प्रयासकै रूपमा समेट्नु पर्ने हुन्छ ।

## ४.२ इतिहासपरक नेपाली समालोचनाको प्रथम चरण (२०१७-२०२६)

बाबुराम आचार्यद्वारा लेखिएको पुराना कवि र कविता (२००३) मा साहित्येतिहास लेखनको प्रारम्भिक खाका अवश्य छ । उनले विगतको लामो समयलाई पुरानो र नयाँगरी दुई खण्डमा विभाजन गर्दै अन्वेषणात्मक ढङ्गले कविको परिचय र ऐतिहासिक शैलीमा सम्पूर्ण सामग्री प्रस्तुत गरेका छन् । तैपनि उनले तोकेको कालखण्डको यो अवधारणा मोटामोटी मात्र हो तापनि जुन किसिमले मार्ग निर्देश सम्म मात्र भए पनि बाबुराम आचार्यले गरे त्यो आफैमा निकै प्रेरणादायी रहयो । उनीभन्दा अघि यस सम्बन्धमा केही सङ्केत सम्म पनि नपाइएको सन्दर्भमा यो प्रयास महत्त्वपूर्ण नै छ तथापि यसले बढाएको इतिहासपरक लेखनको मान्यता झिनो देखिन्छ ।

तसर्थ यज्ञराज सत्यालको **नेपाली साहित्यको भूमिका** (२०१७) नेपाली साहित्यको प्रथम इतिहास ग्रन्थ हो । चूडामणि बन्धुले त यस ग्रन्थलाई यसप्रकारको कुनै पनि ग्रन्थ नभएका अवस्थामा अभावपूर्तिका रूपमा आएको साहित्येतिहासलेखनको प्रथम तथा ऐतिहासिक प्रयास मानेका छन् ।[३०] हुन त यस ग्रन्थमा पनि इतिहाससिद्धान्तसम्बन्धी कतिपय गल्तीहरू अवस्य छन् तर पनि ऐतिहासिक अनुशासनमा रहेर इतिहासका प्रमुख तत्त्वहरू (कालविभाजन, कालक्रम, जीवनी, कल्पना) को यसमा निर्वहन गरिएको छ । त्यसैले यतिबेलासम्मको इतिहासपरक

[३०] चूडामणि बन्धु, पूर्ववत्, पृ. ११४ ।

समालोचना लेखनका क्रममा यो एउटा बिल्कुलै नवीन इतिहास ग्रन्थ हो भन्न सकिन्छ । पुस्तकको लेखनशैली इतिहास अध्ययनको कामचलाउ टिपोट मात्र ठहरिए पनि यो अभावपूर्तिका क्रममा सोद्देश्यपूर्वक लेखिएको पहिलो ऐतिहासिक प्रयास बनेको छ । यसैले प्रथम प्रयासमा त्रुटिहरू रहनु स्वभाविकै हो । त्रुटिपूर्ण र अव्यवस्थित भए पनि नेपाली साहित्यको पहिलो इतिहास ग्रन्थ हुने गौरव **नेपाली साहित्यको भूमिका** (२०१७) लाई छ ।[३१] यसका साथसाथै २०१७ त्यस्तो समयविन्दु हो जहाँबाट विशेष तवरले नेपाली साहित्यका कृति र कृतिकारको धेरै नै ऐतिहासिक उत्खनन भएको पाइन्छ । यी विविध कारणले २०१७ देखि इतिहासपरक नेपाली समालोचनाको प्रथम चरणको आरम्भ भएको पुष्टि हुन्छ ।

वि.सं. २०१८ सालमा माधव भण्डारी र डिल्लीराम तिमल्सिनाको **हाम्रो साहित्य र साहित्यकारहरू** नामक पुस्तक पनि ऐतिहासिक स्वरूप लिएर देखापरेको इतिहासपरक नेपाली समालोचनाको पुस्तक हो । यस पुस्तकमा पहिलो पटक मौलिक तरिकाले नेपाली साहित्यको कालविभाजन गरिएको छ । लेखकद्वयका भनाइमा हाम्रो साहित्यमा प्रारम्भिक काल, उत्थानकाल, विकासकाल र आधुनिक काल गरी चार कालहरू छन् । मूलतः यो ग्रन्थ विवरणात्मक इतिहास ग्रन्थ मात्र हो र यसमा सामान्यतया इतिहासपरक समालोचनाका सर्तहरू पुरा गरिएको पनि छ । तारानाथ शर्माका अनुसार अरु विश्लेषणकर्ताहरूको भन्दा तिमसिना र भण्डारीको कालविभाजन वैज्ञानिकताको बढी नजिक छ ।[३२] यसै साल कमलमणि दीक्षितको सम्पादनमा निस्केको **बुइँगल** (कवितासङ्ग्रह) ले प्राथमिक र माध्यमिक कालको कविताको स्वरूप एवम् प्रवृत्तिलाई पहिचान गर्न सहयोग पु¥यायो । २०१८ सालमै धौलागिरि पत्रिकामा प्रकाशित बालकृष्ण पोखरेलको लेख **पुरानो नेपाली साहित्यको ढुकुटी** ले अनेक ज्ञात अज्ञात लेखक र तिनका रचनाहरू जुन वीर पुस्तकालय (हालको राष्ट्रिय अभिलेखालय) मा छिपेर रहेका थिए तिनका बारेमा अमूल्य सूचना सम्प्रेषण गर्ने काम ग¥यो । त्यस्तै २०१८ मा प्रकाशित **गल्लीमा फ्याँकिएको कसिङ्गर** नामक लेखले भवानीदत्त पाण्डेजस्ता प्रतिभाशाली नेपाली लेखकहरूलाई प्रकाशमा ल्याएर उनको कृतित्वको परिचय दियो ।

[३१] देवबहादुर भट्टराई, **नेपाली साहित्यको कालविभाजनमा पाइने मतमतान्तर** (अ.प्र. स्नातकोत्तर शोधपत्र, २०६२), पृ.४५ ।
[३२] तारानाथ शर्मा, पूर्ववत् पृ. ५ ।

नेपाली साहित्य संस्थानले २०२० सालमा आयोजना गरेको साहित्य सेमिनारमा बाँडिएको **नेपाली साहित्यको विवरण** (२०२०) शीर्षकको सानो पुस्तिकामा नेपाली साहित्यको सङ्क्षिप्त विवरण प्रस्तुत गरेर नेपाली साहित्यको इतिहासपरक समालोचनाको आवश्यकता र औचित्यलाई प्रस्ट गरेको देखिन्छ । यसबाट संस्थागत रूपमा इतिहासपरक समालोचना प्रस्तुत गर्ने सोचको विकास भयो । फलस्वरूप २०२२ फागुनमा रामपुरमा आयोजना गरिएको देशव्यापी नेपाली साहित्य सेमिनारले तयार पारेको देशव्यापी नेपाली साहित्य समिनारको विवरणअन्तर्गत कृष्णचन्द्रसिंह प्रधानद्वारा प्रस्तुत गरिएको नेपाली साहित्यका विभिन्न धाराको प्रवृत्ति र इतिहासले विद्वान्लाई साहित्येतिहासको सैद्धान्तिक पक्ष कालविभाजनसम्बन्ध चिन्तन र विमर्शगर्न अभिप्रेरित गरेको पाइन्छ । जनकलाल शर्माको **जोसमनि सन्त परम्परा र साहित्य** (२०२०) ले भक्तिकालअन्तर्गत निर्गुण भक्तिधाराको सन्त साहित्यको समग्र इतिहासलाई प्रस्तुत गरी नेपाली समाजमा रहेको धार्मिक र सांस्कृतिक चिन्तनलाई साहित्यको धरातलमा राखेर विवेचना गर्ने प्रयत्न गरेको छ । बालकृष्ण पोखरेलको मेहनतपूर्ण खोजबाट जन्मेको **पाँच सय वर्ष** (२०२०) नामक ग्रन्थले नेपाली भाषाको प्राचीन गद्यसाहित्यको विकासको क्रमिक स्वरूपलाई विस्तापूर्वक देखाउँदै प्राचीन भाषा तथा साहित्यको मूल्याङ्कन गर्ने कार्य गरेको छ । यसबाट नेपाली भाषाको क्रमिक विकासक्रमको अध्ययनमा मात्र सघाउ पुगेको छैन कि कतिपय साहित्यिक विधाहरूको प्राचीनतम रूपको सूचनासमेत यसले प्रदान गरेको छ ।

साहित्यको इतिहासपरक समालोचनाप्रति सचेतता अपनाउँदै लेखिएको रत्नध्वज जोशीको **आधुनिक नेपाली साहित्यको झलक** (२०२१) ले आधुनिक नेपाली साहित्यलाई अलि विस्तृत रूपमा प्रस्तुत गर्दै विभिन्न विधाहरूको ऐतिहासिक झलक पेस गर्ने काम गऱ्यो । यज्ञराज सत्यालले २०२३ सालमा प्रकाशित गरेको **नेपाली साहित्यको सङ्क्षिप्त विवेचना** पुस्तक उनकै अघिल्लो पुस्तकको सङ्क्षिप्त विवेचनाका रूपमा मात्र देखापऱ्यो । २०२४ सालमा कृष्णप्रसाद पराजुलीको **पन्ध्र तारा र नेपाली साहित्य** प्रकाशित भयो । यसमा भानुभक्तदेखि माधव घिमिरेसम्मका चर्चित पन्ध्रजना साहित्यिक स्रष्टाहरूको पारखको कदर गर्दै अन्तमा नेपाली साहित्यको सङ्क्षिप्त

इतिहास प्रस्तुत गरिएको छ । जसमा नेपाली साहित्यको ऐतिहासिक रूपरेखा पनि प्रस्तुत गरिएको छ ।

ज्ञानमणि नेपालको **वनका फूल** (२०२५) ले नेपाली साहित्यको इतिहासपरक समालोचनाका लागि थप सामग्री प्रदान गरेको पाइन्छ । विविध साहित्यिक विधाहरूको इतिहासमाथि प्रकाश पार्ने क्रममा साझा प्रकाशनअन्तर्गत **साझा कविता** (२०२४), **साझा निबन्ध** (२०२५), **साझा समालोचन** (२०२५) आदिको पनि उल्लेखनीय योगदान रहेको छ । सर्वप्रथम नेपाबाहिरबाट प्रकाशित भएको इतिहासपरक समालोचनासम्बन्धी एच्.बी. नवपानीयको **नेपालबाहिर नेपाली साहित्यिक गतिविधि** (२०२५) ग्रन्थले प्रवासी नेपाली साहित्यको ऐतिहासिक विवरण प्रस्तुत गऱ्यो । पारसमणि प्रधानका **नेपाली साहित्यको साउँ अक्षर** (२०२६) तथा **नेपाली भाषा साहित्यको विवरण** (२०२७) मा पनि नेपाली साहित्यको ऐतिहासिक रेखाङ्कन गर्ने काम भएको छ । त्यस्तै रत्नध्वज जोशीका **साहित्य समीक्षा** (२०२५) **नेपाली कथाको कथा** (२०२५) र **नेपाली नाटकको इतिहास** (२०३७) जस्ता ग्रन्थले यस समयखण्डको इतिहासपरक समालोचना लेखनमा विचारगत आधारसमेत अँगाली कालचेतना व्यक्त गराउने प्रयास गरेकै छन् । यस चरणमा देखापरेका प्रमुख ऐतिहासिक समालोचक र तिनको समालोचनात्मक वैशिष्ट्य यस प्रकार छ ।

**यज्ञराज सत्याल (१९८८)**

वि.सं. २०१३ देखि ०१५ सालसम्म कलेज अफ एजुकेसनका विद्यार्थीलाई नेपाली विषय पढाउने क्रममा तयार पारिएका पाठ्यसामग्रीलाई यज्ञराज सत्यालले सहजताका साथ पुस्तकाकार रूप प्रदान गर्ने क्रममा **नेपाली साहित्यको सङ्क्षिप्त विवेचना, नेपाल र भारतको इतिहास, संसारको इतिहास, नेपाली संस्कृतिको झलक** र **नेपाली साहित्यको भूमिका** (२०१७) शीर्षकका अन्वेषणात्मक ग्रन्थहरू प्रकाशमा ल्याएका थिए ।[३३] नेपाली साहित्यको भूमिका शीर्षकको पुस्तकबाहेक अरु पुस्तकका बारेमा पर्याप्त जानकारी प्राप्त छैन । तैपनि सत्याल ऐतिहासिक सामग्रीलाई अन्वेषण

[३३] राजेन्द्र सुवेदी, पूर्ववत् पृ. १२३ ।

समीक्षण गर्ने समालोचकका रूपमा प्रतिष्ठित छन् । राजनैतिक इतिहासमा गरिने त्रिकालिक कालविभाजनको शैलीलाई साहित्यको इतिहास लेखनमा पनि प्रयोग गरेर सत्यालले व्यवस्थित ढङ्गबाट नेपाली साहित्यको इतिहास लेख्ने कार्यरम्भ गरे । हुनतः उनको त्यो पुस्तकमा कालनिर्धारणका क्रममा सुझाइएका ऐतिहासिक तथ्यहरू तर्क सम्मत नहुनु तथा कविता विधालाई दृष्टिगत गरेर साहित्यको कालविभाजन गर्नु[३४] जस्ता दोषहरू देखिन्छन् तर पनि साहित्यका ऐतिहासिक सामग्रीलाई एउटा कालविभाजनको रेखाभित्र समाविष्ट गर्दै समष्टिगत साहित्यको ऐतिहासिक विवेचना गर्ने सत्यालको प्रयास प्रशंसनीय छ । तसर्थ, सत्यासल इतिहासपरक नेपाली समालोचनाको प्रथम चरणका आरम्भक तथा उनको कृति सोद्देश्यपूर्वक लेखिएको प्रथम ऐतिहासिक प्रयास बनेको छ ।

## डिल्लीराम तिमसिना (१९८०-२०४९)

माधव भँडारीसमेतको सहलेखनमा डिल्लीराम तिमसिनाद्वारा तयार पारिएको **हाम्रो साहित्य र साहित्यकार** (२०१८) नामक ग्रन्थ इतिहासपरक समालोचनाका दृष्टिले महत्त्वपूर्ण कृति बनेको छ । दार्जिलिङको सरकारी महाविद्यालय तथा बनारस हिन्दू विश्वविद्यालयमा नेपाली विषयको प्राध्यापन कार्यमा लाग्दा निर्माण गरिएका सामग्रीहरूको व्यवस्थितिका रूपमा आएको भएपनि प्रस्तुत कृतिमा साहित्यको जन्म, प्रारम्भिक काल, उत्थान काल, विकास काल र आधुनिक काल गरी साहित्यको अवधारणा र कालविभाजनको सचेत आलेखन गरिएको छ । कवि, निबन्धकार, अनुवाद र समीक्षक समेत रहेका तिमसिना खोज अन्वेषणमा समेत चाख राख्ने व्यक्तित्व हुन् जसले प्रस्तुत पुस्तकबाट नेपाली साहित्यको कालविभाजन मौलिक तरिकाबाट गर्ने प्रयास गरेका छन् । ऐतिहासिक कालखण्डमा देखिने विभिन्न साहित्यकारहरूको संक्षिप्त परिचयसमेत दिइएका हुनाले पनि तिमसिना इतिहासपरक समालोचनाको विकास र विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वहण गर्ने व्यक्तित्वका रूपमा स्थापित बनेका छन् । उनका अन्य समालोचनात्मक ग्रन्थहरूमा **छन्द र अलङ्कार** (२०१८) **काव्यमीमांसा**

[३४] दयाराम श्रेष्ठ, **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ**, पृ. ८९ ।

(२०३०) महत्त्वपूर्ण छन् । उनका **बसिवियाँलो** (२०३१) र **प्रबन्धलता** (२०१९) का कतिपय निबन्धहरू आलोचनात्मक पाराका देखिन्छन् ।[३५]

**रत्नध्वज जोशी (१९७३-२०४६)**

अध्ययनका लागि स्कुलमा पाइलो नहाले पनि स्वाध्ययनबाट समीक्षा क्षेत्रमा राम्रो पहुँच बनाएको रत्नध्वज जोशीका समालोचनात्मक ग्रन्थहरूमा **मानसालङ्कार** (२००२) **हाम्रो काव्यपरम्परामा उसैका लागि** (२०१९) **आधुनिक नेपाली साहित्यको झलक** (२०२१) **साहित्यको अध्ययन** (२०२३) **साहित्य समीक्षा** (२०२५) **नेपाली कथाको कथा** (२०२५) **साहित्य विमर्श** (२०४५) महत्त्वपूर्ण छन् । उनको **आधुनिक नेपाली साहित्यको झलक** (२०२१) इतिहास लेखनको शैली र ढाँचामा लेखिएको आलोचनात्मक सङ्कथनको नमुना हो ।[३६] ऐतिहासिक विवेचना कम र कृतिकार विशेषमा अधिक प्रकाश पारिएको यस कृतिमा पद्य र गद्यको छुट्टाछुट्टै ऐतिहासिक झलक प्रस्तुत गरिएको छ । विभिन्न उपविधाहरूको समेत ऐतिहासिक विवेचना एवम् उक्त विधाको लेखकहरूको जानकारी समेत दिइएको यो पुस्तकले नेपाली साहित्यको कालविभाजनका बारेमा पनि बहस गरेको छ । १९९१ पछिको समयलाई नेपाली साहित्यको आधुनिक काल स्विकारी यस समयलाई नेपाली साहित्यको आधुनिक काल स्विकारी यस समयमा सिर्जना गर्ने सर्जक एवम् तिनका सिर्जनाको समीक्षा गरेर यस पुस्तकले इतिहासपरक नेपाली समालोचनाको विस्तारमा टेवा पुऱ्याएको छ । **नेपाली कथाको कथा** (२०२५) मा पनि जोशीले ऐतिहासिकताको ख्याल गर्दै आफ्नो समीक्षाचेतलाई जीवन्त बनाएकै छन् । जोशी इतिहासपरक समालोचना लेखनका क्रममा विशेषतः आधुनिक कालको पहिचानमा बढी केन्द्रित रहे पनि समष्टिगत इतहिासलाई तीन खण्डमा विभाजन गर्नुपर्ने पक्षमा अडिग देखिन्छन् । साहित्यकार कोशको ढपमा लेखिएको उनको इतिहासपरक समालोचना प्रधान ग्रन्थले ऐतिहासिक विवरणमात्र प्रस्तुत गरेको भए पनि तत्समयमा यो महत्त्वपूर्ण नै थियो भन्न सकिन्छ ।

[३५] शोभाकान्ति थेगिम, नेपाली समालोचनाको परम्परा : मूल्याङ्कन र विश्लेषण, सौरभ प्रकाशन : सिक्किम सन् १९९२ पृ. १४८ ।
[३६] दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. ७५ ।

**जनकलाल शर्मा (१९८२-२०५६)**

नेपाली साहित्य र संस्कृतिका अनुसन्धाताका रूपमा स्थापित जनकलाल शर्माका इतिहासपरक समालोचनात्मक ग्रन्थमा **जोसमुनि सन्त परम्परा र साहित्य** (२०२०) महत्त्वपूर्ण छ । यस पुस्तकमा शर्माले सन्त कविहरूका रचनाहरूको सङ्कलन एवम् समग्र सन्त साहित्यको इतिहासलाई प्रस्तुत गरेका छन् । भक्तिकालको निर्गुणभक्तिधाराको विशिष्ट अध्ययन गरी नेपाली साहित्येतिहाससँग सम्बद्ध गर्ने उनको अनुसन्धेय कार्यले नेपाली साहित्यको इतिहासलाई सुपुष्ट मात्र होइन गरिमामय समेत बनाएको छ । साहित्य समाज र संस्कृतिको अन्योन्याश्रित सम्बन्धबाट जीवनपद्धति निर्माण हुन्छ भन्ने विचार राख्ने शर्मा आधारभूत तथ्यहरूको खोजी नगरी विशिष्ट ढङ्गले साहित्यको इतिहास निर्माण गर्न नसकिने तथ्यलाई प्रष्ट पारिदिएका छन् । इतिहासपरक समालोचना लेखनको प्रथम चरणमा ऐतिहासिक सामग्रीको अन्वेषण गरी एउटा विशिष्ट क्षेत्रको स्पष्ट ऐतिहासिक विवेचना गरिएको यो कृतिले प्रत्येक क्षेत्रको यसै बमोजिमको लेखनबाट नै तथ्यसङ्गत ऐतिहासिक समालोचना लेखन उन्नत बन्छ भन्ने सत्य छर्लङ्ग पारेको छ । उनका अन्य समालोचनात्म्क ग्रन्थहरूमा **कौतुकमय डोल्पो** (२०३१) **महाकवि देवकोटाः एक व्यक्तित्व दुई रचना** (२०३२) **भूमिकै भूमिका** (२०३६) आदि महत्त्वपूर्ण छन् ।

**बालकृष्ण पोखरेल (१९९०)**

बालकृष्ण पोखरेल भाषाका ऐतिहासिक सामग्रीका अन्वेषकका रूपमा परिचित छन् । भानुभक्त आचार्यदेखि पाँच सय वर्ष अघि सम्मका नेपाली गद्यलेखहरूको खोज र सम्पादन, व्याख्या र वर्गीकरण गरेको उनको **पाँचसय वर्ष** (२०२०) इतिहासपरक समालोचनाका दृष्टिले निकै महत्त्वपूर्ण मानिन्छ । वि.स. १३९४ देखि १९२३ सम्मको नेपाली गद्यको क्रमिक विकास देखाइएको यो ग्रन्थ पुराना सामग्रीहरूको सङ्ग्रह नै भए पनि यसबाट नेपाली साहित्यको प्राचीन इतिहासको स्वरूप निर्धारण हुन सकेको छ ।[३७] ऐतिहासिक सामग्रीहरूको अन्वेषण र सूक्ष्म विवेचना भएको ऐतिहासिक ग्रन्थका रूपमा

---

[३७] ऐजन् ।

सुपरिचित पाँच सय वर्ष नामक ग्रन्थले नेपाली साहित्यको इतिहास लेखनका लागि बाटो फराकिलो पार्नुका साथै उत्तरवर्ती ऐतिहासिक समालोचकहरूलाई थप सामग्री अन्वेषण गर्न समेत अभिप्रेरित गरेको छ । यसका साथसाथै पोखरेलका **नेपाली भाषा र साहित्य** (२०२१), **एकमन सात चिन्तन** (.......), **राष्ट्रभाषा** (२०२२) आदि कृतिहरू पनि समालोचनाका दृष्टिले महत्त्वपूर्ण छन् । प्राचीन साहित्यिक कृतिहरूको अनुसन्धान र त्यसको स्तरीय ऐतिहासिक विशेषण गर्नमा सिद्धहस्त समालोचक पोखरेल इतिहासको कालक्रमिक ढङ्गमा विशलेषण र व्याख्या गर्ने अन्वेषक प्रवृत्तिका व्यक्ति हुन् । ऐतिहासिक तथ्यलाई विश्लेषणात्मक ढङ्गले प्रस्तुत गर्नु पोखरेलको मूल विशेषता नै हो । तसर्थ इतिहासपरक समालोचनाको सम्बर्द्धन र विकासमा उनको योगदान बिर्सिनसक्नु छ ।

**कमल दीक्षित (१९८६)**

कमल दीक्षित एक कुशल सम्पादक, एक पारखी समीक्षक, एक लगनशील अन्वेषक र नेपाली भाषा साहित्यको अध्ययन अनुसन्धान र सङ्ग्रह गर्ने काममा निरन्तर समर्पित हुने एक सार्थक व्यत्तित्वका रूपमा नेपाली पाठकहरूमाझ चिनिन्छन् । उनका अन्वेषणमूलक कृतिहरूमा **यस्तो पनि** (२०१४), **कालो अक्षर** (२०१७), **पर्खंदै बित्ला कि !** (२०२६), **भन्ने कुरा** (२०३१), **चढाइ गर्ने आँखाले** (२०३७) आदि महत्त्वपूर्ण छन् । यसका साथसाथै **बुइँगल** (२०१८), **माध्यमिक नेपाली कविता** (२०४६), **फेरि अर्को बुइँगल** (२०५४) जस्ता कृतिहरूको शोधखोज र सम्पादन एवम् सङ्कलन गर्ने कामबाट उनी ऐतिहासिक, अन्वेषणात्मक र व्याख्यात्मक विशेषता भएका समीक्षकका रूपमा परिचित बनेका छन् । खोज्नु, परिचय दिनु र विश्लेषणात्मक मूल्याङ्कन सहित पाठकलाई दिनु उनेको मूल प्रवृत्ति बनेको छ । सकेसम्म सतय कुराको उद्घाटन होस् र नेपाली साहित्यको इतिहासलाई जतिसक्दो प्राचीनतातिर बढाउन सकियोस भने विशुद्ध भावनाले प्रेरित भएर लेख्ने[३८] कमल दीक्षितले नेपाली साहित्यको ऐतिहासिक परिप्रेक्ष्यको आलेखनका लागि व्यापक क्षितिज उधारिदिने गहनीय कार्य गरेका छन् । ऐतिहासिक सामग्रीहरूको प्रस्तुति तथा परिचयलाई अन्वेषणपूर्ण बनाएर

[३८] तारानाथ शर्मा, पूर्ववत्, पृ. २२७ ।

सम्पूर्ण सामग्रीको सर्जक प्रस्तुति ऐतिहासिक शैलीमा गरेकाले दीक्षितद्वारा सङ्कलित सामग्रीहरू साहित्येतिहासका आधिकारिक एवम् विश्वसनीय पृष्ठ बन्न सकेका छन् । यसर्थ दीक्षितका समालोचनाले इतिहासपरक समालोचना लेखनको मूल मार्गतर्फ भन्दा त्यसलाई उन्नत बनाउन सहायक सामग्रीको कार्य गरेका छन् जसले इतिहासपरक समालोचनालाई अग्रगति दिन महत्त्वपूर्ण भूमिका खेलेको छ ।

## ४.३ नेपाली इतिहासपरक समालोचनाको दोस्रो चरण (२०२७ साल यता)

डा. तारानाथ शर्माको नेपाली साहित्यको इतिहास (२०२७) नेपाली साहित्यको इतिहासलेखनको क्षेत्रमा भिन्नै किसिमको नौलो योगदान दिँदै अभावावस्थामा मार्गदर्शक ग्रन्थ बनेको छ । यो ग्रन्थविधि समयमा परिवर्तित, परिमार्जित तथा संशोधित बन्दै अझ थप नवीनताको द्योतनका मार्गमा हिँडेको समेत देखिन्छ । यस ग्रन्थको विषय प्रवेशमै उल्लेख गरिएको छ : नेपाली साहित्यको इतिहासलाई परिचित पार्ने उद्देश्यले यस पुस्तकको प्रथम पल्ट २०१७ सालमा निर्माण भएको हो । यस चौथो परिवर्तित र परिशोधित संस्करणमा पाइएसम्म पुराना कृतिहरूदेखि थालेर २०५५ सालसम्म प्रकाशित कृतिहरूसम्मका व्याख्या र विश्लेषणलाई समावेश गरिएको छ । यसप्रकार के कुरा स्पष्ट हुन्छ भने यस ग्रन्थको प्रथम संस्करणमा २०२६ सम्म प्रकाशित भएका कृतिहरूको व्याख्या र विश्लेषण गरिएको थियो भने २०५६ सालमा प्रकाशित संशोधित परिशोधित चौथो संस्करणले अझ बढी समालोचकीय मूल्यहरूलाई यसभित्र समायचेजन गर्न सक्यो जुन नेपाली समालोचनाको इतिहासपरक अध्ययनका क्षेत्रमा अविस्मरणीय उपलब्धि बनेको छ । नेपाली कविताको विधागत परिचय दिने वासुदेव त्रिपाठीका **आधुनिक नेपाली कविता** (२०२८) तथा समालोचनाहरूको सँगालो **विचरण** (२०२१) पनि यसै अवधिमा प्रकाशित भएका छन् । २०२८ साल असार २५ गते नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (हाल नेपाल प्रज्ञा प्रतिष्ठान) मा भएको नेपाली साहित्यको कालविभाजनसम्बन्धी परिचर्चा गोष्ठीले नेपाली इतिहासपरक समालोचनाको क्षेत्रमा संस्थागत सचेतता देखियो । यस्तै संस्थागत प्रयासमा दार्जिलिङ्गको नेपाली भाषा समितिबाट **नेपाली भाषा र साहित्यको सङ्क्षिप्त परिचय** (२०२९) र **अ ब्रिफ इन्ट्रोडक्सन टु नेपाली ल्याङ्वेज एन्ड लिटरेचर** (१९७२) प्रकाशित

भएको पाइन्छ । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा प्रकाशित **विश्वसाहित्यको रूपरेखा** (२०३०) मा समाविष्ट नेपाली साहित्यको इतिहासबाट पनि इतिहासपरक नेपाली समालोचनाको लेखन अगाडि बढेको देखिन्छ ।

२०३० को दशकमा पनि यस क्षेत्रमा प्रशस्त कार्यहरू भएका छन् । इन्द्रबहादुर राईको **नेपाली उपन्यासका आधारहरू** (२०३१) ले नेपाली उपन्यास विधालाई आलोचकीय आँखाले हेर्दै यस विधाको ऐतिहासिक रूपरेखा तयार पाऱ्यो र राममणि रिसालको **नेपाली काव्य र कवि** (२०३१) ले नेपाली कविताका उपविधाहरूको इतिहासको आँकलन गऱ्यो । यसै अवधिमा दिननाथ शरणको **नेपाली साहित्यका इतिहास** (२०३१) हिन्दी भाषामा प्रकाशित भयो । यसबाट नेपाली साहित्यको इतिहासलाई अब हिन्दी भाषी पाठकहरूले समेत आस्वादन गर्न थाले । रामलाल अधिकारीको **नेपाली निबन्ध यात्रा** (२०३२) ले नेपाली निबन्ध विधाको इतिहासलाई प्रस्तुत गऱ्यो । केशवप्रसाद उपाध्यायको **प्राथमिक कालीन कवि र काव्यप्रवृत्ति** (२०३२), बासुदेव त्रिपाठीको **लेखनाथ पौड्यालको कविताको विश्लेषण र मूल्याङ्कन** (२०३४), दयाराम श्रेष्ठद्वारा सम्पादीत **वीर कालीन कविता** (२०३४), दायराम श्रेष्ठ र मोहनराज शर्माको **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४) तथा यसैका अन्य परिमार्जित संस्करणहरू, सुनसरी साहित्य प्रतिष्ठानद्वारा प्रकाशित **मोतीराम भट्ट र नेपाली साहित्यको विकास** (२०३३), पूर्णप्रकाश नेपाल 'यात्री' को **सेतीका तारा** (२०३४), अभि सुवेदीको **नेपाली लिटरेचर : व्यकग्राउण्ड एन्ड हिस्ट्री** (२०३५), मोहनराज शर्माको **कथाको विकास प्रक्रिया** (२०३५), रमेश श्रेष्ठको **नेपाली कविताको प्रवृत्ति** (२०३५), मोहनराज शर्माकै **नेपालीका केही आधुनिक साहित्यकार** (२०३६), प्रतापचन्द्र प्रधानको **माध्यमिक कालीन नेपाली कवितामा शृङ्गार** (२०३७), कृष्णचन्द्रसिंह प्रधानको **नेपाली उपन्यास र उपन्यासकार** (२०३७), शरद्चन्द्र शर्मा भट्टराईको **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल : २०३७), दयाराम श्रेष्ठको **प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा** (२०३८), प्रचण्ड मल्लको **नेपाली रङ्गमञ्च** (२०३७), बालचन्द्र शर्मा लिखित **नेपाली साहित्यको इतिहास** (२०३९), घटराज भट्टराईद्वारा सम्पादीत **लुकेका कवि र कविता** (२०३९) आदि यस अवधिका महत्त्वपूर्ण कार्य हुन् र

यस्ता कार्यहरूले सिधै वा प्रकारान्तरले इतिहासपरक समालोचनालेखन परम्परालाई बढावा दिने काम गरेका छन् ।

२०३० को दशकमा नै त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रम विकास केन्द्रले तथा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले २०३४ असार ९-१२ गतेसम्म आयोजना गरेका बृहत् साहित्यिक भेलाले पनि नेपाली साहित्यको मानक तथा क्षेत्रगत इतिहास लेखनकार्यमा गरेको योगदान कम महत्त्वको छैन । यसै अवधिमा नै सर्वप्रथम नेपाली साहित्येतिहासबारे अभि सुवेदी तथा यदुनाथ खनालजस्ता प्रवृत्तिहरूबाट अङ्ग्रेजी भाषामा पुस्तक तयार पारियो । यी र यस्तै उल्लेखनीय गतिविधिहरूले गर्दा इतिहासपरक नेपाली समालोचना यस अवधिमा विकसित बन्न पुगेको तथ्य छर्लङ्ग छ ।

पूर्वकार्यहरूबाट प्रशिक्षित बनिरहेको इतिहासपरक नेपाली समालोचना २०४० को दशकमा अझ उन्नत बन्दछ । यस अवधिमा नेपाली लगायत अङ्ग्रेजी, हिन्दी भाषामा अझ बढी साहित्येतिहासका पुस्तकहरू प्रकाशित हुन पुग्छन् । नगेन्द्र शर्माको **Nepali Literature : In a Nutshell** (1983) तथा कुमार प्रधानको **A History of Nepali Literature** (1984) अङ्ग्रेजीमा प्रकाशित इतिहासपरक समालोचनात्मक ग्रन्थ हुन् । त्यस्तै असित राईको **भारतीय नेपाली साहित्यको विकासक्रम** (१९८६) ले भारतीय नेपाली साहित्यको कालविभाजन तथा त्यसको सम्पूर्ण इतिहासलाई विधागत रूपमा पेश गरेको छ । यसै दशकको प्रारम्भमा नै डा. केशवप्रसाद उपाध्यायको **विचार र व्याख्या** (२०४०) पुस्तक प्रकाशित भयो । यसमा पूर्वकार्यहरूको समीक्षा गर्दै कालविभाजनसम्बन्धी अवधारणा राखेर पृष्ठ १ देखि ३२ सम्म साहित्येतिहासको सामान्य सर्वेक्षण गरिएको छ । रविमान लम्जेलको **मेची अञ्चलको साहित्यिक रूपरेखा** (२०४२) तथा विप्लब ढकालको **भोजपुरको साहित्यिक रूपरेखा** (२०४९), स्थानीयतामा आधारित इतिहासपरक नेपाली समालोचना हुन् । भूपहरि पौड्यालको **ऐतिहासिक मकै पर्व** (२०४०) तथा शरद्चन्द्र भट्टराईको **प्राचीन गद्याख्यान** (२०४२) इतिहासका गर्भमा लुकेका तथ्यको सार्वजनिकीकरण गर्ने शोधखोजप्रधान इतिहासपरक समालोचना हुन् । डा. हरिहरराज भट्टराईको **गीतिकाव्यको ऐतिहासिक अध्ययन** (२०४३) ले गीतिकाव्यको ऐतिहासिक स्वरूपलाई प्रस्ट पार्ने काम गरेको छ ।

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले वि.सं. २०४३ सालमा नेपाली साहित्यको इतिहासनिर्माणको अर्को योजना तयार पाऱ्यो । त्यसैअनुरूप नेपाली साहित्येतिहास समितिको गठन गरियो । प्रतिष्ठानको उक्त योजना पूर्ण रूपमा सफल हुन नसके पनि आंशिक रूपमा सफल भएको देखिन्छ । ने.रा.प्र.प्र. द्वारा प्रकाशित भिक्टर प्रधानको **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना** (२०४४) ले प्राप्य नेपालीका जीवनी र आत्मकथाको सामान्य मूल्याङ्कन गऱ्यो । घटराज भट्टराईको **प्रतिभैप्रतिभा** र **नेपाली साहित्य** (२०४०) ले नेपाली साहित्यका एक सय एक नामी प्रतिभाहरू (प्राथमिक, माध्यमिक र आधुनिक कालीन) को व्यक्तित्व र कृतित्वको बारेमा परिचय दिने काम गऱ्यो । त्यस्तै ठाकुर पराजुलीको **नेपाली साहित्यको परिक्रमा** (२०४५) ले नेपाली भाषा, लोकसाहित्य तथा प्राथमिकदेखि माध्यमिक काल हुँदै आधुनिककालीन नेपाली साहित्यको सामान्य परिक्रमा गऱ्यो । पश्चिम सिक्किम साहित्य प्रकाशनबाट प्रकाशित द्वैमासिक साहित्यिक पत्रिका **स्रष्टा** (ई. १९९१) ले भारतीय नेपाली कथाको सर्वेक्षण गर्दै यस विधाको ऐतिहासिक स्वरूपलाई स्थापित गर्ने काम गरेको छ । नकुल सिलवालको सम्पादकत्वमा बगर साहित्यिक प्रकाशनबाट प्रकाशित **२०४७ का सर्वश्रेष्ठ स्रष्टा र सिर्जना** (२०४८) ले जनआन्दोलन २०४६ ताकाका उत्कृष्ट रचनाहरूलाई रूपाङ्कन गर्ने काम गरेर इतिहासलेखनको सामग्री तयार पारिदिएको देखिन्छ ।

२०५० को दशकमा आउँदा नेपाली साहित्यको इतिहासबारे विविध बौद्धिक प्रयासहरू भएका छन् । यसै अवधिमा समालोचनामा इतिहासपरकताका सन्दर्भमा विविध छलफल तथा गोष्ठीहरू भएका छन् भने विभिन्न संस्थाहरूद्वारा गरिएका यस सम्बन्धी संस्थागत प्रयासहरू पनि अग्रगतितर्फ क्रियाशीलन बनिरहेको पाइन्छ । यस समयमा इतिहास लेखनका अधुनातन सिद्धान्तहरू पनि भित्रिएको पाइन्छ । २०५० मा प्रकाशित रविमान लम्जेलको **कोशी अञ्चलको साहित्यिक इतिहास**, लक्ष्मण प्रसाद गौतमको **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (२०५२), बलराम उपाध्याय आचार्यको **नेपाली साहित्यमा दैलेख जिल्लाको योगदान** (२०५८) आदि कृतिले इतिहासपरक नेपाली समालोचनाको क्षेत्रमा योगदान दिए । शरदचन्द्र शर्मा भट्टराईका

**माध्यमिककालीन नेपाली गद्याख्यान** (२०५०) **ओझेलमा परेकाहरू** (२०५६), तथा **खोजी अनि व्याख्या** (२०५६) जस्ता कृतिहरूको नेपाली साहित्यको माध्यमिक काललाई अझ वैभवशाली बनाउने ऐतिहासिक प्रयास गरेका छन् । त्यस्तै यसै परम्परालाई उज्ज्वलित पार्ने उद्देश्यले यस कालखण्डमा गोपाल भण्डारीको **प्राग् भानुभक्तीय नेपाली काव्य** (२०५३), ईश्वर बरालको **सुवानन्ददासदेखि शम्भुप्रसादसम्म** (२०५५), घटराज भट्टराईको **खोजखाज** (२०५४), बासुदेव त्रिपाठीको सम्पादनमा **साहित्येतिहास शृङ्खला-१** (२०५३), जयदेव भट्टराईको सङ्कलन तथा सम्पादनमा **साहित्यकार परिचय र अभिव्यक्ति** (२०५४), अभि सुवेदी लगायतका व्यक्तिहरूको सम्पादनमा **ने.रा.प्र.प्र.को समकालीन नेपाली कविता** (२०५५), रविलाल अधिकारीको **प्रगतिवादी नेपाली समालोचना** (२०५६), कृष्णप्रसाद श्रेष्ठको **रुसमा नेपालको छवि** (२०५६), ज्ञानमणि नेपालद्वारा सम्पादीत **बेताल पच्चिसी** (२०५८), व्याकुल माइलाको सम्पादनमा **नेपाली गीतिसङ्ग्रह** (२०५९) आदि प्रकाशित भएका छन् । यी धेरैजसो कृतिहरू इतिहासपरक नेपाली समालोचनाका विशुद्ध कृति नभए पनि सो तयार पार्नका लागि आवश्यक पर्ने प्रमाणिक सामग्रीहरू सहितका पुस्तकहरू हुन् ।

इतिहासपरक ढङ्गले नै नेपाली साहित्यको समालोचना गर्ने यस अवधिका समालोचकीय ग्रन्थहरूमा रामप्रसाद दाहालको **सिङ्गो नेपाली भाषासाहित्यको इतिहास र साहित्यकारहरूको परिचय** (२०५४), शान्तिराज शर्माको **नेपाली साहित्यको इतिहासको रूपरेखा** (१९९८ ई.), घटराज भट्टराईको **नेपाली साहित्यको ऐतिहासिक रूपरेखा** (२०५५), भानुभक्त पोखेलको **साहित्यिक समीक्षासङ्ग्रह** (२०५५), डा. दयाराम श्रेष्ठको **साहित्यको इतिहासः सिद्धान्त र सन्दर्भ** (२०५९), चूडामणि बन्धुको सम्पादनमा प्रकाशित **नेपाली साहित्यको इतिहास** (प्रथम खण्ड २०६०) आदि महत्त्वपूर्ण छन् । यस चरणमा देखापरेका प्रमुख इतिहासपरक समालोचकहरूको परिचय र प्रवृत्ति यसप्रकार छ :

**तारानाथ शर्मा (१९९१-)**

समालोचनाका क्षेत्रमा निर्भीक र निडर समालोचनाका रूपमा परिचित तारानाथ शर्मा मनोविश्लेषणात्मक, तुलनात्मक, प्रभावपरक, निर्णयात्मक कृतिकेन्द्री समालोचनात्मक पद्धतिहरूलाई अनुसरण गरेर आफ्नो समालोचनात्मक कार्यलाई समीक्षा, सम्पादन र साहित्येतिहासलेखनमा विस्तारित गर्ने समालोचक हुन् । उनका समालोचनात्मक कृतिहरूमा **घोत्ल्याइँहरू** (२०२१), **पश्चिमका केही महान साहित्यकार** (२०२६), **भानुभक्तदेखि तेस्रो आयामसम्म** (२०२७), **नेपाली साहित्यको इतिहास** (२०२७), **नेपाली साहित्यको ऐतिहासिक परिचय** (२०२९), **सम र समका कृति** (२०२९) महत्त्वपूर्ण छन् । त्यसमध्ये पनि इतिहासपरक अध्ययनका दृष्टिले **नेपाली साहित्यको इतिहास** (२०२७), र **भानुभक्तदेखि तेस्रो आयामसम्म** (२०२७) अत्याधिक महत्त्वका ठहरिन्छन् । भानुभक्तदेखि तेस्रो आयाम सम्म नेपाली साहित्यको ऐतिहासिक विकासक्रमका विविध कालखण्डमा देखापरेका भानुभक्तदेखि वैरागी काइँलासम्मका १४ जना साहित्यस्रष्टा, तिनका सिर्जनात्मक प्रवृत्ति र उपलब्धिलाई स्वकीय दृष्टिकोणमा व्याख्या, विश्लेषण एवम् मूल्याङ्कन गरेका समालोचनात्मक लेखहरूको सङ्ग्रह हो भने नेपाली साहित्यको इतिहास इतिहासलेखनमा नयाँ परम्पराको सुरुआत गरेको आधिकारिक कृतिका रूपमा मूलयाङ्कित छ । नेपाली साहित्यको इतिहासलाई परिचित पार्ने उद्देश्यले निर्माण गरिएको यो ग्रन्थमा पाइएसम्म पुराना साहित्यिक कृतिहरूदेखि थालेर २०२६ सालसम्म प्रकाशित भएका कृतिहरूसमेतको व्याख्या र विश्लेषण गरिएको छ । इतिहासपरक समालोचनाका दृष्टिले निकै महत्त्वपूर्ण यो कृतिमा लेखकले कालविभाजन र लेखकहरूको वर्गीकरणमा मात्र होइन व्याख्या विश्लेषण र आलोचनात्मक निर्णयमा पनि आफ्नो अध्ययनलाई महत्त्व दिएका छन् । इतिहासपरक अधयनका लागि आवश्यक कालविभाजन, विश्लेषण, मूल्यनिर्णय र जीवनी समेत उपर्युक्त विश्लेषण गरिएको यो कृति उत्कृष्ट साहित्येतिहास हो जुन नेपाली साहित्यको भूमिका, हाम्रो साहित्य र साहित्यकार जस्ता सामग्रीले निर्देशित गरेको प्रारम्भिक कार्यको उत्कर्ष पनि हो । यसले स्रष्टा, स्रष्टाका प्रेरणास्रोत, प्रभाव र सिर्जना एवम् समालोचनात्मक प्राप्तिलाई ऐतिहासिक कालक्रममा राखेर समीक्षा गर्ने प्रयास गरेको

छ । तसर्थ शर्मा इतिहासपरक नेपाली समालोचनाको दोस्रो चरणको आरम्भकै महत्त्वपूर्ण स्तम्भ बनेका छन् ।

**बासुदेव त्रिपाठी (१९९९)**

समालोचनामा पर्याप्त मात्रामा बौद्धिकता र विश्लेषणात्मकताको प्रयोग गर्ने त्रिपाठी मूलतः बहुलवादी समालोचक हुन् । उनका समालोचनात्मक कृतिहरूमा **विचरण** (२०२८), **नेपाली कविताको सिंहावलोकन** (२०२७), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (२०३०), **साहित्यकार पहलमानसिंह स्वारको पुनर्मूल्याङ्कन** (२०३४) लेखनाथ पौड्यालको **कवित्वको विश्लेषण र मूल्याङ्कन** (२०३४), **साहित्यकार झपटको जीवनी एक झलक** (२०४५) महत्त्वपूर्ण छन् । इतिहासपरक समालोचनाका दृष्टिले विधागत पृथकपृथक् ऐतिहासिक अध्ययन सन्दर्भ प्रस्तुत गरिएका विचरण र नेपाली कविताको सिंहावलोकन औधी महत्त्वका छन् । जसमा आख्यान, निबन्ध, नाटक र कविताको ऐतिहासिक संदृष्टिमूलक समीक्षा सङ्कलित छन् । यी कृतिले ती विधाको इतहिासमूलक प्रवृत्ति धारा र परम्पराका मूल्यहरू ठम्याउँदै निष्कर्षात्मक विशेषता प्रदर्शन गर्दै इतिहासपरक समालोचना लेखनको क्षेत्र विस्तारमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

**इन्द्रबहादुर राई (१९८६)**

प्रवासी नेपालीका रूपमा रहेर नेपाली भाषा-साहित्यको सम्बर्द्धन र संरक्षणका लाीग जीवन अर्पिएका इन्द्रबहादुर राई नेपाली समालोचनाका क्षेत्रमा सैद्धान्तिक र व्यावहारिक दुवै प्रवृतिका समालोचना लेख्ने वरिष्ठ समालोचक हुन् । उनका ऐतिहासिक शोधखोज विषयमा केन्द्रित समालोचना कृतिहरू **टिपेका टिप्पणीहरू** (२०२३), **भानुभक्तका कृति अध्ययन** (२०२६), **नेपाली उपन्यासका आधारहरू** (२०३०), **दार्जिलिङमा नाटकको आधा शताब्दी** (२०४१) प्रमुख छन् । यी कृतिहरूमा राईले इतिहासका विभिन्न कालखण्डमा तयार भएका दस्तावेजहरूको शोधखोज, समीक्षण एवम् मूल्याङ्कन गर्ने काम गरेका छन् । नेपाली उपन्यासका आधारहरूमा राईले नेपाली उपन्यास सिर्जनाको परम्परामा देखा परेका प्रतिभा, तिनका मूलभूत प्रवृत्ति र कृतिगत

विचार, शिल्प र संरचनात्मक वैशिष्ट्यलाई निरुपित गरिदिएर इतिहासपरक विधागत समालोचना लेखनको विशिष्टता देखाएका छन् । समष्टिमा राईका समालोचनात्मक कृतिहरूले नेपाली साहित्यको इतिहासको प्राथमिक तथा माध्यमिक कालका कृतिहरूमा निहित मूल्यलाई निरूपण गर्ने काम गरेका छन् । सर्जकको समय, तत्कालीन सिर्जनात्मक परिवेश, चिन्तन र कला लगायत विभिन्न पक्षहरूलाई आधार बनाएर ऐतिहासिक शोधखोजकर्ताका रूपमा नवमूल्यको उद्घाटन गर्न उद्यत राई परम्परामुक्त लेखनको मार्ग अन्वेषण गर्ने समालोचकका रूपमा प्रसिद्ध छन् ।

**रामलाल अधिकारी (१९९८)**

दार्जिलिङको सरकारी महाविद्यालयमा प्राध्यापन गरेका रामलाल अधिकारी विधागत इतिहास लेखनका सशक्त समालोचकका रूपमा इतिहासपरक समालोचनाको दोस्रो चरणमा स्थापित बनेका छन् । उनका समालोचनात्मक कृतिहरूमा **नेपाली निबन्धयात्रा** (२०३२) र **नेपाली एकाङ्की यात्रा** (२०३४) महत्त्वपूर्ण छन् । निबन्ध र एकाङ्की विधाको ऐतिहासिक विकास प्रक्रिया र तिनको सैद्धान्तिक स्वरूप एवम् सिद्धान्त र विकासका समग्र मूल्यहरूलाई र प्रवृत्तिहरूलाई निरूपण गर्ने काम अधिकारीले यी पुस्तकमा गरेका छन् । यसप्रकार अधिकारी निबन्ध र एकाङ्की विधाको ऐतिहासिक विकासक्रमलाई व्यवस्थित ढङ्गले अन्वेषण गरी कालक्रमिक ढाँचामा प्रस्तुत गर्दै मूल्याङ्कन गर्न सफल समालोचक बनेका छन् ।

**केशवप्रसाद उपाध्याय (१९९१)**

पाश्चात्य र पूर्वीय प्राचीन र वर्तमान नाटकका दुखान्त स्वरूपलाई अन्वेषण समीक्षण गर्ने विवेचकका रूपमा प्रसिद्ध केशवप्रसाद उपाध्यायले इतिहासपरक ढङ्गले विभिन्न ऐतिहासिक सामग्रीको समालोचना गर्ने काम पनि गरेका छन् उनका यस्ता कृतिहरूमा **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति** (२०३२), **विचार र व्याख्या** (२०४०), **नेपाली नाटकको अध्ययन** (२०५६) महत्त्वपूर्ण छन् । प्राथमिककालीन कवि र काव्यप्रवृत्ति शीर्षकको पुस्तकमा उपाध्यायले नेपालको वीरगाथाको परम्परा, ऐतिहासिक पृष्ठभूमि र वीरभावनाको समुचित प्रस्तुति र मूल्याङ्कन गर्ने र भक्तिभावनाका सगुण र

निर्गुण ईश्वरीय चिन्तनका पक्षहरूको विवेचना गर्दै पूर्ण ऐतिहासिक प्रविधिद्वारा नेपाली साहित्यको सुरुको समयमाथि प्रकाश पारेका छन् । त्यस्तै **विचार र व्याख्या** (२०४०) ग्रन्थभित्रको नेपाली साहित्यको कालविभाजन शीर्षकको पाठमा कालविभाजन सम्बन्धी मतमतान्तरहरूको स्थापना र तिनलाई आवश्यक पर्ने प्रमाणको आडदिने रचनाहरूको निर्माण गर्ने उपाध्याय विश्वसनीय तथा कम विवादित मतमा पुग्न प्रयत्न गरिरहेका देखिन्छन् ।[३९] यसरी हेर्दा केशवप्रसाद उपाध्याय सैद्धान्तिक चेतनाको आडमा प्राथमिककालीन कविताका मूल्यहरूको निरूपण गर्दै तत् समयका प्रवृत्तिलाई सविस्तार अध्ययन गर्ने व्यक्तित्व मत्र नभई समग्र साहित्यको ऐतिहासिक अध्ययन गर्ने गम्भीर समालोचकका रूपमा स्थापित छन् । उनले नाटकविधाको इतिहासलाई पनि विशेष तवरले अध्ययन, खोज एवम् मूल्याङ्कन समेत गरी विधागत इतिहासलेखन तर्फ पनि चासो देखाएको पाइन्छ । उनी प्राचीन र आधुनिककालीन नेपाली साहित्यका अन्वेषक तथा नेपाली साहित्यका पूर्व आधुनिक सामग्रीलाई समुचित ढङ्गले प्रस्तुत गरी विवेचनात्मक निष्कर्ष दिने व्यक्तित्व हुन् ।

**दयाराम श्रेष्ठ** (२०००)

अध्ययन गरेको विषयलाई आलोचनाका कसीमा कुँद्दै समालोचनात्मक पाराले विवेचना गरी मूल्याङ्कन गर्ने दयाराम श्रेष्ठ आफ्ना रचनामा नेपाली साहित्यको प्राचीनदेखि वर्तमान सम्मका नयाँनयाँ वस्तु प्रवृत्ति र परम्परा ठम्याउने समीक्षक हुन् । इतिहासपरक समालोचनाका क्षेत्रमा उनको विशेष योगदान रहेको छ । विशेषतः **नेपाली साहित्यका केही पृष्ठ** (२०३२), **वीरकालीन कविता** (२०३४), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४), **प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा** (२०३८), **साहित्यको इतिहासः सिद्धान्त र सन्दर्भ** (२०५९) जस्ता कृतिहरूले उनलाई गहिरो अध्ययन सूक्ष्म विश्लेषण तथा अन्वेषणात्मक आधारसहितको निरपेक्ष मूल्याङ्कन गर्ने सिद्धहस्त समालोचकका रूपमा स्थापित गरिदिएका छन् । उनले आफ्ना ग्रन्थहरूमा प्राथमिककालीन साहित्य र त्यसका सर्जकहरूमा रहेको वीर एवम् भक्ति भावनाको स्रोत, प्रभाव र मूल्यहरूको पहिचान गर्ने सार्थक प्रयास गरेका छन् । आफूले

[३९] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १७५ ।

प्राप्त गरेका सामग्रीलाई व्यवस्थित गर्दै तिनको सटिक अध्ययन समीक्षण एवम् मूल्याङ्कन गर्दै श्रेष्ठले सन्तुलित र संयमित शैलीमा इतिहासपरक ढङ्गले सैद्धान्तिकताको आडमा नेपाली साहित्यको ऐतिहासिक अध्ययन गर्ने सफल प्रयास गरेका छन् । मोहनराज शर्मासँगको सहलेखनमा तयार भएको **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०३४) शीर्षकको पुसतकमा श्रेष्ठले विशेषतः कथा, उपन्यास, निबन्ध, जीवनी साहित्य, यात्रा साहित्य लगायत अन्य गद्यरूपहरूको ऐतिहासिक विश्लेषण गरी कालविभाजन र मूल्यनिर्णय सहितको विवेच्य रूप प्रस्तुत गरेका छन् । २०५९ सालमा प्रकाशित उनको पुस्तक **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ** ले साहित्येतिहासलेखनको सिद्धान्त एवम् नेपाली साहित्यको इतिहास लेखनमा देखापरेका मतमतान्तर र त्यसको सटिक विश्लेषण प्रस्तुत गरेको छ । यसर्थ श्रेष्ठ इतिहासपरक नेपाली समालोचनालाई व्यापक र समृद्ध बनाउने समालोचकका रूपमा प्रतिष्ठित बन्न पुगेका छन् ।

### मोहनराज शर्मा (१९९४)

समालोचनाको सौन्दर्यचिन्तनमा शैलीवैज्ञानिक पद्धति अँगाल्ने मोहनराज शर्माले लेखेका इतिहासपरक समालेचनात्मक ग्रन्थहरूमा **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०३४) र **कथाको विकास प्रक्रिया** (२०३५) महत्त्वपूर्ण छन् । उनको लेखनले नेपाली साहित्यका ऐतिहासिक सामग्रीको नापजोख गरेर ऐतिहासिक कालक्रमिक अध्ययन र विश्लेषण गर्ने कार्य गरेको पाइन्छ । नेपाली साहित्यको कालविभाजनका सन्दर्भमा २००७ सालबाट मात्रै आधुनिक काल आरम्भ भएको व्याख्या गरी ऐतिहासिक समालचेनाका क्षेत्रमा निकै विवादित बनेका शर्मा आफ्नै समालोचकीय मानदण्ड स्थापित गर्न उद्यत समालोचक हुन् । **नेपाली साहित्यको संक्षिप्त इतिहास** (सहलेखन २०३४) भित्र प्राचीन नेपाली भाषा, तत्समयका अभिलेख र ग्रन्थको समेत गर्दै शर्माले नेपाली कविता, नाटक, एकाङ्की समालोचना जस्ता विधाको सरल इतिहास प्रस्तुत गरेका छन् । उनको यो ऐतिहासिक अध्ययन सरल, सङ्क्षिप्त एवम् सटिक विश्लेषणमा केन्द्रित रहेको विवरणात्मक पाराको देखापर्छ । विद्यागत इतिहासको प्रस्तुतिका क्रममा गरिएको वर्णन विश्लेषणमा उनले सैद्धान्तिक परिचय, ऐतिहासिक आधार कालविभाजन

र उक्त कालभित्र पर्ने कृति एवम् कृतिकारको विवरण र निष्कर्षलाई संयोजन गरेका छन् । त्यस्तै **कथाको विकासप्रक्रिया** (२०३५) मा शर्माले नेपाली साहित्यका प्राचीन कथालाई कालक्रमिक विभाजन गर्दै चार खण्डमा त्यसको विश्लेषण गरी कथा साहित्यको इतिहासपरक अध्ययन पनि प्रस्तुत गरिदिएका छन् । यसप्रकार नेपाली साहित्यको इतिहासलेखनसँग सम्बद्ध रहेका शर्मा कालविभाजन समबन्धी मतमा आफ्नै मत अघि सार्ने विवादित समालोचकका रूपमा स्थपित छन् । उनको अर्को कृति **नेपालीका केही आधुनिक साहित्यकार** (२०३६) मा पनि नेपाली साहित्यको इतिहासका साथै काल विभाजन र आधुनिकताबारे ऐतिहासिक विवेचना प्रस्तुत गरिएको छ ।

**प्रतापचन्द्र प्रधान (२०१०)**

नेपाली कविता, उपन्यास र कथाको ऐतिहासिक अध्ययन, विश्लेषण र मूल्याङ्कनका क्षेत्रमा कलम चलाई आफ्नो सामालोचकीय धर्म निर्वाह गर्ने प्रधान अन्वेषणमूलक लेखन एवम् समीक्षण गर्ने उत्कृष्ट प्रतिभा हुन् । उनका इतिहासपरक समालोचनात्मक ग्रन्थमा माध्यमिककालीन **नेपाली कवितामा शृङ्गार** (२०३७), **नेपाली उपन्यास पृष्ठभूमि र परम्परा** (२०४०) र **कथावलोकन** (२०४०) महत्त्वपूर्ण छन् । माध्यमिककालमा सिर्जना गरिएका नेपाली कविताको अध्ययन गर्ने प्रधानले आख्यान साहित्यको ऐतिहासिक परम्परा र प्राप्तिको अन्वेषण समेत गरेका छन् । कथा र उपन्यास विधाको विधागत इतिहास तयार पारी त्यसलाई समग्र साहित्यको विकासको शृङ्खला जोड्दै तत्समयका कृतिको मूल्य निरूपण गर्ने काममा उनले सफलता प्राप्त गरेका छन् । नेपाली साहित्यको समग्र ऐतिहासिक अध्ययन गरी लेखिएका पुस्तक प्रकाशित नभए पनि कविता, कथा र उपन्यासको इतिहासलाई प्रस्तुत गरेर इतिहासपरक समालोचनाको विकास र विस्तारमा उनले महत्त्वपूर्ण भूमिका निभाएका छन् । अध्ययनका क्रममा उनले कृतिमा निहित मूल्यलाई निरूपण गर्दा त्यसको ऐतिहासिक आधारलाई पनि सचेततापूर्वक समीक्षण गरेको पाइन्छ ।

**कृष्णचन्द्रसिंह प्रधान (१९८२)**

सिर्जना र समालोचना दुवै क्षेत्रमा प्रखर एवम् निर्भीक व्यक्तित्वका रूपमा स्थापित कृष्णचन्द्रसिंह प्रधान चिन्तनप्रधान समालोचक हुन् । उनको कृति **नेपाली उपन्यास र उपन्यासकार** (२०३७) इतिहासप्रधान समालोचनाका दृष्टिले निकै महत्त्वको कृति बनेको छ । विशेषतः उपन्यास विधाको समग्र इतिहासलाई सर्वेक्षणात्मक तथा विश्लेषणात्मक ढङ्गले व्याख्या गरिएको यस कृतिले उपन्यासको सैद्धान्तिक स्वरूप र प्रवृत्तिलाई पनि प्रस्ट ढङ्गले प्रस्तुत गरेको छ । विधागत इतिहासलेखनका सन्दर्भमा त्यस विधामा देखा परेको ऐतिहासिक गतिलाई सटिक ढङ्गले विवेचना गरी त्यसको उचित निष्कर्ष दिने काम यस कृतिमा भएको छ । उनले सम्पादन गरेको **साझा समालोचना** (२०२५) पनि यस सन्दर्भमा उल्लेखनीय रहेको छ । यस पुस्तकमा प्रधानले नेपाली साहित्यका विभिन्न कालखण्डका आयाम, प्राप्ति र प्रवृत्तिहरूलाई विस्तारपूर्वक व्याख्या गरेका छन् । मूलतः समालोचनात्मक ग्रन्थतर्फ ढालिएका भएपनि उनका यी कृतिले नेपाली साहित्यको समष्टिगत तथा विधागत इतिहास निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । तसर्थ नेपाली साहित्यलाई वर्गीय दृष्टिमा समीक्षा गर्ने प्रधान राम्रा इतिहासपरक समालोचकका रूपमा पनि चिनिन्छन् ।

**शरद्चन्द्र शर्मा भट्टराई (१९८७-२०६०)**

सम्पादक तथा समीक्षक व्यक्तित्वका रूपमा स्थापित भट्टराई नेपाली साहित्यको प्राचीन र माध्यमिककालको विवेचनात्मक इतिहासका आधिकारिक व्यक्तित्वका रूपमा स्थापित छन् । उनका इतिहासपरक समालोचनात्मक ग्रन्थमा **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल) (२०३७), **प्राचीन गद्याख्यान** (२०४२), **माध्यमिक गद्याख्यान** (२०५२), **जोगमण्डलीका कविता** (२०५२) महत्त्वपूर्ण छन् । असुरक्षाका कारण खेर जान लागेका ऐतिहासिक सामग्रीहरूको खोज अन्वेषण गर्ने सम्पादन गर्ने र त्यसलाई ऐतिहासिक ढाँचामा आबद्ध गरेर मुल्याङ्कन गर्ने कार्यमा उनको विशेष योगदन रहेको छ । विशेषतः भट्टराईले प्राचीन र माध्यमिक कालका सामग्रीहरूलाई शोधखोज गरेर पाठक समक्ष ल्याउने, सम्पादन र समीक्षण गर्ने, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य

जिम्मेवारीपूर्वक गरेका छन् । कृतिविशेषलाई तर्क र तथ्यका आधारमा चिनाउँदै निष्कर्षमा पुग्ने शर्मा नेपाली साहित्यको ऐतिहासिक विवेचना गर्ने अन्वेषणात्मक कार्यमा निकै सबल देखिन्छन् । विभिन्न तिथिमिति र प्राप्त सत्यतथ्यका आडमा उभिएर शर्माले गरेको इतिहासपरक समालोचनाले नै उसलाई आधिकारिक व्यक्तित्वका रूपमा स्थापित गरिदिएको छ । शर्माले गरेको प्राथमिक र माध्यमिककालीन ऐतिहासिक अध्ययनले त्यो कालखण्डको साहित्यिक गरिमालाई अझ उच्च बनाउन सघाउ पुऱ्याएको देखिन्छ ।

**बालचन्द्र शर्मा (१९७६-२०३३)**

बालचन्द्र शर्मा इतिहासपरक नेपाली समालोचनाको दोस्रो चरणका महत्त्वपूर्ण समालोचक बनेका छन् । उनका समालोचनात्मक कृतिमा **नेपाली साहित्यको इतिहास** (२०३९) विशिष्ट छ । विशेषतः ऐतिहासिक सामग्रीका रूपमा स्थापित हुन पुगेका शर्मालाई नेपालको इतिहासको अधिकारिक व्यक्ति मान्ने चलन पनि छ । उनको इतिहासपरक समालोचनात्मक ग्रन्थमा उनले नेपाली साहित्यको ऐतिहासिक पृष्ठभूमि, सृजनाको आरम्भ र त्यसको विकासजस्ता पक्षहरूलाई प्रष्ट्याएका छन् । २००० सालपछिबाटनै नेपालको इतिहासलेखन र नेपाली साहित्यका ऐतिहासिक सामग्रीको शोधखोज र व्याख्या विश्लेषणमा जुटेका भएपनि उनको इतिहासपरक समालोचनात्मक ग्रन्थ २०३९ सालमा प्रकाशित भएका हुनाले उनलाई इतिहासपरक समालोचनाको दोस्रो चरणमा राखिएको हो । विभिन्न समयखण्डमा सिर्जना भएका सामग्रीलाई कालक्रमिक ढङ्गले अध्ययन गरी त्यसको विश्लेषण र मूल्याङ्कन गर्ने शर्मा नेपाली साहित्यको पुरानो कालखण्डमा देखापरेका साहित्यकारको रचनामा रहेको युग, जीवन र तत्कालीन चिन्तनगत आधारलाई उद्घाटन गर्दै साहित्यलाई विभिन्न चरण।उपचरणमा वर्गीकृत गरेर अध्ययन गर्ने समालोचकका रूपमा प्रतिष्ठित छन् । ऐतिहासिक खोज, अनुसन्धानमूलक लेखन तथा समष्टि साहित्यको ऐतिहासिक विवेचना गर्ने शर्मा सटीक र सचेत समीक्षक हुन् ।

**घटराज भट्टराई (१९९९-२०६३)**

स्रष्टाको जीवनी र तिनको सृजनालाई केन्द्र बनाएर समीक्षा गर्ने घटराज भट्टराईले पनि इतिहासपरक समालोचनालाई मूलतः सघाउ पुऱ्याउने खालका कृतिहरू प्रकाशित गरेका छन् । पुरानो समयका कलम चलाएका स्रष्टा र सिर्जनालाई पाठकसामु उभ्याउने र साहित्येतिहास लेखनका शृङ्खलामा सघाउ पुऱ्याउने अन्वेषणात्मक परम्पराको निर्वाह भट्टराईले गरेको देखिन्छ । उनका यस्ता कृतिहरूमा **प्रतिभैप्रतिभा र नेपाली साहित्य** (२०४०), **खोजखाज** (२०५४) **नेपाली लेखक कोश** (२०५६) महत्त्वपूर्ण छन् । स्रष्टाको जीवनवृत्तको शब्दिक चित्रण गर्ने र उसका कृतिहरूको सूचना एवम् सङ्ख्या सूचिकरण गर्ने उनको कार्य देख्दा सामान्य भएपनि ऐतिहासिकताका आधारमा विशिष्ट छ । अर्कातिर खोजखाज नामक कृतिमा भट्टराईले प्राथमिककालीन र माध्यमिककालीन स्रष्टा र सिर्जनाको उपर्युक्त व्याख्या एवम् मूल्याङ्कन गरेका छन् । उनको यस्तो शोधखोजमूलक कार्यले नेपाली साहित्यको इतिहासपरक अध्ययनलाई फराकिलो बनाउन सघाउ पुऱ्याएको छ । यसर्थ कवि साहित्यकारका जीवनी र कृतित्वको परिचय दिने तथा दुर्लभ सामग्रीको खोजी गर्ने प्रवृत्तिले घटराज भट्टराईलाई इतिहासपरक समालोचकका रूपमा उभ्याएको छ ।

**राजेन्द्र सुवेदी** (............)

तुलनात्मक र विश्लेषणात्मक पद्धतिलाई अँगाली सरल र स्पष्ट भाषामा समालोचना लेख्ने राजेन्द्र सुवेदीले पनि इतिहासपरक नेपाली समालोचनाको दास्रो चरणमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । यससँग सम्बन्धित उनका महत्त्वपूर्ण कृतिहरूमा **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०५३) र **नेपाली समालोचना परम्परा र प्रवृत्ति** (२०६१) महत्त्वपूर्ण छन् । विशवविद्यालयमा प्राध्यापन गर्दा भेला भएका सामग्रीलाई आफ्नो समालोचकीय कौशलमा ढालेर विशेषतः नेपाली उपन्यास र समालाचेनाको सिद्धान्त, इतिहास र त्यसमा देखा परेका विभिन्न धारा उपधारा एवम् प्रवृत्तिलाई विवेचनात्मक ढङ्गले प्रस्तुत गरी विधागत इतिहासको समष्टिगत स्वरूप प्रस्तुत गर्नुले उनलाई विशिष्ट इतिहासपरक समालोचकका रूपमा स्थापित गरेको छ ।

सकेसम्म धेरैभन्दा धेरै सूचना र तथ्यहरूलाई खोजेर आफूले बनाएको विधागत इतिहासलाई सम्पुष्ट बनाउनु उनको विशेषता हो । आफूले रोजेको विषयको ऐतिहासिक अध्ययन गर्दा पाइएसम्मका स्रष्टा र तिनका सिर्जना/समालोचनाको उचित स्थानमा सटीक व्याख्या प्रस्तुत गरी तिनको उपर्युक्त मूल्याङ्कन गर्ने कार्यले सुवेदीलाई इतिहासपरक नेपाली समालोचनाको दोस्रो चरणमा महत्त्वपूर्ण समालोचकका रूपमा उभ्याएको छ ।

**गणेशबहादुर प्रसाईं (१९८७)**

अन्वेषणमूलक समालोचनामा सौन्दर्य चिन्तनलाई समावेश गर्ने गणेशबहादुर प्रसाईंले लेखेका इतिहासपरक समालोचनासँग सम्बन्धित कृतिमा **सुवानन्ददेखि राजीवलोचनसम्म** (२०४४) र **नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा** (२०४८) महत्त्वपूर्ण छन् । सुवानन्दास देखि राजीवलोचनको समयखण्डमा नेपाली साहित्यको कविताविधामा देखा परेका सिर्जनात्मक रचनाहरूलाई तत्कालीन युग परवेश र जीवनदृष्टिका आधारमा मूल्याङ्कन गर्ने प्रसाईं नेपाली कविताको प्राथमिककाल र माध्यमिक कालको अभ्युत्थान र त्यसको वर्तमान समयलाई देखाएको मार्ग पहिल्याउने समालोचकका रूपमा प्रतिष्ठित छन् । राजीवलोचनभन्दा पूर्वको ऐतिहासिक अध्ययन गरेर प्रसाईंले यस पुस्तकमा नेपाली कविता साहित्यको पुरानो समयखण्डलाई उजिल्याउने र तथ्यगत सूचना प्रदान गर्ने महत्त्वपूर्ण कार्य गरेका छन् । **नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा** (२०४८) नामक ग्रन्थमा नेपाली कविताको स्वच्छन्दतावादी इतिहास र परम्परालाई कालक्रमिक तथा प्रवृत्तिपरक दृष्टिले प्रसाईंले अध्ययन गरेका छन् । यसले नेपाली कविता साहित्यको आधुनिककालको स्वच्छन्दतावादी धारलाई व्यापक ढङ्गले विश्लेषण गरी थप सूचना र तथ्यसङ्गत मूल्याङ्कन गर्ने कार्य गरेको छ । यसप्रकार गणेशबहादुर प्रसाईं नेपाली साहित्यको थोरबहुत ऐतिहासिक अध्ययन गर्ने समीक्षकका रूपमा स्थापित छन् ।

**घनश्याम नेपाल (२०१६)**

इतिहासपरक समालोचक घनश्याम नेपालको महत्त्वपूर्ण पुस्तक **नेपाली साहित्यको परिचयात्मक इतिहास** (२०४५) हो । भाषा र साहित्यको अन्वेषणमा केन्द्रित नेपालको यस पुस्तकमा नेपाली साहित्यको इतिहासमा देखापरेका विविध परम्परा र प्रवृत्तिलाई आधार मानी उपर्युक्त ढङ्गले कालविभाजन गरिएको छ । परिचयात्मक रूपमै भए पनि नेपाली साहित्यको प्राचीन समय, त्यस समयका मूल्य मान्यता र त्यसकै आधारमा सिर्जिएका सिर्जना तथा तिनको मूल्यबोध गर्दै नेपालले चालीसको दशकसम्मका साहितियक मूल्य र मान्यता त्यसका अन्तर्विरोध आदिको विश्लेषण गर्दै कालविभाजन र मूल्य निर्णयको पद्धतिमा इतिहासपरक समालोचना गर्ने काम यस पुस्तकमा गरेका छन् । यसर्थ उनी इतिहासपरक नेपाली समालोचनाको दोस्रो चरणका अन्वेषणमूलक समालोचकका रूपमा स्थापित छन् ।

यसप्रकार इतिहासपरक नेपाली समालेचना इतिहासमा लुकेका अप्राप्त वस्तुहरूको प्राप्ति प्रयास र प्राप्त वस्तुहरूको व्यवस्थित संयोजन गरी दुई ढङ्गले अगाडि बढेको छ । प्रकारान्तरले भन्दा एकथरि विद्वान्हरू इतिहासको अध्यारो कालखण्डमा छिपेका सामग्रीहरूलाई उज्यालोतर्फ निकाल्ने र पाठकसामु प्रदर्शित गर्ने अभियानमा व्यस्त छन् भने अर्काथरि विद्वान्हरू प्रदर्शित सामग्रीहरूलाई अधुनातन ढाँचामा आफ्नै बल र बुताले भ्याएसम्म व्यवस्थित गरी इतिहासपरक नेपाली समालोचनाको फाँटलाई उर्जावान् बनाउने दिशामा मरिमेटेका छन् । सामग्री व्यवस्थापनका सन्दर्भमा समालोचकहरूले पृथक पृथक विधाका आधारमा वा तत्सम्बन्धी पूर्ण इतिहास निर्माणका आधारमा तथा लोकसाहित्यको खोजका आधारमा वा सम्पूर्ण साहित्यको समीक्षण इतिहासपरक ढङ्गले गर्ने विशिष्ट प्रणालीका आधारमा दरिलो प्रयास गरेका छन् जुन इतिहासपरक नेपाली समालोचनालाई विशिष्टीकृत बनाउने महत्त्वपूर्ण कार्य हो भन्दा अत्युक्ति हुँदैन ।

इतिहासपरक नेपाली समालोचनाको आधार इतिहासमा रहेका कृतिको बाह्यागमन नै हो । लुकेर रहेको सामग्रीहरूलाई बाहिर नल्याइकन इतिहासको गति

उक्त कालखण्डमा कस्तो थियो भनी मूल्याङ्कन गर्न खोज्नु इतिहासपरक नेपाली समालोचना गर्ने ढङ्ग नपुग्नु हो भन्न सकिन्छ । इतिहासपरक समालोचनाको व्यवस्थित र वैज्ञानिक अध्ययनका लागि अत्यावश्यक अप्राप्त वस्तुहरूको प्राप्तिको प्रयास गर्ने समालोचकहरूको कार्य पनि नेपाली समालोचनाका क्षेत्रमा भएको छ । यस सन्दर्भको सुरुआत मोतीराम भट्टको **भानुभक्ताचार्यको जीवन चरित्र** (१९४८) हो । जसले समीक्षामूलक जीवनी लेखनको परम्परालाई स्थापित गर्दै इतिहासको कालखण्डमा लुकेका भानुभक्तको मूल्याङ्कन गर्ने कार्य गरेको छ । शम्भुप्रसाद ढुङ्गेलको **भानुभक्तको जीवनचरित्र** (२०४९) ले भानुभक्तको छविलाई उजिल्याउँदै उनको कृतित्वलाई निकै उच्च र उल्लेखनीय ठहऱ्याउने कार्य गरेको छ र नेपाली कविताको इतिहासको भक्तिधाराका भानुभक्तको विशिष्टता परिचान गर्न इतिहासपरक नेपाली समालोचनालाई आधार सामग्री प्रदान गरेको छ । नेपाली भाषा साहित्य र संस्कृतिका अन्वेषक र समीक्षक एवम् निर्णायक व्यक्तित्वका रूपमा देखापरेका बाबुराम आचार्यले पुरातन सामग्रीहरूको अन्वेषण गर्ने महत्त्वपूर्ण कार्य गरेका छन् ।[४०] आजको सन्दर्भमा नेपाली साहित्यको प्राथमिककाल मानिने इन्दिरस, विद्यारण्यकेशरी, वसन्त शर्मा, यदुनाथ पोखरेल, भानुभक्त, रघुनाथ पतन्जलि गजुऱ्याल आदिका रचना सामग्रीलाई पाठक समक्ष प्रस्तुत गरिदिएको उनको **पुराना कवि र कविता** (२००३) यस सन्दर्भमा उल्लखनीय छ । त्यस्तै सूर्यविक्रम ज्ञवालीको **नैवेद्य समालोचना** (१९७९), **भानुभक्तको जीवनी** (१९९७), सम्पादीत कृति **कथाकुसुम** (१९९५), लक्ष्मीप्रसाद देवकोटाको **नेपाली साहित्यमा सर्वश्रेष्ठ पुरुष** र पं. लेखनाथ पौडेलका विषयमा **नेपाली साहित्यगानको दुई नक्षत्र** (लक्ष्मी निबन्धसङ्ग्रह, २००२), यदुनाथ खनालको **साहित्यिक चर्चा** (२०३४) ले पनि इतिहासपरक नेपाली समालोचनाका लागि थोरबहुत आधार सामाग्रीका रूपमा कार्य गरकै छन् । रामकृष्ण शर्माका सप्त शारदीय, दशगोर्खा, एक बिसाउनी, बालचन्द्र शर्माको **नेपालको ऐतिहासिक विवेचना** (२००८), **भानुभक्त** (२०१४), ईश्वर बरालको **सुवानन्ददासदेखि शम्भुप्रसादसम्म** (२०५३), **राजीवलोचन जोशी** (२०५३) आदि जनकलाल शर्माको **जोसमनि सन्तपरम्परा र साहित्य** (२०२०), कमल दीक्षितको **यस्तो पनि** (२०१४), **कालो अक्षर** (२०१७), **पर्खदै बित्ला कि !** (२०२६), गणेशबहादुर

---

[४०] ऐजन, पृ. ८९ ।

प्रसाईँका **सुवानन्ददेखि राजीवलोचनसम्म** (२०४४), **नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा** (२०४८), शरद्चन्द्र शर्मा भट्टराईका **प्राचीन गद्याख्यान** (२०४२), **नेपाली वाङ्गमय केही खोजी केही व्याख्या** (२०४४), **माध्यमिक गद्याख्यान** (२०५२), **जोगमण्डलीका कविता** (२०५२) आदि, कशधको सम्पादनमा प्रकाशित **फेरि अर्को बुइँगल, बुइँगलको बाकस** आदि, केशवप्रसाद उपाध्यायको **प्राथमिककालीन कवि र काव्यप्रवृत्ति** (२०३२), **विचार र व्याख्या** (२०४०), रामलाल अधिकारीको **नेपाली एकाङ्की यात्रा** (२०३४), घटराज भट्टराईका **प्रतिभैप्रतिभा र नेपाली साहित्य** (२०४०), **नेपाली लेखककोश** (२०५३), **खोजखाज** (२०५४), दयाराम श्रेष्ठका **प्राथमिक कालको नेपाली साहित्य : इतिहास र परम्परा** (२०३८), आदि कृति इतिहासपरक नेपाली समालोचनाका लागि महत्त्वपूर्ण छन् । यी कृतिहरूले इतिहासमा लुकेका लोपोन्मुख सामग्रीलाई व्यवस्थित तरिकाले प्रस्तुत गरिदिने र समग्र ऐतिहासिक साहित्यिक मूल्य र मान्यताको स्थापना गर्ने महत्त्वपूर्ण जिम्मेवारी बोकेका छन् । यसका साथै वर्तमान समयसम्म भए गरेका ऐतिहासिक सामग्रीको अन्वेषण गर्ने कार्यले नेपाली साहित्यको इतिहासको सीमा र त्यस भित्रका विविध प्राप्ति र प्रवृत्तिलाई आँकलन गर्ने समालोचकीय आँटलाई मूर्त बनाउन खलेको भूमिका महत्त्वपूर्ण रहेको छ । जसका आधारमा प्राप्त वस्तुहरूको व्यवस्थितिकरण गर्ने कार्य अगाडि बढेको छ ।

ऐतिहासिक मूल्यमान्यता र सैद्धान्तिकताका आधारमा विभिन्न समयमा विभिन्न विद्वान्हरूद्वारा खोजी गरिएका सामग्रीको व्यवस्थित संयोजन गर्ने कार्य इतिहासपरक नेपाली समालोचनाको महत्त्वपूर्ण पाटो हो । प्राप्त वस्तुहरूको अध्ययनपश्चात ती वस्तुहरूको स्रोत, मूल्य, प्रवृत्ति, सम्भावना र भूमिका आदिका आधारमा तिनलाई एउटा सैद्धान्तिक दायराभित्र समेटेर कालविभाजनसम्मको निर्धारण गर्नु चानचुने कार्य पटक्कै होइन । नेपाली समालोचनाको यो कार्यक्षेत्रमा थुप्रै विद्वान्हरूले आ-आफ्नै क्षमता र शक्तिका आधारमा कलम चलाएको र इतिहासपरक नेपाली समालोचनालाई सम्वद्धित गरेको कुरा यहाँ उल्लेखनीय छ । प्राप्त वस्तुहरूको व्यवस्थित संयोजन गर्ने सुरुआत इतिहासशिरोमणि बाबुराम आचार्यको **पुराना कवि र कविता** (२००३) बाट भएको छ र तत्पश्चात वर्तमानसम्म विविध अध्येताहरूले विधागत आधारमा, समष्टि आधारमा वा

लोकसाहित्यको समष्टि र त्यसभित्रका विधाका आधारमा पनि यसको व्यवस्थिति गरेको पाइन्छ । समष्टिगत साहित्यको ऐतिहासिक गोरेटोको मूर्तचित्र कोर्ने सन्दर्भमा प्रकाशित भएका कृतिहरूको साहित्यका विविध विधाहरूलाई पनि समेट्दै आदिदेखि वर्तमानसम्मको साहित्ययात्रा त्यसका मूल्य र मान्यताका अथवा कारण र कार्यको लेखाजोखा सङ्क्षिप्त तवरले गरेको पाइन्छ भने विधागत आधारमा इतिहासपरक अध्ययन गर्ने अध्येताहरूले निश्चित विधाका परिधिभित्र मात्र घुम्ने हुनाले त्यसको गहिराईतर्फ प्रवेश गर्ने र विशिष्ट र बृहत् मूल्याङ्कन गर्ने गरेको देखिन्छ । विधागत आधारमा इतिहासपरक समालोचना गर्ने समालोचक र तिनका कृतिहरूमा बाबुराम आचार्यको **पुराना कवि र कविता** (२००३), रत्नध्वज जोशीको **नेपाली कथाको कथा** (२०२५), ईश्वर बरालद्वारा सम्पादित **झ्यालबाट** (कथासङ्ग्रह, २००६), **हिमचुली** (कवितासङ्ग्रह २०२१), **सयपत्री** (निबन्धसङ्ग्रह २०१३), इन्द्रबहादुर राईको **नेपाली उपन्यासका आधारहरू** (२०३०), केशवप्रसाद उपाध्यायको **नेपाली नाटक र रङ्गमञ्च** ( २०५२), **नेपाली नाटकको अध्ययन** (२०५६), मोहनराज शर्माको **कथाको विकास प्रक्रिया** (२०३५), रामलाल अधिकारीको **नेपाली एकाङ्की यात्रा** (२०३४), भिक्टर प्रधानको **नेपाली जीवनी तथा आत्मव्यथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना** ( २०४४), **नेपाली निबन्ध यात्रा** (२०३१) **नेपाली कथायात्रा, नेपाली बालसाहित्यको स्थितिको अध्ययन** (?), प्रतापचन्द्र प्रधानको **नेपाली उपन्यास पृष्ठभूमि र परम्परा** (२०४०), कृष्णचन्द्रसिंह प्रधानको **नेपाली उपन्यास र उपन्यासकार** (२०३७), राजेन्द्र सुवेदीका **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०५३), **नेपाली समालोचना परम्परा र प्रवृत्ति** (२०६१), हरिराज भट्टराई **गीतिकाव्यको ऐतिहासिक अध्ययन** (२०४३), कृष्णहरि र नेत्र एटमको **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५६), कृष्णहरि बरालको **गीतसिद्धान्त र इतिहास** (२०६०) आदि प्रमुख छन् । लोकसाहित्यको इतिहास र त्यसभित्रका तथ्यहरूको मूल्याङ्कन गर्ने अथवा भनौं लोकसाहित्यिक सामग्रीको खोज र त्यसको व्यवस्थित संयोजन गर्ने समालोचकहरूमा पनि विधागत हिसाबले र समष्टिगत हिसाबले अध्ययनहरू भएका छन् । त्यस्ता समालोचकहरूमा सत्यमोहन जोशी, धर्मराज थापा, हंसपुरे सुवेदी, कालीभक्त पन्त, काजीमान कन्दङ्वा, कृष्णप्रसाद

पराजुली, लीलासिंह कर्मा, देवकान्त पन्त, चूडामणि बन्धु, तुलसी दिवस, जीवेन्द्रदेव गिरी, मोतीलाल पराजुली, सुवि शाह आदि प्रमुख छन् ।

नेपथ्यका सामग्रीहरू प्राप्त भइसकेपछि त्यसको उपर्युक्त संयोजनका सन्दर्भमा साहित्यको समष्टिगत इतिहासलाई विभिन्न कालखण्डमा समायोजन गर्ने प्रयास गर्दै इतिहासका नेपाली समालोचनामा कलम चलाउने समालोचकहरूमा आ-आफ्नै अडान कायमै देखिन्छ । तैपनि एउटा निश्चित तथ्य पक्डेर त्यसको सीमाको मूल्याङ्कन र त्यसभित्र अटाउने साहित्यकारको लेखाजोखा गर्ने कार्यमा ती सबै महत्त्वपूर्ण स्किारिन्छन् । यस्ता समालोचक र तिनका कृतिहरूमा यज्ञराज सत्यालको **नेपाली साहित्यको भूमिका** (२०१७), डिल्लीराम तिमसिना र माधव भण्डारीको **हाम्रो साहित्य र साहित्यकारहरू** (२०१८), रत्नध्वज जोशीको **आधुनिक नेपाली साहित्यको झलक** (२०२१), बालचन्द्र शर्माको **नेपाली साहित्यको इतिहास** (२०३९), तारानाथ शर्माको **नेपाली साहित्यको इतिहास** (२०२७), शरदचन्द्र शर्मा भट्टराईको **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल, २०३७), दयाराम श्रेष्ठ र मोहनराज शर्माको **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४), दयाराम श्रेष्ठको **प्राथमिक कालको नेपाली साहित्य : इतिहास र परम्परा** (२०३८), रामप्रसाद दाहालको **सिङ्गो नेपाली भाषा साहित्येतिहास र साहित्यकारहरूको परिचय** (२०५४), घनश्याम नेपालको **नेपाली साहित्यको परिचयात्मक इतिहास** (२०४५) आदि प्रमुख छन् ।

# अध्याय पाँच

## उपसंहार

इतिहासपरक समालोचना सजिलो विषय होइन, यसमा समालोचकले इतिहास र समालोचकीय दृष्टिबाट सन्तुलन कायम गरेर आफ्नो बौद्धिकतालाई पाइलापाइलामा सचेततापूर्वक प्रयोग गर्नुपर्दछ । त्यसैले कुनै पनि समालोचकले साहित्येतिहासका सिद्धान्तका साथसाथै सामान्य इतिहाससम्बन्धी अवधारणाबाट समेत परिचित हुनु आवश्यक देखिन्छ । सामान्य इतिहाससरह नै साहित्येतिहासका पनि आफ्नै सैद्धान्तिक अवधारणाहरू हुनाले ऐतिहासिक संदृष्टिको अभावमा लेखिएको इतिहास अवश्य पनि व्यवस्थित बन्न सक्दैन । इतिहासपरक समालोचना लेख्नका लागि इतिहासलेखनको अनुशासन र सैद्धान्तिक अवधारणासम्बन्धी व्यवस्थित ज्ञानको खाँचो पर्दछ । इतिहासपरक समालोचना अनुसन्धान, अध्ययन, विश्लेषण र मूल्याङ्कनको समष्टिगत प्रयास हो ।

साहित्येतिहासको स्वरूप एवम् परिभाषालाई आँकलन गर्ने क्रममा एकातिर रूपवादीहरूले आफ्नै किसिमका अवधारणाहरू अगाडि सार्दछन् भने अर्कातिर वस्तुवादीहरूले पनि आफ्नै किसिमका मतलाई स्थापति गर्न खोज्छन् । त्यस्तै यसको स्वरूपका बारेमा पनि विद्वान्हरूका दुई धार देखापरेका छन् । एकथरि विद्वान् साहित्येतिहासलाई समालोचनाको एउटा प्रकार मान्दछन् भने अर्काथरि विद्वान्हरू ऐतिहासिक समीक्षालाई साधारण समीक्षाभन्दा सर्वथा भिन्न सम्झनुपर्ने राय व्यक्त गर्दछन् । वास्तवमा इतिहास र समालोचना दुवैको मिश्रित रूप इतिहासपरक समालोचना हो । यो न समालोचना मात्र हो न इतिहास मात्र । यसमा कल्पना शक्तिको पनि उच्च मूल्याङ्कन हुन्छ । त्यसैले तथ्य सामग्रीहरूको विवरणमात्र पनि इतिहासपरक समालोचना होइन यसमा काल विभाजन, कार्य-कारण सम्बन्ध, कल्पना, इतिहासवाद र मूल्यनिर्णय अन्तर्निहित रहन्छन् र योजना, विधि र प्रस्तुतीजस्ता पद्धतिको क्रमबद्धता रहने गर्दछ । साहित्येतिहासका यी सबै सैद्धान्तिक अवधारणाहरूले इतिहासपरक समालोचनालाई एउटा सुस्पष्ट दिशानिर्देश गरेका हुन्छन् ।

नेपाली काव्यरचनाका क्रममा विकसित भएको द्रष्टाचेतबाट क्रमशः विस्तारित हुँदै वि.सं.१९४८को **कवि भानुभक्त आचार्यको जीवनचरित्र** बाट समालोचकीय प्रचेष्टा देखाएको नेपाली समालोचनाका क्षेत्रमा इतिहासपरक नेपाली समालोचना विधिवत् उठान भने बाबुराम आचार्यको **पुराना कवि र कविता** (२००३) बाट भएको हो । आचार्य यसका कृतिमा कविता विधासँग मात्र सम्बन्धित भए पनि उनले यहाँ नेपाली कविता इतिहासमा कालसचेतना भित्र्याएर कालविभाजनको सामान्य प्रारूप उभ्याएका छन् । यसपछि ईश्वर बरालले विधागत आधारमा इतिहासपरक समालोचना लेख्ने कार्य गरे जुन विधा इतिहासको मानदण्ड स्थापित गर्ने हिसाबले अति महत्त्वपूर्ण छ । साहित्यमा विभिन्न विधाको सैद्धान्तिक मानदण्ड तयार पार्दै साहित्येतिहासलाई कालविभाजनका सूत्रमा आबद्ध गर्ने बराल इतिहासपरक नेपाली समालोचनाका दरिला स्तम्भ हुन् ।

साहित्येतिहासका अनुशासनमा रहेर यसका प्रमुख तत्त्वहरू (कालविभाजन, कालक्रम, जीवनी र कल्पना) को निर्वहण गर्दै लेखिएको यज्ञराज सत्यालको **नेपाली साहित्यको भूमिका** (२०१७), नेपाली साहित्यको पहिलो इतिहासग्रन्थ हो । यसपछि इतिहासपरक नेपाली समालोचना साहित्येतिहासका सैद्धान्तिक मान्यता अनुरूप वर्णनात्मक तथा विवरणात्मक लेखनतर्फ अग्रसर हुँदै गएको छ । त्यसैले वि.सं. २०१७ इतिहासपरक नेपाली समालोचनाको त्यस्तो विन्दु हो जहाँबाट इतिहासपरक समालोचनाको प्रथम चरण सुरु हुन्छ । यस पूर्व भएका सम्पूर्ण इतिहासपरक समालोचना लेखनका कार्यहरूलाई सम्पूर्णता र सैद्धान्तिकताका हिसाबले प्रारम्भिक प्रयास नै सम्झनुपर्ने हुन्छ । इतिहासपरक नेपाली समालोचनाको प्रथम चरणमा देखिने अन्य कृतिहरूमा **हाम्रो साहित्य र साहित्यकार** (२०१८), **आधुनिक नेपाली साहित्यको झलक** (२०२१), कृष्णप्रसाद पराजुलीको **पन्ध्र तारा र नेपाली साहित्य** (२०२४) महत्त्वपूर्ण छन् ।

वि.सं. २०२७ यता डा. तारानाथ शर्माबाट इतिहासपरक नेपाली समालोचनाको दोस्रो चरण थालिन्छ । यस चरणको मुख्य विशेषता भनेको आलोचनात्मक तथा विश्लेषणात्मक साहित्येतिहासहरू लेखिनु, विदेशी भाषामा समेत नेपाली साहित्यका

इतिहासहरू तयार पारिनु, साहित्यको विधागत वर्गीकरण गरेर तत्तत् विधाको क्रमबद्ध इतिहासपरक समालोचना गरिनु, तथा साहित्येतिहासलेखनका मानक सिद्धान्तहरूको परिपालन हुनु आदि रहेका छन् । यस चरणमा इतिहासपरक नेपाली समालोचनाले निकै मौलाउने अवसर प्राप्त गरेको छ । यस चरणका उल्लेखनीय साहित्येतिहासहरूमा **नेपाली साहित्यको इतिहास** (२०२७), **आधुनिक नेपाली कविता** (२०२८), **विश्वसाहित्यको रूपरेखा** (२०३०), **नेपाली साहित्यको इतिहास** (२०३१, हिन्दीमा), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४), **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ** (२०५९), **विचार र व्याख्या** (२०४०), **प्राचीन गद्याख्यान** (२०४२), **माध्यमिक नेपाली गद्याख्यान** (२०५०), **सिङ्गो नेपाली भाषा साहित्यको इतिहास** (२०५४), **नेपाली साहित्य इतिहासको रूपरेखा** (१९९८ई.), **नेपाली साहित्यको इतिहास** (प्रथम खण्ड, २०६०) आदि उल्लेखनीय छन् ।

समयसमयमा विभिन्न संघसंस्थाहरूले गरेका भेला गोष्ठी आदिले पनि नेपाली साहित्यको मानक र क्षेत्रगत इतिहासलेखन कार्यमा गरेको योगदान कम महत्त्वको छैन । यस सन्दर्भमा नेपाली साहित्य संस्थानले आयोजना गरेको साहित्य सेमिनार, २०२२ सालमा आयोजित देशव्यापी नेपाली साहित्य सेमिनार, २०२८ सालमा नेपाल प्रज्ञाप्रतिष्ठानमा भएको साहित्यको बालविभाजन सम्बन्धी परिचर्चा गोष्ठी, २०३४ मा आयोजित बृहत् साहित्यिक भेलाबाट इतिहासपरक नेपाली समालोचना प्रशिक्षित बन्दै गएको तथ्य उल्लेखनीय छ । यसका अलावा विभिन्न विधाहरू पृथकपृथक् साहित्येतिहास तयार पार्ने कार्य पनि यस अवधिमा भएको छ । इतिहासपरक नेपाली समालोचनालाई परिपुष्ट बनाउन विभिन्न विद्वान्हरूले जिल्ला, अञ्चल वा क्षेत्रगत आधारमा त्यसको साहित्येतिहास विश्लेषण गर्दै तयार पारेका समालोचकीय ग्रन्थहरूको योगदान पनि उल्लेखनीय छ ।

इतिहासपरक नेपाली समालोचना लोकसाहित्यको इतिहासतर्फ पनि देखिएको छ । नेपाली लोसाहित्य र त्यसको इतिहासतर्फ आफ्नो ध्यान ढल्काउँदै लोकजीवनमा छिपेर रहेका लोकसाहित्यको खोजी, व्याख्या र त्यसको ऐतिहासिक मूल्याङ्कन गर्ने काम पनि समालोचकहरूले गरेका छन् । इतिहासका कुनै कालखण्डमा विशेष चर्चित रहेका

तर वर्तमानमा समाजको पुरानो पिँढीमा धर्मराउँदै बाँचेको लोकसाहित्यलाई सङ्कलन गरेर त्यसलाई मूल्याङ्कन गर्ने कार्य यस अवधिमा प्रशस्त भएको छ । यस्ता समालोचकहरूमा कृष्णप्रसाद पराजुली, मोतीलाल पराजुली, चूडामणि बन्धु, तुलसी दिवस, हंसपुरे सुवेदी, धर्मराज थापा, जीवेन्द्रदेव गिरी, सुवि शाह आदि महत्त्वपूर्ण छन् ।

इतिहासपरक नेपाली समालोचना इतिहासमा लुकेर अप्राप्त वस्तहरूको प्राप्ति प्रयास र प्राप्त वस्तुहरूको व्यवस्थित संयोजन गरी दुई ढङ्गले अगाडि बढेको छ । इतिहासका गर्भमा रहेका सामग्रीहरूलाई पाठकसामु उभ्याउनुले नै वास्तविक रूपमा इतिहासपरक समालोचनाको विकास र विस्तारमा योगदान पुऱ्याएको हुन्छ । सामग्री निकाल्नुहोस् वा निकालिएका सामाग्रीलाई सैद्धान्तिकताका आधारमा व्यस्थित गर्नुहोस् यी दुवै इतिहासपरक समालोचनाका हिसाबले महत्त्वपूर्ण छन् । नेपाली समालोचनाको क्षेत्रमा विश्लेषणको आधार बनाईदिने समालोचकहरू र आधार पाएपछि विश्लेषक बनेका विद्वानहरू दुवैको उल्लेखनीय योगदान रहेको छ । सामग्रीको प्राप्तिपश्चात पूर्वस्थापित सत्यहरू ध्वस्त बन्ने र नयाँ सत्यका स्थापना हुने नियम इतिहासपरक नेपाली समालोचनामा पनि प्रशस्त लागु भएको देखिन्छ ।

इतिहासपरक नेपाली समालोचनालाई सर्वद्धित गर्ने कार्यमा महत्त्वपूर्ण जिम्मेवारी बहन गरेको अर्को क्षेत्र हो -विधागत आधारमा गरिएको समालोचना । निश्चित विधालाई केन्द्रमा राखेर त्यसमा रहेका सम्पूर्ण प्रतिभा अनि प्रतिभाद्वारा सिर्जत कृतिको मूल्यलाई अध्ययन गरेर उक्त विधाको सिङ्गो साहित्येतिहास प्रस्तुत गर्नुले निश्चय पनि समग्र साहित्यको साहित्येतिहासको मानक निर्माणमा विशिष्टिकृत भूमिका खेलेको हुन्छ । इतिहासपरक नेपाली समालोचनाका क्षेत्रमा देखापरेका झ्यालबाट, हिमालचुली, सयपत्रीजस्ता पत्रिकाहरू, नेपाली उपन्यासका आधारहरू, नेपाली एकाङ्की यात्रा, नेपाली निबन्धयात्रा, कथाको विकासप्रक्रिया, नेपाली नाटकको इतिहास, नेपाली उपन्यास र उपन्यासकार, नेपाली उपन्यास परम्परा र प्रवृत्ति आदि पुस्तक तथा विधागत इतिहासका रूपमा भएगरेका शोधकार्यहरू उल्लेखनीय रहेका छन् ।

व्यापक अध्ययन, विशिष्ट समीक्षणकला तथा प्रभावकारी लेखन नभई इतिहासपरक समालोचनामा उत्कृष्ट बन्न नसक्ने तथ्य सर्वविदितै छ । भनिन्छ यस्ता समालोचकहरूलाई समकालीन परिस्थिति र परमपराको बोध अनिवार्य हुन्छ । यस्ता समालोचकहरू अन्य समालोचकभन्दा पृथक प्रवृति र गाम्भीर्य भएका उदार व्यक्तित्वका रूपमा उभिन्छन् जसमा समन्वयात्मक दृष्टिकोण र सन्तुतिल तवरले विवेचना गर्ने शक्ति अन्यका तुलनामा बढी हुनुपर्दछ । यसर्थ नेपाली समालोचनामा पनि इतिहासपरक समालोचना लेखनको अन्य समालेचनालेखनमा भन्दा कमी महसुस हुन्छ । पर्याप्त साधनाको कमी तथा क्षणिक उत्कर्षतर्फको चाहले नेपाली समालोचकलाई इतिहासपरक समालोचनालेखनबाट विमुख बनाएको हुन सक्छ । तैपनि वर्तमान कालखण्डसम्म इतिहासपरक नेपाली समालोचनाको जुन गति, प्राप्ति र उपलब्धि छ त्यो सर्वथा कम छैन । यसले इतिहासपरक नेपाली समालोचनाको सुदुर भविष्यलाई स्वर्णिम बनाउन अवश्य सक्छ । खाँचो केवल आँट साहस र धैर्यताको नै हो । यसैको विकास र विस्तारले नै विवादका भूमरीमा रुमल्लिएको नेपाली साहित्यको इतिहासले आफ्नो मानक रूपनिर्धारण गर्दै नयाँ मूल्यको आगमन गर्न सक्नेछ ।

## सन्दर्भग्रन्थसूची


उपाध्याय, श्रीरामप्रसाद, ***इतिहास शिक्षण विधि,*** (दो.सं.) काठमाडौं : रत्नपुस्तक भण्डार, २०५० ।

थेगिम, शोभाकान्ति, ***नेपाली समालोचनाको परम्परा : मूल्याङ्कन र विश्लेषण,*** सौरभ प्रकाशन सिक्किम, सन् १९९२ ।

बन्धु, चूडामणि, (सम्पा.) ***नेपाली साहित्यको इतिहास*** (प्रथम खण्ड), काठमाडौं : नेप्रप्र, २०६० ।

भट्टराई, देवबहादुर, ***नेपाली साहित्यको काल-विभाजनमा पाइने मत-मतान्तर*** (अ.प्र.) स्नातकोत्तर नेपाली शोधपत्र, त्रि.वि., २०६२ ।

शर्मा, राजनाथ, ***हिन्दी साहित्यका विवेचनात्मक इतिहास,*** (ते.सं.) आग्रा : विनोद पुस्तक मन्दिर, सन् १९९२ ।

शर्मा, तारानाथ, ***नेपाली साहित्यको इतिहास*** (चौ.सं.), काठमाडौं : अक्षर प्रकाशन, २०५६ ।

शिवकुमार, ***हिन्दी साहित्यका इतिहासदर्शन,*** दि मैकमिलन कम्पनी अफ इन्डिया १९७८ ई. ।

सिन्हा, आशा, ***हिन्दी साहित्यकी कुछकुछ,*** जलेश्वर : जनकपुर अञ्चल शिक्षा समिति, २०३६ ।

सुवेदी, राजेन्द्र, ***नेपाली इतिहासको लेखनमा देखापरेका त्रुटि र निराकरणका सम्भावनाहरू*** (अभियान साहित्य प्रतिष्ठानद्वारा २०५२/०३/२० मा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र)

_________, ***नेपाली समालोचनाको परम्परार प्रवृत्ति,*** वाराणसी : भूमिका प्रकाशन २०६१ ।

श्रेष्ठ, दयाराम, ***साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ,*** काठमाडौं : त्रिकोण प्रकाशन, २०४९ ।